श्री बौद्धनाथ क्षेत्र विकास समिति

बौद्ध-६, काठमाडौं

# बौद्ध महास्तूपको मूर्त सम्पदा संस्कृति अध्ययन तथा अभिलेखिकरण

## अध्ययन प्रतिवेदन




प्रस्तुतकर्ता

समाज अध्ययन प्रतिष्ठान

बौद्ध-६, काठमाडौं

## बौद्ध महास्तूपको मूर्त सम्पदा संस्कृति अध्ययन तथा अभिलेखिकरण

## अध्ययन प्रतिवेदन

### पृष्ठभूमि

नेपालका प्रसिद्ध बौद्ध तीर्थस्थल मध्ये एक प्रमुख तीर्थस्थल बौद्ध महास्तूप काठमाडौं उपत्यकाको पूर्वी उत्तर भागमा अवस्थित रहेको छ। संसारकै सबैभन्दा ठूलो गोलाकार भएको यो स्तूप सन् १९७९ मा युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत भएको हो। करिब ८२,३४० वर्गफिट क्षेत्रफलमा फैलिएको यस स्तूपको गर्भगृहको व्यास १०० फिट छ भने उचाइ १३१.२ फिट रहेको छ (लामा, २०६१)। सप्त तथागतमध्ये एक काश्यप बुद्धको अस्थिधातु राखी निर्माण गरिएको विश्वास गरिने यस स्तूप विश्वमा रहेका स्तूपहरूमध्ये सबैभन्दा विशाल स्तूप हो। त्रिकाल बुद्धको चित्तको प्रतीक मानिने यस स्तूपलाई भगवान् बुद्धले सम्यक् सम्बुद्धत्व लाभ गर्नुभएको घटनासँग सम्बन्धित बोधिचैत्य पनि भनिन्छ। महायान बौद्ध परम्पराको केन्द्रबिन्दुको रूपमा रहेको बौद्ध स्तूपलाई चिन्तामणिरत्न अर्थात् जुनसुकै मनोकामना पूरा गर्ने रत्नको प्रतीक पनि मानिन्छ। बौद्ध सम्पदा क्षेत्र विशेषतः काठमाडौं उपत्यकाभित्र तामाङ समुदायको आदिम कालदेखी बसोबास रहेको एवं बाहुल्यता रहेको तामाङ सम्पदा क्षेत्र हो। साथै हाल यस क्षेत्रमा नेवार, तिब्बती, शेर्पा, लगायतका जातजातिको समेत बसोबास भएकोले यो क्षेत्र तामाङसँगै विविध जातजातीको साझा सम्पदा क्षेत्रको रूपमा रहेको छ। यस स्तूपलाई तामाङ लगायत हिमाली बौद्ध समुदायहरूले खास्योर, ज्यारुङ खास्योर, खास्योर छ्योर्तेन, नेवारी समुदायले खास्ती चैत्य एवम् आम रूपमा बौद्धस्तूप, बौद्ध चैत्य आदि विविध नामबाट पनि सम्बोधन गरिएको पाइन्छ।

बौद्ध स्तूपको निर्माण र बनावटको शैलीको आधारमा अशोककालमा (ईसा पूर्व २६९-२३२) निर्माण भएको आकलन गर्न सकिन्छ। साथै, साक्य माइपोले बौद्धस्तूपको जीर्णोद्धारको क्रममा राजा अंशुवर्मा (६०५–६२१ शासनकाल) को अस्थिधातुलाई स्तूपको प्राणस्तम्भ (सोकसिङ) मुनि भेटाएको तथ्यले अंशुवर्माको मृत्यु समयताका यसको विस्तारित स्वरूप निर्माण भएको मान्न सकिन्छ । (Ehrhard, 2013, p.100) यसर्थ, तिब्बतमा बौद्धधर्म फैलिनु अगावै बौद्ध स्तूपको स्थापना र प्रतिष्ठापन भईसकेको थियो (तामाङ, २०६१)। यस्तै बौद्ध स्तूप निर्माण सम्बन्धी हाल हिमाली बौद्ध समुदायमा प्रचलित अवधारणा तथा व्याख्याहरू बौद्ध स्थापना काल र त्यसपश्चातको विभिन्न कालखण्डमा स्थानीय तामाङ समुदायले मौखिक रूपमा विकास गरेका जनश्रुतिहरू हुन्। दक्षिण भारतवर्षमा वैदिककालमै स्तूपको अवधारणा विकास भएको देखिन्छ, जसको शाब्दिक अर्थ सञ्चित गर्नु, एकत्रित गर्नु, उठाउनु, स्मृति चिन्ह वा चिता हो (रञ्जितकार, २०५८, पृ.३२)। वैदिक कालमा मानिस मरेपछि गाड्ने वा जलाउने दुवै प्रचलन थिए। विशिष्ट व्यक्ति जस्तै राजा महाराजा, साधुसन्त आदि मरेपछि गाड्ने वा उनीहरूको शरीर जलाई बाँकी हुन आएको अस्थिधातु राखेर गाडेर पुरेको भागमा अण्डाकार ढिस्कोको जस्तो बनाई त्यसको मध्यभागमा एउटा बाँस वा रुखको काठ गाड्ने प्रचलन रहेको थियो। यसैलाई स्तूपको प्राचीन स्वरूप भनी रहेको आकलन गर्न सकिन्छ। बौद्ध धर्मको विकास भएपश्चात पनि वैदिक परम्पराको आधारमा बौद्ध स्तूपको व्याख्या तथा निर्माण गर्ने मान्यता स्थापित भयो। बौद्ध परम्परामा स्तूप भनेको गुरु वा अर्हतहरूको स्मृतिलाई अमर बनाउन बनाइएको पवित्र संरचना हो। यस प्रकारको संरचना निर्माणको मुख्य उद्देश्य आफ्ना गुरु वा आत्मीय व्यक्तिहरूसँग सम्बन्धित पवित्र वस्तुहरूलाई सुरक्षित राख्नु हो। यी अस्थिधातु वा सामग्रीहरू जमिनको सतहमा राख्दा नष्ट हुने वा हराउने जोखिम हुँदा, तिनीहरूलाई दीर्घकालीन संरक्षण गर्न स्तूपहरूको निर्माण गरिएको हो (राजल र खतिवडा, २०५५, पृ.५५)। प्राचीन बौद्ध ग्रन्थ महापरिनिर्वाण सूत्र अनुसार बुद्धले महापरिनिर्वाणमा प्रवेश गर्नुभन्दा ठीक अघि उनका प्रिय शिष्य आनन्दले तथागत (बुद्ध) का कलाकृतिहरू र अवशेषहरूलाई कसरी सम्मान तथा सुरक्षित गर्ने भन्ने प्रश्नमा चक्रवर्ती राजाको लागि निर्माण गरिने स्तूप जस्तै चार राजमार्गहरूलाई जोड्ने चार सडकहरू मिल्ने चौबाटोमा स्तूप निर्माण गर्नु भनी उत्तर दिएका

थिए(Fabiola, 2024, p.49) ८० वर्षको उमेरमा ई. पू. ४८३ मा भारतको कुशीनगरमा गौतम बुद्धको महापरिनिर्वाण भएपछि बुद्धको अस्तिधातुलाई विभिन्न महाजनपदहरूले आपसमा बाँडेर ८ वटा मुख्य स्तूप बनाएका थिए (Karki & Shrestha, 2016)

सम्राट अशोकले बुद्धका अस्थिधातु समाधिस्थ गरिएका ८ स्तूपमध्ये ७ स्तूपको अस्तिधातुहरू निकाली ८४ हजार स्तूपहरू निर्माण गरी बौद्ध धर्मको प्रचारप्रसार गरेका थिए। आठ वटा मध्ये एउटा स्तूप नेपालस्थित रामग्राममा रहेको र उक्त स्तूप उत्खनन् गर्न खोज्दा जंगली प्राणीहरू र नागहरूले रक्षा गरिरहेको हुँदा उत्खनन गर्न सकेनन् भन्ने जनश्रुति छ उक्त स्तूप बुद्धकालीन स्वरूप मध्ये एक मानिन्छ सम्राट अशोकले ईसा पूर्व २५५ र २४९ मा लुम्बिनी र कपिलवस्तुको भ्रमण गरेका थिए गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा स्तूप निर्माणका साथै अशोक स्तम्भ खडा गरेका थिए र निग्लिहवामा समेत स्तूप निर्माण गरेका थिए(Karki & Shrestha, 2016, p.8) काठमाडौं उपत्यकामा प्रचलित मान्यता अनुसार सम्राट अशोक स्वयम्भू र पशुपतिस्थित गुह्येश्वरी मन्दिरको दर्शन गर्न जेठी चारुमती सहित इसाको तेस्रो शताब्दीको मध्यतिर नेपाल आएका थिए उक्त समयमा मञ्जुश्रीले बागमती र विष्णुमती नदिको संगममा बसालेको मञ्जुपत्तन सहर मात्र अस्तित्वमा रहेको तथा अन्य सहरहरू अस्तित्वमा आइसकेको थिएन उनले पाटनस्थित भूभागमा र नयाँ सहर बसाली नगरको मध्य र चार दिशामा आदि बुद्धलाई समर्पित गरी स्तूप निर्माण गरेका थिए तत्पश्चात उनी भारत फर्केपनि छोरी आएकी जेठी चारुमती नेपाली भिक्षुणीको रूपमा बसेर र पशुपती नजिकै चारु विहार निर्माण गरिन्(Oldfield, 1880, pp.246-247) बौद्ध स्तूप निर्माण सम्पन्न भएपश्चात बाँकी रहेको ढुङ्गामाटोबाट यो स्तूप निर्माण गरिएको विश्वास गरिन्छ यहि विश्वासका आधारमा तिब्बती लगायत हिमाली समुदायले यस स्तूपलाई 'चालक पे लक'को रूपमा वर्णन गर्दछन् यसर्थ, अशोक कालिन समयमा नै बौद्ध स्तूपको प्रारम्भिक संरचना निर्माण भएको आकलन गर्न सकिन्छ उक्त समयमा काठमाडौं उपत्यका लगायत वरिपरिका क्षेत्रमा किराँती शासन( ईसापूर्व ८०० देखी ईसाको ३००)थियो त्यसपश्चात लिच्छवी कालमा अंशुवर्माको मृत्यु समयतिर यसको विस्तारित स्वरूप निर्माण भएको मानसकिन्छ

मूर्त सम्पदाको अवधारणा:

मूर्त सांस्कृतिक सम्पदा भन्नाले मानिसले आफ्नो ज्ञान, सीप, धार्मिक आस्था, कलात्मक अभिव्यक्ति र सामाजिक जीवनशैलीका आधारमा निर्माण गरेका देखिने वा छुन सकिने विभिन्न सम्पदाहरूलाई बुझाइन्छ यी सम्पदाहरू भौतिक स्वरूपमा रहेको हुँदा तिनलाई प्रत्यक्ष अवलोकन गर्न, प्रवेश गर्न वा मापन गर्न सकिन्छ मूर्त सांस्कृतिक सम्पदाहरूमा भवन, वास्तुकला, स्मारक, मूर्ति, धार्मिक स्थल, कलाकृति, हस्तकला, औजार, पुस्तक तथा अभिलेख, पुरातात्विक स्थल, प्राकृतिक ल्यान्डस्केपसँग जोडिएका सांस्कृतिक संरचना आदि पर्दछन्। यी सम्पदाले कुनै समाजको ऐतिहासिक विकास, धार्मिक अभ्यास, कलात्मक मौलिकता र सांस्कृतिक पहिचानलाई प्रतिबिम्बित गर्दछन् य संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) को १९७२ को विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदा महासन्धि Article 1 अनुसार, मूर्त सम्पदा भनेको मानव निर्मित सम्पूर्ण भौतिक संरचनाहरू हुन्, जसले इतिहास, मानव सृजनात्मकता तथा सांस्कृतिक भिन्नतालाई प्रतिबिम्बित गर्दछ जसअनुसार नैतुङ गाउँपालिकाको सन्दर्भमा (क) धार्मिक स्थलहरूमा- मठ-मन्दिर-देवल, चैत्य-गुम्बा-विहार र देउराली-चौतारीहरू, (ख) ऐतिहासिक संरचनाहरूमा- पुराना गाउँबस्तीहरू, कुलदेवता तथा प्रकृतिपूजास्थलहरू, स्मारक र ढुङ्गे स्तम्भहरू, (ग) प्राकृतिक स्थलहरूमा - ओढार-गुफाहरू, पोखरी-ताल-तलैया, वनजंगल, खोलानाला, डाँडापाखा र निकुञ्जहरू र (घ) दैनिक जनजीवनका उपयोगी संरचनाहरूमा- ढुङ्गे धारा, पाटीपौवाहरू, बाजागाजा, भेषभूषा, गरगहना, पुस्तक-पत्रपत्रिका आदि पर्दछन्। संगठनको परिभाषा अनुसार, मूर्त सांस्कृतिक सम्पदा 'movable and immovable heritage' मा विभाजित गरिएको छ जस अन्तर्गत Movable heritage संग्रहालयमा राखिएका चित्रकला, मूर्ति, हस्तलिखित ग्रन्थ, सिक्का, पुराना औजार, कपडा आदिजस्ता सजिलै सार्न सकिने सम्पदा हुन् भने Immovable heritage गुम्बा, स्तूप, चैत्य, महल, मठ, किल्ला, पुल, पुरातात्विक स्थल, शिलालेख आदिजस्ता स्थायी रूपमा रहेका सम्पदा हुन्

बौद्ध सम्पदा क्षेत्रमा रहेको बौद्ध स्तूप तथा यसलाई घेरिएका गुम्बाहरू, चैत्यहरू, स्वाखाउहरू, शिलालेख, ताम्रपत्र, प्राचीन शिल्प, चित्रशिल्प, प्राकृतिक जलस्रोतहरू, सामाजिक संस्थाहरू लगायतका सम्पदाहरूले धार्मिक र सांस्कृतिक सम्पदाको अत्यन्त धनिभूत स्वरूप प्रस्तुत गर्दछन्। उल्लेखित सम्पदाहरूको समग्रताले नै बौद्ध सम्पदा क्षेत्रलाई उत्कृष्ट सांस्कृतिक, धार्मिक विश्व सम्पदाको रूपमा पहिचान प्रदान गरेको छ। उल्लेखित सम्पदाहरूको धार्मिक सांस्कृतिक विशिष्टतासँगै वास्तुकला, निर्माण शैली र विश्वास प्रणाली तथा मान्यताहरूको स्पष्ट बुझाइ मार्फत नै बौद्ध सम्पदा क्षेत्रको पनि पहिचान तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यापक प्रचार प्रसार गर्न सकिएको खण्डमा बौद्ध महास्तूप तथा समग्र बौद्ध धर्म दर्शनको उजागरका साथै, नेपालको समग्र पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने देखिन्छ। उक्त कार्यका लागि उल्लेखित सम्पदाहरूको वैज्ञानिक संरक्षण, दस्तावेजीकरण र डिजिटल पहुँच सुनिश्चित गर्नु वर्तमान आवश्यकता बनेको छ।

यस अध्ययनको मूल उद्देश्य बौद्धनाथ सम्पदा क्षेत्रमा अवस्थित मूर्त सम्पदाहरूको पुनः अवलोकन, वर्गीकरण, ऐतिहासिक अध्ययन, सांस्कृतिक सन्दर्भ विश्लेषण तथा फोटोग्राफीसहितको डिजिटल सांस्कृतिक सम्पदा सूची (Cultural Inventory) निर्माण गर्नु हो। यस परियोजनाको अन्ततः लक्ष्य सम्पदाहरूको संरक्षण, प्रवर्द्धन, र ज्ञानाधिकार हस्तान्तरणका लागि वैज्ञानिक, डिजिटल र सहभागी दृष्टिकोणमा आधारित स्थायी पूर्वाधार तयार गर्नु हो। यस कार्यबाट बौद्धनाथ क्षेत्रको सम्पदाहरूको प्रमाणिक डिजिटल अभिलेख निर्माण गर्नका लागि आवश्यक सूचना तथा तथ्याङ्कहरू उपलब्ध गराउने छ जसले भविष्यमा बौद्ध सम्पदा क्षेत्रको समग्र मूर्त, अमूर्त सांस्कृतिक सम्पदासम्बन्धी नीति निर्माण, शैक्षिक कार्यक्रम, पर्यटन व्यवस्थापन तथा अन्तर्राष्ट्रिय सहकार्यमा योगदान पुऱ्याउनेछ। यस अध्ययनले अल्टरनेट ईन्फ्रास्ट्रक्चर डेभलपर्स प्रा. लि. सूर्यविनायक, भक्तपुरद्वारा श्री बौद्धनाथ क्षेत्र विकास समितिलाई प्रस्तुत गरिएको "सम्पदाहरूको फोटोग्राफीसहितको *Mobile Application* *तथा QR Code निर्माणसम्बन्धी अन्तिम प्रतिवेदन*" प्रतिवेदनमा समाविष्ट तथ्यहरू अपूर्ण, असङ्गत वा अस्पष्ट देखिएकोले विश्वसनीय र प्रमाणिक जानकारीमा आधारित पुनः अध्ययन गरिएको छ। उक्त अध्ययन प्रतिवेदनमा कतिपय सम्पदाहरू सूचीकृत नै नगरिएको देखिन्छ भने कतिपयको ऐतिहासिक, सांस्कृतिक सन्दर्भ तथा भौगोलिक सूचना अपूर्ण रहेको थियो। साथै, उल्लेखित विवरणहरू पर्याप्त नरहेको, कतिपय सूचना तथा तथ्यहरू विश्वसनीय नरहेको देखिएको परिप्रेक्ष्यमा यस अध्ययनले बौद्ध सम्पदा क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदा स्थलहरूको विस्तृत अध्ययन गर्ने साथै, ती सम्पदाहरूसँग सम्बन्धित सम्पूर्ण तथ्य तथा जानकारीहरू समावेश गरी सम्पदा सूची (Cultural Inventory) निर्माण गरिएको छ।

अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य बौद्ध सम्पदा क्षेत्रको मूर्त सांस्कृतिक सम्पदाअन्तर्गत बौद्ध महास्तूप, गुम्बा लगायत बौद्ध सम्पदा क्षेत्रभित्र रहेका सम्पूर्ण धार्मिक, सांस्कृतिक, पुरातात्विक एवम् प्राकृतिक सम्पदाहरूको पुनः पहिचान, वर्गीकरण, तथा दस्तावेजीकरण गर्ने रहेको छ।

१ बौद्ध सम्पदा क्षेत्रभित्र रहेका सम्पूर्ण धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको पुनः पहिचान, वर्गीकरण र दस्तावेजीकरण गर्ने
२. बौद्धस्थित सम्पदाहरूको ऐतिहासिक, सांस्कृतिक, धार्मिक र भौगोलिक पृष्ठभूमिको गहिरो अध्ययन गर्ने
३. सम्पदाहरूको उच्च गुणस्तरको फोटोग्राफी तथा विवरणसहित डिजिटल अभिलेख तयार गर्ने
४. सम्पदा सूची (Cultural Inventory) लाई वैज्ञानिक, सहभागी र तथ्यमा आधारित ढंगले तयार गर्ने
५. स्थानीय समुदाय, गुठी, संघसंस्था, संरक्षणविद्, र सरकारी निकायहरूबीच सहकार्य र समन्वय सुदृढ गर्ने

अध्ययन विधि:

यस अध्ययनले बौद्ध महास्तूपका साथै यस विश्व सम्पदा क्षेत्रसँग सम्बन्धित अन्य पुरातात्विक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक सांस्कृतिक सम्पदालाई गहिरो रूपमा अन्वेषणका लागि सांस्कृतिक सम्पदा अध्ययनमा प्रचलित मिश्रित अनुसन्धान विधि(Mixed method Approach) का साथै अन्तर्विषयक दृष्टिकोण अवलम्बन गरिनेछ, जसअन्तर्गत गुणात्मक र परिमाणात्मक दुवै विधिको संयोजन तथा समाजशास्त्र, मानवशास्त्र, संस्कृति लगायत विषयका उपयुक्त सैद्धान्तिक दृष्टिकोण र अनुसन्धानसम्बन्धि विधिको अवलम्बन गरिएको छ। तथ्याङ्क संकलनका लागि प्राथमिक र द्वितीयक दुवै स्रोतहरूको प्रयोग गरिएको छ। प्राथमिक तथ्याङ्क संकलन अन्तर्गत स्थल अवलोकन (Site Observation), मुख्य सूचकसँग अन्तर्वार्ता (Key Informant Interview), समूह छलफल (FGD), फोटो, भिडियो तथा अडियो अभिलेखन गरिनुका साथै मूर्त सम्पदाका GPS कोअर्डिनेट, भौतिक अवस्था, प्रयोग अवस्था र जोखिम पक्ष अभिलेख गरिएको छ।

मूर्त सांस्कृतिक सम्पदा विशेषतः भौतिक संरचनाहरू, वास्तुकला, स्मारक, मूर्ति, धार्मिक स्थल, कलाकृति, हस्तकला, औजार, पुस्तक तथा अभिलेख, पुरातात्विक स्थल, प्राकृतिक स्थानहरूसँग जोडिएका सांस्कृतिक संरचना रहेका र ती सम्पदाले स्थानीय समुदायको ऐतिहासिक विकासक्रम, धार्मिक अभ्यास, कलात्मक मौलिकता र सांस्कृतिक पहिचानलाई प्रतिबिम्बित गरेको हुन्छ। यसर्थ, यस अध्ययनले उल्लेखित अध्ययन विधि अन्तर्गत बौद्ध विश्व सम्पदा क्षेत्रमा अवस्थित मूर्त सांस्कृतिक सम्पदाहरूको विस्तृत विवरणात्मक तथ्याङ्कहरू संकलन गरिएको छ, जसमा विशेषतः ती सम्पदासँग सम्बन्धित ऐतिहासिकता, कला तथा बनावट शैली, वर्तमान अवस्था तथा धार्मिक, सांस्कृतिक महत्व एवम् विशेषताहरूको विस्तृत अध्ययन गरेको छ।

साथै, गुणात्मक अनुसन्धान ढाँचामा सामान्यतया अर्ध संरचित अन्तर्वार्ता, सहभागी अवलोकन, समूह छलफल, मौखिक इतिहास संकलन, र दस्तावेज विश्लेषण विधिहरू मार्फत तथ्याङ्कहरू सङ्कलन गरिने छ। यी विधिहरूमार्फत अन्वेषकहरूले स्थानीय तामाङ समुदाय लगायतका अन्य बासिन्दाहरूको बौद्ध महास्तूप तथा समग्र बौद्ध सम्पदा क्षेत्रसँग सम्बन्धित मूर्त सांस्कृतिक सम्पदाहरूको बारेमा विस्तृत, वर्णनात्मक सूचना तथा जानकारी सङ्कलन गरिने छ। बौद्ध क्षेत्रका स्थानीय तामाङ समुदाय लगायत अन्य समुदायका अग्रज, बुद्धिजीवी, सांस्कृतिक अभ्यासकर्ता लगायतको पहिचान गरी उहाँहरूको जीवन्त अनुभव, धारणा साथै बौद्धसँग सम्बन्धित स्मृति तथा दृष्टिकोणलाई केन्द्रमा राखी अध्ययन गरिएको छ।

अध्ययन विधि:

१. सम्पदा पहिचान र प्रारम्भिक सूची निर्माण

बौद्ध सम्पदा क्षेत्रमा अवस्थित मूर्त सांस्कृतिक सम्पदाहरूको पहिचान गरी उक्त सम्पदाहरूको स्थलगत अध्ययन गरिएको छ। ती सम्पदाहरूको अवस्थिति, बनावट तथा संरचनाका साथै वर्तमान अवस्थाको अध्ययनका लागि स्थलगत रूपमा अध्ययन गरिएको थियो। साथै, ती सम्पदाहरूसँग सम्बन्धित प्रकाशनमा आएका अघिल्ला प्रतिवेदन, अभिलेख र कागजातहरूको समीक्षात्मक अध्ययन गरिएको छ। अल्टरनेट इन्फ्रास्ट्रक्चर डेभलपर्स प्रा. लि. सुर्यविनायक, भक्तपुरद्वारा श्री बौद्धनाथ क्षेत्र विकास समितिलाई प्रस्तुत गरिएको "*सम्पदाहरूको फोटोग्रामेट्रिसहितको Mobile Application तथा QR Code निर्माणसम्बन्धी अन्तिम प्रतिवेदन*" प्रतिवेदनमा समाविष्ट तथ्यहरूको विस्तृत रूपमा समीक्षात्मक अध्ययन गरिएको छ। बौद्ध सम्पदा क्षेत्रको विषयमा सम्बन्धित विज्ञहरू, स्थानीय जानकारहरू र समुदायसँग अन्तर्वार्ता गरिएको छ।

## २. तथ्याङ्क संकलन र विश्लेषण

सम्पदा सूचीका लागि प्राथमिक तथ्याङ्कका रूपमा बौद्ध सम्पदा क्षेत्रमा अवस्थित मूर्त सांस्कृतिक सम्पदाहरूको नाम, अवस्थिति, प्रकार, इतिहास, सामाजिक-सांस्कृतिक विशेषता एवम् महत्व आदिको विस्तृत विवरण संकलन गरिएको छ। उल्लेखित सम्पदाहरूको विस्तृत विवरण तथा जानकारी संकलन उल्लेखित सम्पदाहरूसँग सम्बन्धित छ लगायत प्रकाशित सामग्रीहरू (पुस्तक, लेख, ऐतिहासिक दस्तावेजहरू, शिलालेख लगायतका अन्य स्रोतहरू)को अध्ययन तथा विश्लेषणका साथै बौद्ध सम्पदा क्षेत्रका स्थानीय समुदायको उल्लेखित सम्पदाहरूसँग सम्बन्धित सूचना तथा जानकारीको आधारमा विवरण संकलन तथा विश्लेषण गरिएको छ। उल्लेखित सम्पदाहरूको स्थलगत पहिचानका लागि प्रत्येक सम्पदाको GPS कोअर्डिनेट संकलन गरिएको छ साथै, उल्लेखित सम्पदाहरूसँग सम्बन्धित पुरानो तस्विर र अभिलेखहरूसँग तुलना तथा विश्लेषण गरिएको छ। यसका साथै, बौद्ध सम्पदा क्षेत्रमा अवस्थित मूर्त सांस्कृतिक सम्पदाहरूको बहुआयामिक कोणबाट फोटो खिच्ने कार्य गरिएको छ।

## ३. तथ्याङ्क विश्लेषण र सम्पदा सूची निर्माण

बौद्ध सम्पदा क्षेत्रमा अवस्थित मूर्त सांस्कृतिक सम्पदाहरूसँग सम्बन्धित संकलित तथ्याङ्क, सूचना र जानकारीहरूको विस्तृत रूपमा संकलन गरि वर्गीकरण, विश्लेषण गरिएको छ। यस अध्ययनले बौद्ध विश्व सम्पदा क्षेत्रमा अवस्थित मूर्त सांस्कृतिक सम्पदाहरूको विस्तृत विवरणात्मक तथ्याङ्कहरू संकलन गरिएको छ, जसमा विशेषतः ती सम्पदासँग सम्बन्धित ऐतिहासिकता, कला तथा बनावट शैली, वर्तमान अवस्था तथा धार्मिक, सांस्कृतिक महत्व एवम् विशेषताहरूको समाहित बुझाइमा एकरूपता कायम गर्न उपलब्ध स्रोत सन्दर्भ सामग्रीको गहन अध्ययनका साथै, ती सम्पदाहरूसँग सम्बन्धित स्थानीय समुदायको विश्वास प्रणाली, मान्यता एवम् बुझाइको आधारमा विश्लेषण गरि सम्पदा सूची तयार गरिएको छ। प्रतिवेदनले उल्लेखित सम्पदाहरूको सर्वव्यापी मान्यता तथा बुझाइका साथै स्थानीय समुदायको बुझाइको तुलनात्मक अध्ययन गर्दै समाहित बुझाइमा एकरूपता कायम गर्नका लागि यस अध्ययनले निर्देशक सिद्धान्तको रूपमा आधार निर्माण गर्नेछ।

सम्पदा सूचीमा मूर्त सम्पदा अध्ययन अनुसन्धानमा हाल प्रचलित अभ्यास अनुरूप सम्पदाहरूको सरल र सहज रूपमा वैज्ञानिक र व्यवस्थित अभिलेखन कार्यका लागि विवरणहरूलाई वर्गीकरण गरिएको छ। जसअन्तर्गत निम्न बमोजिमको सूचीक्रम निर्धारण गरिएका छन्। उल्लेखित सूचीक्रममा सम्पदाको प्रकृति अनुसार केही परिमार्जन गरिएका छन्।

क्र.सं. १. ID: प्रत्येक सम्पदाको विशिष्ट ID तोकिएको छ, जसले सम्बन्धित सम्पदाको सहज पहिचान दिनेछ।

क्र.सं. २. नाम: यस खण्डमा सम्पदाको हाल स्थानीय समुदायमा प्रचलित नामका साथै अन्य समुदायमा प्रचलनमा रहेको र आधिकारिक नाम उल्लेख गरिएको छ।

क्र.सं. ३. मूर्त सम्पदाको प्रकार: सम्पदाको प्रकार उल्लेख गरिएको छ।

क्र.सं. ४. फोटो ID: प्रत्येक सम्पदाको विशिष्ट फोटो ID तोकिएको छ, जसमा सम्पदाको बहुआयामिक फोटोहरूको सहज पहुँच र पहिचान गरिएको छ।

क्र.सं. ५. आयामहरू: सम्पदाको आयामहरू अर्थात सम्पदाको उचाइ, क्षेत्रफल आदिको उल्लेख गरिएको छ।

क्र.सं. ६. ऐतिहासिकता: सम्पदाको ऐतिहासिक विकासक्रमको बारेमा उल्लेख गरिएको छ।

क्र.सं. ७. स्थान: सम्पदाको स्थान परिचय अर्थात सम्पदाको अवस्थितिका साथै G.P.S. Tracking का लागि देशान्तर (Longitude) र अक्षांश (Latitude) सहित आवश्यक प्राविधिक जानकारी उल्लेख गरिएको छ

क्र.सं. ८. सम्पदाको विवरण: सम्पदाको विस्तृत विवरण विशेषता: निर्माण शैली, आकारप्रकार, बनावट सामग्री लगायत विवरणहरू उल्लेख गरिएका छन्

क्र.सं. ९. सम्पदाको धार्मिक, सांस्कृतिक महत्व: सम्पदाको धार्मिक, सांस्कृतिक महत्व र विशेषताहरूको विवरण उल्लेख गरिएका छन्

क्र.सं. १०. सम्पदासँग सम्बन्धित जनश्रुती: सम्पदासँग सम्बन्धित जनश्रुती, मिथक किंवदन्ती भएको खण्डमा उल्लेख गरिएको छ

क्र.सं. ११. सम्पदाको वर्तमान अवस्था र जोखिमहरू: सम्पदाको वर्तमान अवस्था र जोखिम स्थितिबारे सल्लाह सुझाव उल्लेख गरिएको छ

त्यसैगरी सम्पदाहरूको अवस्थिति र प्रकारको आधारमा सम्पदाहरूलाई निम्न बमोजिमको खण्डमा विभाजन गरिएका छन्

खण्ड १. बौद्ध महाचैत्य परिसरभित्र रहेका सम्पदाहरूको सूची

खण्ड २. बौद्ध सम्पदा क्षेत्र अन्तर्गत रहेका धारा, कुवाहरू सम्पदाहरूको सूची

खण्ड ३. बौद्ध सम्पदा क्षेत्र अन्तर्गत रहेका अन्य धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको सूची

खण्ड ४. बौद्ध सम्पदा क्षेत्र अन्तर्गत रहेका गुम्बाहरूको सूची

## निष्कर्ष

यस अध्ययनले विश्व सम्पदा सूचीमा सूचीकृत बौद्ध सम्पदा क्षेत्रको सम्पूर्ण मूर्त सांस्कृतिक सम्पदाहरूको पूर्ण र अद्यावधिक सूची (Cultural Inventory) निर्माणका लागि आधार निर्माण गरेको छ बौद्धनाथ क्षेत्रको सम्पदाहरूको व्यवस्थित सूचीकरण, फोटोग्राफी र QR कोड मार्फत जानकारी पहुँचयोग्य बनाउनका लागि आवश्यक तथ्य तथा सूचनाहरूको व्यवस्थित संकलन तथा वर्गीकरण मार्फत यस अध्ययनले विश्व सम्पदा सूचीमा सूचीकृत बौद्ध स्तूप र यससँग सम्बन्धित सम्पदाहरूको संरक्षण र प्रवर्द्धनमा योगदान पुर्‍याउनेछ, साथै स्थानीय तामाङ समुदायको आत्मपहिचान, सांस्कृतिक निरन्तरता र यस क्षेत्रमा आउने स्वदेशी तथा विदेशी पर्यटक, तीर्थयात्रीहरूलाई सहज र सरल ढंगले बौद्ध स्तूप लगायत सम्बन्धित सम्पदाहरूको बारेमा विश्वसनीय सूचना तथा जानकारीहरू उपलब्ध गर्न सकिनेछ, जसले यस सम्पदा क्षेत्रको समग्र विकासका साथै दिगो पर्यटन विकासमा समेत यस अध्ययनले विशेष टेवा पुर्‍याउने देखिन्छ यस अध्ययनबाट प्राप्त जानकारीहरू भावी संरक्षण, नीतिगत योजना, शैक्षिक कार्यक्रम र अन्तर्राष्ट्रिय सहकार्यका लागि उपयोगी हुने विश्वास लिइएको छ अतः यस कार्यका लागि सम्पूर्ण सरोकारवाला निकायहरू (श्री बौद्धनाथ क्षेत्र विकास समिति, काठमाडौं महानगरपालिका, संस्कृति मन्त्रालय आदि) बीच सहकार्यका साथै भावी योजना तथा कार्यक्रमहरू तर्जुमा गर्न यस अध्ययनले मार्गनिर्देशक दस्तावेजको रूपमा कार्य गर्नेछ यस अध्ययनको निष्कर्षले बौद्ध क्षेत्रको समग्र सम्पदाहरूको दीर्घकालीन सम्पदा संरक्षण योजना निर्माणका लागि आवश्यक मार्गनिर्देश गर्नेछ डिजिटल सम्पदा सूचीलाई समय-समयमा अद्यावधिक गर्ने प्रणाली विकसित गर्नका लागि यस अध्ययनले आधार निर्माण गर्नेछ

## खण्ड १. बौद्ध महाचैत्य परिसरभित्र रहेका सम्पदाहरूको सूची

| क्र.सं. | १. | |
|---|---|---|
| १. | ID: | BDH1 |
| २. | नाम | बौद्ध महाचैत्य, ज्यारुङ खस्योर (स्थानीय तामाङ तथा हिमाली बौद्ध समुदाय), खास्ती चैत्य (नेवारी समुदाय) |
| ३. | मूर्त सम्पदाको प्रकार | चैत्य |
| ४. | फोटो ID | BDH1 |
| ५. | आयामहरू | स्तूपको क्षेत्रफल: करिब ८२,६४७ वर्गफिट<br>स्तूपको गर्भगृहको व्यास: १०० फिट<br>स्तूपको उचाइ: १४१.५ फिट<br>वेदिकाको उचाइ: ३४.१ फिट<br>गर्भगृहको उचाइ: २१.७ फिट<br>हर्मिकाको उचाइ: १५.२ फिट<br>त्रयोदश भुवनको उचाइ: २६.३ फिट |
| ६. | ऐतिहासिकता: | बौद्ध स्तूपको निर्माण र बनावटको शैलीको आधारमा अशोककालमा (ईशा पूर्व २६९-२३२) निर्माण भएको आकलन गर्न सकिन्छ भने, मानदेवले बौद्धस्तूपको जीर्णोद्धार गरेको अथवा राजा अंशुवर्मा (६०५–६२१ शासनकाल) को अस्तित्वलाई स्तूपको प्राणस्तम्भ (सोक्सिङ) मुनि भेटिएको तथ्यले अंशुवर्माको मृत्यु समयतिर यसको विस्तारित स्वरूप निर्माण भएको मान्न सकिन्छ । (Ehrhard, 2013, p.100) पश्चात्, तिब्बतमा बौद्धधर्म फैलिँदै आएपछि बौद्ध स्तूपको ख्याति र प्रतिष्ठान बढेकोको थियो (तामाङ, २०८१) |
| ७. | स्थान | अवस्थिति: बौद्ध ६, काठमाडौं महानगरपालिका<br>Lat Long: 27.7210197,85.3618691<br>DMS: 27° 43' 15.67" N \| 85° 21' 42.73" E<br>Elevation: : 4360.32 ft asl. |
| ८. | सम्पदाको विवरण | विद्यमान बौद्धस्तूपको आकार-प्रकार सम्बोधी चैत्य (ज्याङ्छुब छोर्तेन) को हो । भगवान बुद्धले सम्बोधी ज्ञान लाभ गरेको प्रतीकको रूपमा बोधिचैत्यको संरचना र स्वरूप तयार भएको हुन्छ । महायानीहरू बौद्ध परम्परा अनुसार बोधिचित्त उत्पादन गर्ने र सम्बोधी ज्ञान हासिल गर्न बौद्ध साधकहरूका लागि सर्वोत्तम विषय भएको कारण यस स्वरूपको चैत्यको निर्माणलाई विशेष महत्व दिएको हुन्छ त्यसैले यस्तो बोधिचैत्यको निर्माण कार्यले पुण्यको अधिकतम अंश सञ्चय गराउँछ भन्ने विश्वास गरिन्छ । महायान बौद्ध परम्पराको केन्द्रबिन्दुको रूपमा रहेका बौद्धस्तूपलाई चिन्तामणिको प्रतीक पनि मानिन्छ यो स्तूप ईंट, ढुंगा, माटो, काठ, तामा र सुनको प्रयोग गरी निर्माण गरिएको छ यस स्तूपका विभिन्न भागहरू रहेका छन् जसमा प्रत्येक संरचना रहेको आफ्नो छुट्टै विशिष्टकृत अर्थ र महत्व रहेको छ । यसमा पाँचवटा मुख्य तत्वहरू छन् जसलाई सृष्टिका पञ्चतत्वको प्रतीक मानिन्छ स्तूपको जमिन माथिको भाग पेटी (वेदिका) ले पृथ्वी तत्व, त्यसमाथिको गर्भले जल तत्व, तेह्र भुवनले अग्नि तत्व, छत्रावलीले वायु तत्व र त्यस माथिको गजुरले आकाश तत्वको प्रतिनिधित्व गर्दछ |

यस स्तूपको मण्डलबाहिर मानेस्वाँलगायतका कला अर्थात प्रदक्षिणापथ (परिक्रमापथ) रहेको छ जसलाई स्थानीय तामाङ समुदायले 'ला कोरा थालाम' अर्थात देउता परिक्रमा गर्ने बाटो भन्दछन्। मानेस्वाँलको चारै दिशामा कलात्मक ढोकाहरू रहेका छन् , जुन भाग सर्वसाधारणका लागि कुम्भ स्नानमा हुने बाह्र वर्षे मेलामा मात्र खोलिने गरिन्छ प्रदक्षिणापथमा १३७ वटा खोपाहरूमा ९४१ माने (धार्मिकचक्र) हरू छन्, यहि प्रदक्षिणापथमा धर्मावलम्बीहरू "ओम् मणि पद्मे हुँ" मन्त्र जप्दै स्तूपको परिक्रमा गर्दछन्। उक्त मन्त्र जपनाले बाधा व्यवधान, दुःखकष्ट हटी ६ लोक (देवलोक, असुरलोक, मनुष्यलोक, प्रेतलोक, तिर्यक लोक र नर्क लोक)बाट मुक्ति दिलाउने विश्वास गरिन्छ गुरुरिन्पोछे र आचार्यले यस स्तूपको परिक्रमा गरेमा अकल्पनीय र अवर्णनीय पुण्य लाभ हुने कुरा विभिन्न बौद्ध ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ। यस प्रदक्षिणापथको चार दिशामा विद्यमान चतुर महाराजाहरू पूर्वी दिशामा धृतराष्ट्र ( ति. ग्यात्सो पालक्योर सुङ), दक्षिण दिशामा विरूढाक (ति. फाकेपो), पश्चिमी दिशामा विरूपाक्ष (मिकमिजाङ) र उत्तरी दिशामा वैश्रवन (नाम्थोसे) (ति. नामतोस) को मूर्तिहरू रहेका छन् यी चतुर् महाराजाहरूलेले सम्पूर्ण असत्य र अधर्मविरुद्धबाट बौद्ध धर्मको प्रतिरक्षा को प्रतीक मानिन्छ( Karki & Shrestha, 2016) मानेस्वाँलको पश्चिमी दिशामा पश्चिम ढोकाभित्र माने ग्याल (कुवा) रहेको छ, जहाँ बाह्र वर्षमा मनाइने मेलामा पवित्र जल( दूध) निस्किन्छ भन्ने विश्वास रहेको छ स्थानीय वृद्धवृद्धाहरू बाह्र वर्षे मेलामा यस स्थानमा सेतो दूध निस्किएको प्रत्यक्ष देखेको अनुभव सुनाउँछन्। भाग्यमानीले मात्र यस स्थानको जलमा दूध देख्न सक्ने उनीहरूको विश्वास रहेको छ यस स्थानमा सुनको हाँस निस्किने स्रोत रहेको विश्वास रहेको छ प्रत्येक १२ वर्षमा लाग्ने कुम्भ स्नानको मेलाको अवसरमा विशेष पूजा र समयमा कुवामा दूध निस्किने र सुनको हाँस निस्किने विश्वास रहेको छ

यस स्तूपको वेदिका, गर्भकूट, हर्मिका, त्रयोदश भुवन र छत्रमा असंख्य बौद्ध मन्त्रहरू, बुद्ध र बोधिसत्वका मूर्तिहरू प्रतिष्ठापित छन्। यस स्तूपको गोलाकार गर्भ (डोम)लाई ब्रह्माण्डको प्रतीकको रूपमा लिइन्छ गर्भको आधारले आत्मविश्वास, क्रियाकलाप, चेतना, एकाग्रता र प्रज्ञा स्रोतको पञ्चशक्तिलाई प्रतिनिधित्व गर्दछ त्यसैगरी, गर्भले बोधिका सात प्रकारका अंगहरूमा स्मृति, प्रज्ञा, वीर्य, प्रीति, प्रश्रब्धि, समाधि र उपेक्षा को संकेत गर्दछ गर्भद्वीपभित्र १०८ वटा खोपाहरूमा बोधिसत्व, डाकिनी , इष्टदेव, सिद्धहरूको १०८ वटा प्रस्तर मूर्तिहरू रहेका छन्।(लामा र कार्की , २०१७) स्थानीय तामाङ समुदायले उक्त १०८ भगवानलाई बौद्धमार्गी पूर्णिमा को समय तथा विभिन्न चाडपर्वमा फलफूल, पिठोमा टिक्का, गुलियो, ख्वाङ सुकमेल आदि सामग्रीहरू मिसाएर बनाएको नैवेद्य लगायत चढाउने तथा लेमालञ्जामामा नेपालका विभिन्न जिल्लाहरूबाट आउने तामाङ समुदायका तीर्थालुहरूले विशेष पूजा गर्ने गर्दछन्।

स्थानीयका अनुसार यस स्तूपको मासन्थान फाटकको पहिलो तलामा ज्योइमे खाङ( दियो घर) रहेको पुराना तस्वीरमा देख्न सकिन्छ जहाँ अखण्ड दीपको व्यवस्था गरिएको थियो भन्ने जनश्रुति रहेको पाइन्छ कम्बकहुतिया अखण्ड दीप निभेको खण्डमा वज्रयोगिनीबाट बत्ती ल्याई पुनः अखण्ड दीप सुचारु गर्ने गरिन्थ्यो भन्ने भनाइ रहेको छ सो ज्योइमे खाङ (दियो घर) हाल स्तूपको प्रवेश द्वारको बायाँपट्टि भुँई तलामा रहेको छ

यस स्तूपको चारै दिशातर्फ पैतिकको दुईवटा आँखाहरू अंकित वर्गाकार भागलाई हर्मिका भनिन्छ हर्मिकाले चार आर्यसत्य र आर्य अष्टाङ्गिक मार्गहरूलाई प्रतिनिधित्व गर्दछ यी शान्त र गम्भीर भाव झल्काउने नयनहरूलाई प्रज्ञा र उपायको प्रतीकको रूपमा लिने गरिन्छ यी नयनहरूको दृष्टिले मानवका काम, क्रोध, लोभ, मोह, इर्ष्या, क्लेश, आसक्ति नाश भई शान्ति, अहिंसा र सदाचारतर्फ चित्त वा मनलाई एकाग्र बनाउँदछ बौद्ध स्तूपमा सुन्दर नयनहरूले बुद्धको सर्वज्ञतालाई प्रतिनिधित्व गर्दछन् यी नयनहरूले देखेसम्मका मानिसहरू धोका नहुने र बुद्धका यी नयनहरूबाट कुनै पनि कुराहरू छिप्न सक्दैनन्। हर्मिकाको आँखामुनिको प्रश्न चिह्न जस्तो देखिने भागलाई निर्वाणको प्रतीक चिह्न मानिन्छ, जुन पाली भाषामा अंक

| | | |
|---|---|---|
| | | एक हो। दुई आँखाहरूबीच माथि बीचमा रहेको टीकाले ज्ञान पारमिता र एकरुपतालाई प्रतिनिधित्व गर्दछ यो बुद्धको ऊर्णकोष (निधारमा रहेको टिक्ने) को प्रतिकृति हो, जुन केवल सम्यकसम्बुद्धहरूमा मात्र पाइन्छ स्तूपको आँखामुनिको प्रश्नचिह्न तथा नाक स्वरूप चिन्हलाई कुण्डलिका भनिन्छ, जसलाई मानव सुखानुभूतिको प्रतीक पनि भनिन्छ। साथै, दुई आँखाको बीचमा रहेको टीकालाई एकाग्रता र एकताको प्रतीकको रूपमा लिइन्छ। यस स्तूपको तेस्रो खण्ड अर्थात् हर्मिका माथि तेह्रवटा खाकाहरू छन् जसलाई महायानी बौद्ध सिद्धान्त अनुसार प्रत्येक बोधिसत्वले पार गर्नुपर्ने तेह्र भुवन (त्रयोदश भुवन) को रूपमा लिइन्छ जस अनुसार प्रमुदिता, विमला, प्रभाकरी, अर्चिष्मती, सुदुर्जया, अभिमुखी, दूरङ्गमा, अचला, साधुमति, धर्ममेघा, समन्तप्रभा, निरुपमा, ज्ञानवती(वज्रभूमि) गरी तेह्र वटा भुवनहरू पर्दछन्। यी तेह्र खुड्किलाहरूलाई बोधिको खुड्किलाको प्रतीकको रूपमा पनि लिने गरिन्छ। यस स्तूपको तेह्र भुवनदेखि माथि धातु (तामा) बाट बनेको बोटामा रहेको कमलको फूल (छत्र) रहेको छ जसलाई कोमलता, करुणा र सज्जनताको प्रतीकको रूपमा लिइन्छ। सबभन्दा माथि रहेको ध्वजावलीलाई स्तूपका साथै बुद्ध, धर्म र संघका संरक्षकको प्रतीकको रूपमा रहेको छ। ध्वजावलीलाई सम्मान र महाकरुणाको प्रतीक भनिन्छ जसले विश्वकै कल्याणमा वर्तन गर्न मद्दत गर्दछ। यस स्तूपको गजुरको टुप्पोको भागलाई सुमेरु पर्वतको प्रतीकको रूपमा लिने गरिन्छ जसले सर्वोच्चता झल्काउँछ जहाँ पुगेपछि बौद्ध मान्यता अनुसार बोधिसत्वहरू शून्यतामा विलीन हुन्छन्। प्रत्येक स्तूपले बुद्धको बोधिचित्तको प्रतिनिधित्व गर्दछ (लामा र थापा, २०६७) |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | स्थानीय तामाङ लगायत हिमाली बौद्ध समुदायमा ज्यो बुद्धको दर्शन गर्दा पाप, डिक्पाट (क्लेश) मुक्त हुने, स्वयम्भूको दर्शन गर्दा दीर्घायु प्राप्त हुने र बौद्ध स्तूपको कोरा गर्ने र बत्ती बाल्नाले मनले चिताएको मनोकांक्षा पूरा हुने धार्मिक विश्वास रहेको छ। बौद्ध स्तूपलाई आफ्ना सम्पूर्ण मनोकांक्षा पूरा गर्ने छन् अर्थात चिन्तामणिको प्रतीकको रूपमा व्याख्या गरिएको छ। बौद्ध स्तूप निर्माण सम्बन्धि विभिन्न जनश्रुति र त्यसका आधारमा विभिन्न कालखण्डमा लेखिएका धार्मिक ग्रन्थ अनुसार ज्यारुङ खास्योर निर्माण गर्ने क्रममा यसको गर्भमा तथागत काश्यप बुद्धको रिङ्सेल (अस्थिधातु) राखी प्राणप्रतिष्ठा गर्ने समयमा दशौं दिशाका बुद्ध र बोधिसत्वहरू स्वयम् उपस्थित भई पुष्पवृष्टि गराई बौद्ध स्तूप निर्माणमा संलग्न चार दाजुभाइलाई जे जे प्रणिधान गर्छौ, सबै पूरा हुन्छ भनी आशीर्वाद दिएको र ती चार भाइ लगायत अन्यले प्रणिधान गर्दा सम्पूर्ण मनोकांक्षा पूरा भएको किंवदन्ती रहेको छ। यहि जनश्रुतिका आधारमा जसले शुद्ध चित्तले च्योर्तेन अगाडि उभिएर आफ्नो मनको ईच्छा आकांक्षा प्राप्तिको लागि प्रार्थना गर्दछ, उसका सम्पूर्ण मनोकामना पूरा हुन्छ भन्ने विश्वास साथ धर्मावलम्बीहरू यस स्तूपको दर्शन गर्न स्वदेश तथा विदेशका विभिन्न मुलुकहरूबाट आउने गर्दछन्।<br><br>सोह्रौं शताब्दीका निधि प्रकाशक पोल्मोवा शाक्य साङ्पोले निधि (तेर्मा) को रूपमा निकालेका ग्रन्थ छोर्तेन *छेन्पो ज्यारुङ खाशोर क्यी लोग्यु थोंवे डोल्वा (स्तुति मुक्ति) नामक महान स्तूप ज्यारुङ खास्योरको वृत्तान्त*को तेस्रो परिच्छेदमा प्रदक्षिणा, पूजा र विनका अनुशंसा शिर्षकमा गुरु पद्मसंभवले राजा ठिस्रोङ्लाई बोधिसत्वहरूको प्रतीक ज्यारुङ खास्योर स्तूपको महत्व र यसको अगाडि गरिने प्रदक्षिणा तथा पूजाका अपार फाइदाहरू बारे विस्तृत रूपमा प्रकाश पारेको विवरण छ, उहाँ भन्नुहुन्छ कि यस्तो स्तूपको अगाडि विशुद्ध श्रद्धा र भक्तिभावले गरिएका साना–ठूला सबै उपासनाहरूले अनगिन्ती पुण्य फल दिन्छन्, जसको गणना जिनलगायत बुद्धहरूले पनि गर्न सक्दैनन्। प्रदक्षिणा गर्ने, हात जोडेर नमस्कार गर्ने, दण्डवत् गर्ने, धूप, बत्ती, पुष्प, फल, संगीत वा खाद्यवस्तु चढाउने, मण्डल अर्पण गर्ने, तथा स्तूपको स्मरण, स्तुति वा संकल्प गर्ने सबैले लौकिक सुख, आध्यात्मिक समृद्धि, विशुद्ध चित्त र बुद्धत्वप्राप्तिको मार्गमा प्रगति गर्ने बताइएको छ। स्तूपको वरिपरि प्रदक्षिणा गर्नेदेखि लिएर बत्ती बाल्ने र पवित्र जल चढाउने जस्ता साना कार्यहरू समेतले अतुलनीय फलप्राप्ति प्रदान गर्दछन्। ज्यारुङ खास्योर स्तूपको पूजा उपासनामा संलग्न हुने सबैको लागि प्रत्यक्ष र परोक्ष |

| | | |
|---|---|---|
| | | रूपमा भौतिक, मानसिक र आध्यात्मिक लाभहरू सुनिश्चित गर्दछन् स्तूप निर्माण, संरक्षण, रंगरोगन, सफाइ, चढाउने सामग्रीहरूको व्यवस्थापन, स्तूपको प्रशंसा वा इच्छित सन्देशहरू अर्पण जस्ता कार्यहरूबाट पनि महान पुण्य सञ्चय हुन्छ यस स्तूपलाई केन्द्र मानेर ध्यान, उपासना, प्रार्थना, र साधना गर्नेहरूले विद्याधरको उच्च भूमि प्राप्त गर्नेछन् भने अन्ततः उनीहरूले बुद्धत्व नै प्राप्त गर्नेछन् मरणको समयमा स्तूपलाई स्मरण गर्नेले पश्चिमी सुखावती भूवनमा पुनर्जन्म पाउनेछन् अन्यथा, स्तूपलाई हानि गर्नेले अत्यन्त भयावह परिणाम भोग्नुपर्ने चेतावनी दिइएको छ यी सबै कुरा सुनेर राजा र सभामा उपस्थित सबै जना अति भावविभोर भई आँसु झार्दै हजारौं पटक वन्दना गर्छन् र भविष्यका जन्महरूमा स्रोत पर्ने पुण्य निरन्तर भइरहोस् भनेर प्रार्थना गर्छन्<br><br>उक्त परिच्छेदमा यस पवित्र तीर्थस्थलको अपार महत्त्व यसरी वर्णन गरिएको छ – यस तीर्थस्थलको दर्शन मात्रले नरकादि दुर्गतिबाट मुक्ति दिलाउँछ भने यसको नाम श्रवणले बोधिचित्तको बीजारोपण गराउँछ प्रतिदिन यसको स्मरण गर्दा सबै रोगबाट छुटकारा पाइन्छ र उत्कृष्ट समाधिको प्राप्ति हुन्छ यहाँ ढोग (भक्तिभावले गरिने पूजा) अर्पण गर्नाले चक्रवर्ती राजाको जन्म प्राप्त हुनेछ र दश बुद्धहरूको वाणी सुन्न पाइनेछ स्तूपको परिक्रमा गर्नाले स्वर्गको प्राप्ति हुन्छ भने फल चढाउँदा धनधान्यले परिपूर्ण मानवजीवन मिल्छ धूपबाट पूजा गर्नाले नैतिक चरित्र बलियो हुन्छ भने दियो (मह्वमे) बाल्दा अज्ञानको अन्धकार हटेर दश दिशाका बुद्ध र बोधिसत्वहरूको साक्षात् दर्शन पाइन्छ वेसमी चढाउँदा मानसिक अशान्ति दूर भई दुःखबाट मुक्ति पाइन्छ सेतो फूल (कुकुर) लेपन गर्नाले तेजस्वी र प्रभावशाली शरीर प्राप्त हुन्छ दूध, दही, घिउ, मह, चिनी आदि चढाउँदा दिव्य भोग प्राप्त हुन्छ भने फलफूलको पूजाले सबै मनोकामना पूरा गर्दछ यसरी यस पवित्र स्थलमा गरिने प्रत्येक भक्ति, पूजा वा साधनाले अनेकौं पुण्यफल दिनेछ, जसले अन्ततः सम्पूर्ण प्राणीहरूको कल्याणको निम्ति बुद्धत्व प्राप्तिको मार्ग प्रशस्त पार्नेछ |
| १०. | सम्पदासँग सम्बन्धित जनश्रुती | स्थानीय तामाङ समुदायको मान्यता अनुसार ज्याजिमाले तत्कालीन राजासँग चैत्य निर्माण गर्ने जग्गा माग गरेको र राजाले चैत्य निर्माण गर्न अनुमति दिएपछि आफ्ना चार पतिहरू घोडा गोठालो, सुँगुर पालक, कुखुरा पालक र कुकुर पालकसँग विवाह गरी प्रत्येक पतिबाट जन्मिएका चार छोराहरूसँग मिलेर चैत्य निर्माण गर्दै जाने क्रममा त्यहाँका स्थानीय धनीमानीहरूले गरीब विधवा आइमाईले विशाल चैत्य निर्माण गरेको देखेपछि आफ्नो इज्जत प्रतिष्ठामा आँच आउने देखी राजा कहाँ चैत्य निर्माण कार्य रोक्न निवेदन गरेको तर राजाले आफूले पहिल्यै बनाउनू भनी वचन पुगिसकेको (तामाङ भाषामा ख्राको अर्थ वचन, स्योरको अर्थ पुगिसक्नु) कारण निर्माण कार्य रोक्न नमिल्ने भनेर फिर्ता पठाएका थिए। जमिन माग गर्ने बेलामा ज्याजिमाले भैँसीको छालाले ढाक्ने जमिन माग गरेको र राजाले हुन्छ भनेपछि आफ्ना छोराहरू मिलेर भैँसीको छाला डोरी जस्तै लामो गरी काट्दा धेरै लामो भएको र त्यहि अनुसार विशाल जमिन क्षेत्रफल ओगटेको क्षेत्रमा चैत्य निर्माण गरेकी थिइन यसरी निर्माण गर्दा ज्या रब्रे अर्थात कुखुरा वर्षमा सुरु गरेर १२ वर्षमा ज्या खोरी सम्पन्न भएकोले स्तूपको नाम ज्यारूङ खास्योर भएको मान्यता स्थानीय तामाङहरू लगायत हिमाली बौद्ध समुदायमा प्रचलित छ<br><br>उर्गेन लिङ्पाको निधानसिद्ध गुरु पद्मसम्भवको जीवनी ग्रन्थ पेमा काथाङको अन्तिमतिर अध्यायमा बोधिसत्व छोन्येले राजा ठ्रिसोङ देउचेनलाई पद्मसम्भवको भविष्यवाणीबारे वर्णन गर्ने क्रममा बौद्ध स्तूप निर्माण र आफू स्वयम, राजा र पद्मसम्भवको पूर्वजन्मको सम्बन्धको बारेमा व्याख्या गर्दछन् उनका अनुसार एक पटक, अवलोकितेश्वरले पोतलाको उचाइमा रहेको आफ्नो दरबारबाट दृष्टिपात गर्दा सम्पूर्ण प्राणीहरू विचारशून्य र पछि आसक्त भएकाहरू ओइरिएका अधिकहरू जति कि निर्दयी देखे संसारमा कहीँ फाइदा छैन भन्ने ज्ञात भएपछि उनले आँखाबाट दुई थोपा आँसु झारेर 'भविष्यका युगहरूमा यी दुई थोपा आँसुहरूले प्राणीहरूको उद्देश्यलाई सुनिश्चित गरून्' भनी प्रतिज्ञा गरेर आफ्नो औंलाले पुछे यी चार देवलोकमा गरिएको कारण ती दुई थोपा आँसु क्रमशः इन्द्रको छोरी देवी गान्धा र गोठालोको रूपमा जन्मिए इन्द्रकी छोरी महद्धदेवीले दिव्य |

फूलहरू चौरिएछि इनामस्वरूप मानव लोकमा उज्वलनामको कुखुरा पालककी छोरी सम्वरीको रूपमा जन्म लिइन् । उनले क्रमशः घोडा पालक, सुँगुर पालक, कुकुर पालक र कुखुरा पालकसँगको विवाहबाट चार छोरा जन्माइन र आफ्नो परिश्रमको फल जम्मा गरेर ह्यरूङ खास्वोर (बौद्ध स्तूप, काठमाण्डौ) बनाउन सुरु गरिन् । स्तूप आधा बनी गर्दा, कलशलाई शीर्षमा राख्नु अघि नै उनको मृत्यु भयो र त्यहि समयमा उनले बुद्धत्व लाभ गरिन् । त्यसपछि चार भाइहरूको आमाले जे देको अधुरो काम, चैत्यका कलश स्थापना गरेर हरेकले आफ्नो प्रणिधान (इच्छा) बनाए जेठो, घोडा पालकको छोराले भूमिको गुरु र काली टाउकेहरूको राजा हुने इच्छा व्यक्त गरेको हुनाले राजा ठ्रिसोङ देउचेनका रूपमा जन्म लिएको बताए । सुँगुर पालकको छोराले पुण्य र ज्ञान बाहकहरू र बाधाकारहरूले ध्यान गरेर शुद्ध तन्त्रहरूद्वारा म आशिर्वादद्वारा जन्मिएर देवता, प्रेत र मानिसलाई परिवर्तन गर्न सकुँ ! भनी इच्छा व्यक्त गरे अनुरूप पद्मसम्भवको रूपमा जन्म लिए । त्यसैगरी कुकुर पालकको छोराले बुद्धको उपदेशको आधार, धर्मको एकमात्र प्रतिष्ठित सदस्य हुन सकुँ ! भनी इच्छा व्यक्त गरे बमोजिम भिक्षु बोधिसत्वको रूपमा जन्मिएको बताए र अन्त्यमा कुखुरा पालकको छोराले आफ्ना तीनै जना दाजुभाइहरूको लागि सन्देशवाहकको कार्यालयको कार्यभार लिन सकुँ ! भनी इच्छा व्यक्त गरेका कारण वा नजिक तीउको यार्लुङको मन्त्री ठिसेको रूपमा जन्म भयो (Douglas & Bays, 1978,p.361-363)

काठमाडौँ उपत्यका विशेषगरी नेवारी समुदायमा बौद्ध स्तूपलाई खास्ती चैत्यको रूपमा लिने गरिन्छ । नेवारी शब्द 'ख्वासु'को अर्थ शीत हो भने 'ती'को अर्थ निचोर आएको पानी हो । यसरी ख्वासुती अर्थात शीतको पानी संकलन गरी बनाएको चैत्य भएर खास्ती चैत्य नामाकरण भएको हो, अपभ्रंश भएर खास्ती भएको हो मान्यता रहेको देखिन्छ । नेवारी किंवदन्तीहरूको पनि विभिन्न संस्करणहरू उपलब्ध छन् । सामान्यत ती कथाहरूमा लिच्छवीकालीन राजाले राज्यमा आएको संकट समाधान गर्न आफू स्वयम् बली दिन तयार भई आफ्नो छोरालाई आदेश दिएको र बली दिने व्यक्ति स्वयम् आफ्नै बुबा भएको थाहा पाएर पितृहत्याको महापापबाट मुक्ति पाउन सा दुःखित भई वज्रयोगिनी देवीको शरणमा विलाप गर्दा वज्रयोगिनी देवीले पितृहत्याबाट मुक्ति पाउन चैत्य निर्माण गर्न दिएको निर्देशन अनुसार चैत्य निर्माण गरिएको तर निर्माण गर्ने समयमा बाह्र वर्षसम्म खडेरी परेपछि राजकुमार विलाउँदाको कपडामा जम्मा भएको शीत निचोरेर आएको पानीले निर्माण सम्पन्न गरेको कथन छ । केइथ डाउमेनद्वारा लिखित *The Great Stupa of Boudhanath* मा यस प्रकारको नेवारी समुदायमा प्रचलित किंवदन्ती वर्णन गरिएको छ । लिच्छवि वंशका प्रथम राजा विक्रमाजितको शासन कालमा (अन्दाज ४ औं शताब्दी), नारायण हिटी ( काठमाडौं स्थित राजदरबारको पुरानो गेट अगाडिको ढुङ्गेधारा) सुख्खा भएपछि सम्पूर्ण राज्यमा पानीको हाहाकार भयो । राजाले ब्राह्मण ज्योतिषीहरूसँग समस्या समाधानको लागि परामर्श गर्दा भगवानलाई बत्तीस लक्षणयुक्त मानिसको नरबली दिएमात्र राज्यमा पानी पर्छ भन्ने सुझाव दिए । राजाले सम्पूर्ण राज्यमा खोज्दा स्वयम् आफू र आफ्नो छोरो मात्र बत्तीस लक्षणयुक्त रहेको पत्ता लगाएपछि आफैं बली चढ्ने मनसायले छोरालाई औंसीको चकमन्न मध्यरातमा नारायणहिटीमा सुतिरहेको कपडाले छोपिएको स्वरूपको टाउको छिनाउनु भनी आदेश दिए । बुबाको आदेश अनुरूप छोरा मान्छे बली कार्य गर्दा लाशबाट आफ्नै बुबाको टाउको निस्केर पूर्व दिशातिर उडेको देखे उडेर गएको टाउको खोज्दै बौद्ध स्थित वज्रयोगिनी मन्दिरमा पुगेको थाहा पाए । वज्रयोगिनी माता स्वयमले उनलाई पितृहत्याको दोषबाट मुक्त पाउन कुखुरा उडाउनर जहाँ कुखुरा बस्छ त्यहि स्तूप निर्माण गर्न आदेश दिनुभयो । स्तूप निर्माणको क्रममा बाह्र वर्ष पानी परेन, पानीको आवश्यकता परिपूर्ति गर्न कपडाहरू फिजाउने र रातीको शीतले भिजेपछि निचोरेर जम्मा भएको पानीले काम सन्चालन गरिएको थियो । निर्माणको क्रममा दोस्रो दिन ढुङ्गाहरू बनाएर राख्यो भोलिपल्ट सँगुहरूले भत्काएर दुःख दिएपछि तन्त्रमन्त्रद्वारा पशुहरुलाई बिना बाधा हुन एको किंवदन्ती छ भनी उल्लेख गरिएको छ

| क्र.सं. | २. | |
|---|---|---|
| १. | ID: | BDH2 |
| २. | नाम | मामला थान(तामाङ),अजिमा(नेवारी),ममो पुकासी(तिब्बती) |
| ३. | मूर्त सम्पदाको प्रकार | मन्दिर |
| ४. | फोटो ID | BDH2 |
| ५. | ऐतिहासिकता: | मामला थानको स्थापना सम्बन्धी स्पष्ट अभिलेख र दस्तावेजहरू नभेटिए पनि बौद्ध स्तूप निर्माण पश्चात बौद्ध स्तूपको संरक्षण र स्थानीयवासीको कल्याणका लागि यसको स्थापना गरिएको थियो। ढुंगाको प्राकृतिक स्वरूपमा रहेको यस प्रतिमालाई संरक्षण गरेर लाने क्रममा धुनमा पित्तल, त्यसपछि चाँदीको पाता र सुनको लेप लगाइएको थियो। वर्षौंसम्म ढुंगे मूर्तिलाई पुजै आएकोमा नेपाल सम्वत् १०११ सालमा पित्तलको पाता लगाइएको थियो। वि.सं. २०४२ सालमा चाँदीको पाता र सुनको जलप लगाई यसको जीर्णोद्धार गरिएको थियो। बौद्ध ग्याङ गुठीको पहलमा बौद्धनाथ क्षेत्र विकास समितिले स्थानीयवासीको आर्थिक सहयोगमा १८ तोला सुनको लेप प्रयोग गरी मूर्तिलाई सुन्दर स्वरूप दिएको हो। |
| ६. | स्थान | अवस्थिति: बौद्ध स्तूपको उत्तरी खण्ड<br>Lat/Long: 27.7219301/85.3620565<br>DMS: 27° 43' 18.95" N \| 85° 21' 43.4" E<br>Elevation: 4360.63 ft asl. |
| ७. | सम्पदाको विवरण | शास्त्रमा अजिमाको वर्णन हिमालय पर्वतमा विराजमान देवीका दुई बाहु, सेतो वर्ण, तीन आँखा, हाँसिलो मुहार भएकी नाना थरिथरिका रत्न मणिबाट निर्मित मुकुट र आभूषण धारण गरी ललित आसनमा बस्नुभएको भनेर उल्लेख गरिएको छ। उक्त वर्णन अनुसार मन्दिरभित्र रहेको अजिमाको मूर्ति अग्निज्वाला सहित प्रभामण्डलमा भयानक क्रोधरूप धारण गरी अर्धचन्द्राकार कमलको फूलमा बेतालमाथि ललित आसनमा विराजमान हुनुहुन्छ जहाँको देवी हातमा बच्चा लिइरहनुभएको, दाहिने हातमा आफ्नै आन्द्राबाट बच्चाको प्राण रक्षार्थ प्रदान दिइरहेको देखिन्छ। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | स्थानीय तामाङ समुदाय लगायत अन्य बासिन्दाको लागि बौद्ध स्तूप जत्तिकै महत्व बोकेको मामा सम्बन्धी विभिन्न जनश्रुतिहरू रहेका छन्। स्थानीय तामाङ समुदायले मामा (ता. क्ग्यी), तिब्बती समुदायले ममलाई ममो पुकासी र नेवारी समुदायले अजिमा, ख्वास्पाचुनी अजिमा भनी सम्बोधन गर्दछन्। स्थानीय तामाङ समुदायको आराध्यदेवीको रूपमा रहेको मामा बौद्ध स्तूप तथा बौद्ध क्षेत्रको संरक्षकको रूपमा पूजिने गर्दछन्। बौद्धमा स्थानीय तामाङ समुदाय लगायत अन्य बासिन्दामाझ मामा अर्थात अजिमाको विशेष स्थान रहेको देखिन्छ। बौद्ध क्षेत्रको स्थानीय संरक्षक तथा आराध्यदेवीको रूपमा पूजिने अजिमा बौद्धका स्थानीय तामाङ समुदायको जीवन संस्कृतिको अभिन्न पाटोको रूपमा रहेको छ। मामासँग प्रत्यक्ष सम्बन्धित अनुभवहरू स्थानीयहरूको स्मृतिमा आजपर्यन्त ताजा नै छ। मामा आज पनि सम्पदाको बौद्धको परिक्रमा गर्ने स्थानीय तामाङ समुदायको विश्वास रहेको छ। जुनसुकै अवस्थामा पनि मामाले स्थानीय तामाङ समुदायको संरक्षण गर्ने र सम्पूर्ण मनोकांक्षा पूरा गर्ने गरेको र मामाकै कारण स्थानीय तामाङ समुदायको प्रगति, उन्नति भएको विश्वास रहेको छ। त्यसैगरी तामाङ समुदायले मनाउने चाडपर्व तथा विवाह लगायतका सामाजिक कार्य गर्दा घरको मूल अभिभावकको रूपमा पुज्ने र कुनै शुभकार्यको थालनी गर्नुपूर्व मामालाई पूजाआजा गरिसकेपछि मात्र प्रारम्भ गर्ने परम्परा हालसम्म विद्यमान नै छ |

| | | |
|---|---|---|
| १. | सम्पदासँग सम्बन्धित श्रुती | हिमाली बौद्ध समुदायमा प्रचलित जनश्रुति अनुसार बौद्ध चैत्य निर्माण सम्पन्न भएपछि बौद्ध स्तूपको सुरक्षार्थ एवं बौद्धमा अवस्थित संसारका आठवटा शक्तिशाली प्रसिद्ध चिहानमध्ये एउटा प्रसिद्ध चिहान लुन्डुप च्योपे धुर्तोद को रेखदेखका लागि नागार्जुनको गुफामा तपस्यारत देवी ममो पुकासीलाई निमन्त्रणा गरी बौद्धमा ल्याइएको थियो। उहाँ स्वभावले अति क्रोधी भएको हुँदा विधि अनुसार पूजापाठ गरी मनाउन नसकेको अवस्थामा स्थानीय बासिन्दालाई विभिन्न किसिमको दुःख दिई आफ्नो क्रोधी स्वभाव देखाउनुहुन्थ्यो। यसै क्रममा गुरु पद्मसंभवद्वारा संसारका प्रत्येक अति महान शक्तिशाली आठवटा चिहानमा क्रमबद्ध रूपमा पाँच पाँच वर्ष ध्यान गर्ने क्रममा बौद्धस्थित लुन्डुप च्योपेके धुर्तोदमा तपस्यारत रहँदा स्थानीय देवी ममो पुकासीले उहाँको तपस्यामा अनेक विघ्नबाधा उत्पन्न गरी दुःख दिन थालिन्। ममो पुकासीको क्रियाकलापबाट हैरान भएका गुरु पद्मसम्भवले आफ्नो योग बलबाट नियन्त्रणमा लिई अब आइन्दा देखि कसैलाई दुःख दिनेछैन, सबैको कल्याण गर्नेछु, सबैको रक्षा गरी जगत् कल्याणको काम मात्र गर्नेछु भनी गुरु पद्मसम्भव समक्ष वाचाबन्धन गर्नुभयो। त्यस दिनदेखि ममो पुकासीले आफ्नो क्रोधी स्वभाव त्यागी लोक कल्याणका लागि कार्य गर्दै आएकोले र उहाँलाई विधिपूर्वक पूजा र प्रार्थना गरेको अवस्थामा इच्छाएको पूर्ण हुने, हरेक काममा सफलता प्राप्त हुने, व्यापार बढ्ने, सन्तान प्राप्त हुने, यात्रा सफल हुने आदि विश्वास गरिन्छ<br><br>नेवारी जनश्रुति अनुसार स्वयम्भूमा अवस्थित श्री हारती माता दिदी हुनु भने अजिमा बहिनी हुनु हारती माताले जन्माउनुभएको ५०० सन्तानमध्ये एउटी छोरी अति नै विलक्षण स्वभावकी भएको हुँदा निनलाई अरू सन्तान जस्तै लालनपालन गरी हुर्काउन हारती मातालाई ज्यादै मुस्किल भएको हुँदा हिमालय क्षेत्रमा विराजमान हुनुभएको अति नै शक्तिशाली क्रोधी देवी आफ्नी बहिनी ग्वास्का मुनीलाई निमन्त्रणा गरी नेपालमा बोलाई आफ्नी छोरी उहाँलाई जिम्मा लगाइदिनुभयो। आफ्नो दिदी हारती माताको निमन्त्रणा भन्दा बाहिर रहेको अरू साधारण सन्तान भन्दा बिल्कुल प्रतिकूल स्वभाव भएको, दिदीकी छोरीलाई आफ्नो आडबाट खान खुवाइ बचाएको हुँदा ग्वास्का मुनी देवीलाई त्यस दिनदेखि अजिमाको रूपमा पूजित भालियो। यसरी उहाँलाई बौद्ध क्षेत्र एवं बौद्ध चैत्यको सुरक्षा गर्ने जिम्मेवारी सहित बौद्ध स्तूपको उत्तरी भागमा प्रतिस्थापन गरियो। |

| क्र.सं. | ३ | |
|---|---|---|
| १. | ID: | BDH3 |
| २. | नाम | लिच्छविकालिन चैत्यहरू |
| ३. | मूर्त सम्पदाको प्रकार | स्तूप / चैत्य |
| ४. | फोटो ID | BDH3 |
| ५. | नापनक्सा | चैत्य १ ( पाँच चैत्यहरू मध्येको सबै भन्दा उत्तरमा) १२०x७० सेमी<br>चैत्य २ (पाँच चैत्यहरू मध्येको सबै भन्दा उत्तरबाट क्रमशः दोश्रो) १२२ x ५३ से.मी.<br>चैत्य ३ ( पाँच चैत्यहरू मध्येको सबै भन्दा उत्तरबाट तेश्रो) ११२x७२ से.मी.<br>चैत्य ४ (पाँच चैत्यहरू मध्येको सबै भन्दा उत्तरबाट चौथो) १२२x५५ से.मी.<br>चैत्य५ पाँच चैत्यहरूमध्येको सबै भन्दा उत्तरबाट पाँचौं अथवा सबैभन्दा दक्षिण तर्फको) १३६x ७५ सेमी |
| ६. | ऐतिहासिकता: | बौद्ध स्तूप परिसरमा स्तूपको पूर्व (भित्री प्रदक्षिणा मार्ग) मा रहेका स्तूपहरू काठमाडौंका येङ्का बहाल, छुंबहाल, वज्र बहाल, पाटनको मयूरवर्ण विहार, गठ्ठे छिंटि परिसरमा रहेका स्तूपका वास्तुशैलीसँग साम्यता देखिन्छन्। यस प्रकारका स्तूपलाई वास्तुविद्हरूले ७/८ औं शताब्दी देखि ९ औं शताब्दीको भन्ने गरिएको छ। |
| ७. | स्थान | अवस्थिति : बौद्ध स्तूप परिसरमा स्तूपको पूर्व (भित्री प्रदक्षिणा मार्ग)<br>Lat/Long: 27.72134808/85.36247365<br>DMS: 27° 43' 16.85" N \| 85° 21' 44.91" E<br>Elevation: 1328.79 m asl. |
| ८. | सम्पदाको विवरण | बौद्ध स्तूप परिसरमा स्तूपको पूर्व (भित्री प्रदक्षिणा मार्ग) मा रहेका स्तूपहरू सेतो चुन पोतिएका छन्। यी चैत्यहरू काठमाडौंका विभिन्न स्थानमा पाइएका लिच्छविकालिन चैत्यको वास्तुशैलीसँग साम्यता रहेका छन्। लिच्छविकालिन चैत्यमा चार दिशामा रहने चार बुद्धका गवाक्ष (खोपा) खाली रहने गरेको छ |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | स्तूप बौद्ध धर्मको एक प्रमुख धार्मिक, सांस्कृतिक र वास्तुकला सम्बन्धी संरचना हो जसले बुद्धको जीवन, शिक्षा र महापरिनिर्वाणलाई प्रतीकात्मक रूपमा प्रतिनिधित्व गर्दछ वज्रयान परम्परामा स्तूपलाई त्रिकायको मूर्त स्वरूप मानिन्छ जस अर्थात स्तूपको भौतिक संरचनाले बुद्धको निर्मल शरीर (सम्भोगकाय)को प्रतिनिधित्व गर्छ भने वाक्को रूपमा स्तूप भित्र राखिएका बौद्ध मन्त्रहरूले बुद्धको वाणी (धर्मकाय) को प्रतिनिधित्व गर्दछ त्यसैगरी चित्त स्वरूप शून्यताको प्रतीकात्मक रूपमा शिखरले बुद्धको मन (ज्ञानकाय)को प्रतिनिधित्व गर्दछ उपरोक्त परिक्रमा गर्नुलाई त्रिकाय शुद्धिको अभ्यास पनि मानिन्छ, जसमा काय (शारीरिक पुण्य)का लागि दक्षिणावर्त घुम्ने वाक् शुद्धिका लागि मणि मन्त्र ("ॐ मणि पद्मे हूँ") जप्ने र चित्त शुद्धिका |

| | | |
|---|---|---|
| | | लागि ध्यान गर्दै घुम्ने (मनलाई शून्यतामा केन्द्रित गर्ने) गर्दछन् । विद्यमान बौद्धस्तूपको आकार–प्रकार सम्बोधी चैत्य (ब्याङ्छुब छ्योर्तेन) को हो । भगवान बुद्धले सम्बोधि ज्ञान लाभ गरेको प्रतीकको रूपमा बोधिचैत्यको मानचना र स्वरूप तयार भएको हुन्छ । महायानीहरू बौद्ध मान्यता अनुसार बोधिचित्त उत्पादन गर्ने र सम्बोधि ज्ञान हासिल गर्नु बौद्धमार्गीहरूका लागि सर्वोत्तम विषय भएको कारण यस स्वरूपको चैत्यको निर्माणलाई विशेष महत्व दिएको हुन्छ त्यसैले पनि बोधीचैत्यको निर्माण कार्यले पुण्यको अधिकतम अंश संचय गराउँछ भन्ने विश्वास गर्दछन् । |
| १८. | वर्तमान अवस्था तथा जोखिमहरू | हाल यो स्तूपहरू सेतो चुनले पोतिएको छ स्तूपहरू सामान्य अवस्थामा नै देखिन्छ नियमित रूपमा सफाइ र पूजा गर्ने कार्य गरिनुपर्दछ |

| क्र.सं. | ४ | |
| --- | --- | --- |
| १. | ID: | BDH4 |
| २. | नाम | गडांक रेपा स्मृति स्तूप, शाक्य श्री स्मृति स्तूप |
| ३. | मूर्त सम्पदाको प्रकार | स्तूप |
| ४. | फोटो ID | BDH4 |
| ५. | नापहरू | गडांक रेपा स्मृति स्तूपको उचाइ: २५.८ फिट |
| ६. | ऐतिहासिकता: | स्तूप बौद्ध परिसरभित्र रहेको गडांक रेपा स्मृति स्तूप २०औँ शताब्दीका योगी गडांक रेपाको अस्थिधातु राखि निर्माण गरिएको हो। रेपाले जीवनको उत्तरार्धतिर बौद्ध स्तूप र स्वयम्भूको जीर्णोद्धार गरेका थिए। उनले आफ्ना शिष्यहरूलाई मृत्युपश्चात् आफ्नो अस्थिधातु राखि स्मारक निर्माण गर्न दिएको निर्देशन अनुसार उनका शिष्य नावाङ होर्पेले स्तूप निर्माण गरेका थिए। १९८८ सालमा पवनजले सात हजार व्यक्तिहरूको उपस्थितिमा स्तूपको प्रतिष्ठान गरेका थिए। पछि १९७७ सालमा किलनेन वाङ्ग्याल होर्पेले यस स्तूपको पुनर्निर्माण गरेका थिए। त्यसैगरी स्तूपसँगै रहेको शाक्य श्री स्मृति स्तूप महामुद्रा तथा ड्रुक्पा गुरु तोक्देन शाक्य श्री (१८५३–१९१९)को अस्थिधातु राखि निर्माण गरिएको हो। स्थानीय जनश्रुति अनुसार यो चैत्य भारतीय बौद्ध महासिद्ध परम्परा साङ्गो (करिब ११–१२औँ शताब्दी) सँग पनि सम्बन्धित रहेको विश्वास रहेको छ। उनको जीवन र शिक्षाले भारतबाट तिब्बतमा बौद्ध दर्शन र तान्त्रिक अभ्यासको सञ्चारमा महत्वपूर्ण भूमिका खेलेको थियो। उनलाई विशेषगरी शिजे ("शान्त पार्ने") परम्पराका संस्थापकका रूपमा चिनिन्छ। शिजे अभ्यासले मानसिक क्लेश—जस्तै आसक्ति, डर र अहंकार—लाई प्रत्यक्ष सामना गरेर रूपान्तरण गर्ने र शून्यता (शून्यताको बोध) र बोधिचित्त (करुणामूलक चेतना) विकास गर्ने उपाय सिकाउँछ। उनले नेपालको बौद्ध पवित्र स्थल बौद्ध स्तूपका साथै स्वयम्भूनाथ स्तूपमा साधना र अभ्यास गरेका थिए। |
| ७. | स्थान | अवस्थिति: बौद्ध महास्तूप परिसरमा स्तूपको मूल प्रवेशद्वारको पश्चिम मुख्य बौद्ध स्तूपको पूर्वतर्फ रहेको छ।<br>Lat/Long: 27.7215213,85.3624688<br>DMS: 27° 43' 17.48'' N \| 85° 21' 44.89'' E<br>Elevation: 1360.19 m asl. |
| ८. | सम्पदाको विवरण | बौद्ध स्तूपको उत्तरमा रहेका यी चैत्यहरूसँगै अरू दुई आकारका साना छन्। बौद्ध स्तूप र स्वयम्भू स्तूपको स्वरूपमा भिन्नता भएपनि दुवैको धार्मिक आस्था एउटै प्रकारको छ। स्वयम्भूको पश्चिममा अवस्थित बुद्ध पार्कको नजिकै पनि स्तूप रहेको छ, जसलाई पुरानो स्वयम्भू भनिन्छ। यी स्तूपको स्वरूप र बौद्धको उत्तरमा प्रवेशद्वारको पेट भित्र रहेको गडांक रेपा स्मृति स्तूपको स्वरूप मिल्दाजुल्दा देखिन्छ। छ्योर्तेन शैलीमा बनेको यस स्तूपमा सेतो गुम्बज, सुनौलो शिखर र बुद्धका प्रतीक आँखाहरू छन्। त्यसैगरी गडांक रेपा स्मृति स्तूपको शैली स्वयम्भू स्तूपसँग मिल्दाजुल्दा रहेको छ। |

| | | |
|---|---|---|
| ९. | धार्मिक, सांस्कृतिक महत्व | बौद्ध स्तूपको पर्खालको घेराभित्र स्तूपको प्रदक्षिणा मार्गको रहेको यो स्तूप धार्मिक एवं वास्तुकलाको दृष्टिकोणले पनि अत्यन्त महत्वपूर्ण सम्पदाको रूपमा रहेको छ। यसै स्थानमा बौद्ध धर्म अन्तर्गत निङमा सम्प्रदायका महत्वपूर्ण र प्रभावशाली गुरु, विद्वान र तेर्तोन (Terma revealer वा लुकेका धर्मग्रन्थ पत्ता लगाउने व्यक्ति) रिग्जिन जिग्मे लिङपा (१७३०-१७९८) ले प्रसिद्ध लोङछेन निङथिक (विशाल विस्तारको हृदयको सार) नामक धर्मग्रन्थ पत्ता लगाएको विश्वास गरिन्छ। |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | यस स्तूप हाल संरक्षित अवस्थामा छ तथापि स्तूपहरूको बाहिर र छेउछाउ झारपात उम्रिएको देख्न सकिन्छ, जसले यो सम्पदाको प्राकृतिक स्वरूपमा ह्रास आएको देखिन्छ। यसैगरी, स्तूपमा परेवाहरूले बिगार्ने कारणले गर्दा नियमित रूपमा सरसफाइ र चुन पोत्ने कार्य गर्नुपर्ने देखिन्छ। |

| क्र.सं. | ५ | |
|---|---|---|
| १. | ID: | BDH5 |
| २. | नाम | हस्ति रत्न (The Precious Elephant) |
| ३. | मूर्त स्वरूपको प्रकार | मूर्ति |
| ४. | फोटो ID | BDH5 |
| ५. | ऐतिहासिकता: | यो शिल्प लिच्छवि र मल्लकालमा बनेको मानिन्छ। |
| ७. | स्थान | अवस्थिति: बौद्ध महास्तूप परिसरमा स्तूपको उत्तर<br>Lat/Long: 27.7217796,85.3620238<br>DMS: 27° 43' 18.39'' N \| 85° 21' 43.29'' E<br><br>Elevation: 1347.39 m.asl. |
| ८. | सम्पदाको विवरण | हस्ति रत्न (The Precious Elephant) काठमाडौंको बौद्ध क्षेत्रमा, बौद्धनाथ स्तूप परिसरमा रहेको एक पुरानो शिल्प हो। यसमा विभिन्न आभूषणले सुसज्जित ठूलो हात्तीको आकृतिमाथि हातमा तरवार बोकेर बसेका राजा (खड्गपाणि) र अर्को हात्तीमाथि कटोरा हातमा बोकेर बसेकी रानी (पात्रपाणि) देखिन्छन्। यी मूर्तिहरू राजा ठाइचाङ गोम्पो र उनकी श्रीमती र कतिले राजा ठ्रिसोङ देत्सेन र उनकी श्रीमतीको रूपको पनि उल्लेख गरिएको पाइन्छ। रानी सवार हात्तीको मुनितिर प्राचीन अष्टभुज देवीका साथै तीन उभिएका ठूला मूर्तिहरू रहेका छन्। दुवै हात्तीको ठिक अगाडि बीचमा नागार्जुनको मूर्ति र धूप बाल्नका लागि ठूलो कलात्मक धूपदान रहेको छ |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | बौद्ध धर्ममा हात्तीलाई शक्ति, बुद्धि र शुभ सङ्केतको प्रतीक मानिन्छ। बुद्ध जन्मिनुअघि रानी मायादेवीले सेतो हात्तीको सपना देखेको कथा पनि प्रसिद्ध छ, त्यसैले हात्तीलाई पवित्र मानिन्छ। हात्तीमाथि तरवारसहित बसेका राजा शक्ति र सुरक्षाको प्रतीक हुन्। यसले राजा देश र धर्मको रक्षक भएको सन्देश दिन्छ। त्यस्तै, हात्तीमाथि बसेकी रानीले समृद्धि र दयाको निरन्तरतालाई जनाउँछिन्। |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | हस्ति रत्न र राजा रानीको प्रतिमामा सेतो चूनाले पोतिएको छ भने बाहु मूर्तिहरू सुनौलो रंगले पोतिएका छन्। प्रतिमा र मूर्तिहरू सामान्य अवस्थामा नै देखिन्छन्। नियमित रूपमा सफाइ र चुन पोत्ने र रंगाउने कार्य गरिनुपर्दछ |

| क्र.सं | ६. | |
|---|---|---|
| १. | ID: | BDH6 |
| २. | नाम | स्तूप |
| ३. | मूर्त सम्पदाको प्रकार | स्तूप |
| ४. | फोटो ID | BDH6 |
| ५. | आयामहरू | २५०x२५० सेमी. |
| ६. | ऐतिहासिकता: | १९ औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: बौद्धको मुख्य स्तुपको दुइ दिशामा ढोकाको अगाडि रहेको चैत्य मध्येको यस चैत्य दक्षिण दिशामा छ<br>Lat/Long: 27.7215,85.3614953<br>DMS: 27° 43' 17.4" N \| 85° 21' 41.38" E<br>Elevation: 4360.31 ft asl. |
| ८. | वस्तुको विवरण | बौद्धको मुख्य स्तुपको दुइ दिशामा ढोकाको अगाडि रहेको चैत्य मध्येको यस चैत्य दक्षिण दिशामा रहेको छ। चुना लगाइएको चैत्यको बीचको खण्डका खोपामा चारै दिशामा बुद्धमा चार मूर्ति अक्षोभ्य, अमिताभ, रत्नसम्भव र अमोघसिद्धि राखिएका छन्। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | बौद्ध स्तुपको परम्पराको पैंचमा स्तुपको प्रदक्षिणा मार्गको छेउमा रहेको यो स्तुप धार्मिक एवं वास्तुकलाको दृष्टिकोणमा पनि अत्यन्त शुभ मानिन्छ। बौद्ध परम्परामा स्तूप भनेको गुरु वा अर्हन्तहरूको स्मृतिलाई अमर बनाउन बनाइएको पवित्र संरचना हो। यस प्रकारको संरचना निर्माणको मुख्य उद्देश्य आफ्ना गुरु वा पूजनीय व्यक्तिहरूसँग सम्बन्धित पवित्र वस्तुहरूलाई सुरक्षित राख्नु हो। यी अस्थिधातु वा सामग्रीहरू जमिनको सतहमा राख्दा नष्ट हुने वा हराउने जोखिम हुँदा, तिनीहरूलाई दीर्घकालीन संरक्षण गर्न स्तूपहरूको निर्माण गरिएको हो। प्राचीन बौद्ध ग्रन्थ महापरिनिर्वाण सूत्र अनुसार बुद्धले महापरिनिर्वाणमा प्रवेश गर्नुभन्दा ठीक अघि उनका प्रिय शिष्य आनन्दले तथागत बुद्धका कला कृतिहरु र अवशेषहरूलाई कसरी सम्मान तथा सुरक्षित गर्ने भन्ने प्रश्नमा चक्रवर्ती राजाको लागि निर्माण गरिने स्तूप जस्तै चार राजमार्गहरूलाई जोड्ने चार सडकहरू मिल्ने चौबाटोमा स्तूप निर्माण गर्नु भनी उत्तर दिएका थिए। ८० वर्षको उमेरमा ई.पू. ४८३ मा भारतको कुशीनगरमा गौतम बुद्धको महापरिनिर्वाण भएपछि बुद्धको अस्थिधातुलाई विभिन्न महाजनपदहरूले आपसमा बाँडेर ८ वटा मुख्य स्तूप बनाएका थिए |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | हाल यो स्तूपहरू सेतो चुनाले पोतिएको छ स्तूपहरू सामान्य अवस्थामा नै देखिन्छ नियमित रूपमा सफाइ र चुन पोत्ने कार्य गरिनुपर्दछ |

| क्र.सं | ७ | |
|---|---|---|
| १. | ID: | BDH7 |
| २. | नाम | १०८ वटा खोपाहरूमा रहेका मूर्तिहरू |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्तिहरू |
| ४. | फोटो ID | BDH7 |
| ५. | नक्साहरू | ९५,१० इन्च |
| ६. | ऐतिहासिकता: | १८ औं शताब्दीमा शाक्यश्याक सासया साङ्पोले बौद्ध स्तूपको पुनर्निर्माणको क्रममा यी १०८ वटा खोपाहरूमा १०८ वटा प्रस्तर मूर्तिहरू स्थापना गरेका थियो। |
| ७. | स्थान | अवस्थिति: बौद्धको मुख्य स्तूपको गर्भगृहदेखि मुनिको गोलाकार भाग<br>Lat/Long: 27.72177796,85.36202388<br>DMS: 27° 43' 18.39" N \| 85° 21' 43.29" E<br>Elevation: 1347.39 m asl. |
| ८. | सम्पदाको विवरण | यस स्तूपको गोलाकार गर्भ (डोम)लाई ब्रह्माण्डको प्रतीकको रूपमा लिइन्छ गर्भको आकारले आत्मविश्राम, क्रियाकलाप, चेतना, स्वाउला र प्रज्ञा स्रोतको पञ्चशक्तिलाई प्रतिनिधित्व गर्दछ जसलाई, गर्भले बोधिका सात प्रकारका अंगहरूमा स्मृति, प्रज्ञा, वीर्य, प्रीति, प्रश्रब्धि, समाधि र उपेक्षाको संकेत गर्दछ गर्भदेखि मुनि स्तूपको तेस्रो वेदिका भन्दा माथिको वृत्ताकारको पेटीमा रहेको १०८ वटा खोपाहरूमा बोधिसत्व, डाकिनी, इष्टदेव, सिद्धहरूको १०८ वटा प्रस्तर मूर्तिहरू रहेका छन्। यी खोपाहरूको उत्तरलाई केन्द्र मान्दा बीचको माथिल्लो भागमा अमोघसिद्धि बुद्धको मूर्ति रहेको छ। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | स्थानीय तामाङ समुदायले उक्त १०८ भगवानलाई कोजागत पूर्णिमाको समय तथा विभिन्न चाडपर्वमा फलफूल, चिउरामा दही, गुलियो, स्याउ मुछमेल आदि सामग्रीहरू मिसाए बनाएको नैवेद्य लगायत चढाउने तथा ल्होसार चाडमा नेपालका विभिन्न जिल्लाहरूबाट आउने तामाङ समुदायका तीर्थालुहरूले विशेष पूजा गर्ने गर्दछन्। |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | हाल यी खोपा सर्वसाधारणका लागि प्रवेश निषेध गरिएको छ ल्होसार चाड लगायत विशेष अवसरमा मात्र सर्वसाधारणका लागि यी खोपा प्रवेश अनुमति रहेको छ। |

| | | |
|---|---|---|
| क्र.सं | ८. | |
| १. | ID: | BDH8 |
| २. | नाम | वज्रडाकिनी |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ती |
| ४. | फोटो ID | BDH8 |
| ५. | नापहरू | १४-२२ से.मी. |
| ६. | ऐतिहासिकता: | १८ औं शताब्दी |
| ७. | स्थान | आकाशयोगिनी: बौद्ध महाचैत्यको आजिमा मन्दिरको पछाडि<br>Lat/Long: 27.7219561,85.3620465<br>DMS: 27° 43' 19.68" N \| 85° 21' 43.37" E<br>Elevation: 4360.06 ft asl. |
| ८. | सम्पदाको भौतिक विवरण | बौद्ध महाचैत्यको पूर्व पर्खालमा चुन पोत्ने पेखरी जाने ढोकाको दायाँतिर यो मूर्ति रहेको छ। ढोकाको दायाँ रहेका यस वज्रडाकिनी मूर्तिमा चार हात देखाइएको छ। तल्लो दुई हातमा कर्ति पात्र र माथिल्लो दुई हातमा पनि दुई आयुध देखाइएको छ। यी आयुध स्पष्ट देखिएका छैनन्। शिरमा मुकुट र मुण्डमाला लगाएको देखाइएको यस मूर्ति प्रत्यालीढ आसनमा उभिएको देखाइएको छ। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | बौद्ध निर्माण सम्बन्धि नेवारी समुदायमा प्रचलित मिथक अनुसार राजकुमारले आफ्नो हत्या गरेको व्यक्ति स्वयम् आफ्नै पिता रहेको वास्तविकता थाहा पाएपछि पितृहत्याको प्रायश्चित गर्न वज्रयोगिनी पुगेको र वज्रयोगिनीले कुखुरा (नेवारीमा खा) छोड्नु र कुखुरा जहाँ उडेर बस्छ, त्यहीं स्तूप निर्माण गर्नु भनी निर्देशन दिए अनुरूप वज्रयोगिनीबाट छोडेर उडेको कुखुरा झरेको बौद्ध स्तूप भएको ठाउँमा अवतरण गरेपछि त्यहि स्थानमा स्तूप निर्माण गर्ने क्रम गरेको थियो। निर्माणको क्रममा ठूलो शिला ढुङ्गाहरू बनाए राख्दा बोलिएको मुसुको लगभग ढुङ्गाहरू, यो आए बिग्रने भएर निकाल्ने गर्दाखेरी ढुङ्गा आएर बिग्रने गरेको देखेपछि त्यहाँ जोड वज्रडाकिनी पूजा वज्राचार्यले राजालाई दर्शन दिई स्तूप निर्माणमा आफ्नो पनि योगदान होस भनी छाप मात्र छोडेको हो भनेको कथन छ तसर्थ बौद्ध स्तूपमा वज्रडाकिनी मूर्ती प्रतिष्ठापन गरिएको हो। |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तिमा भक्तजनहरूले अबिर, फलफूल लगायतका सामग्री राख्ने, घ्यू अगाडी बत्ती, धूप बाल्ने कार्यले मूर्तिको स्वरुप बिग्रिएको देखिन्छ। साथै, मूर्ती रहेको सेतो चुन लेपोतिएको भित्तामा अनावश्यक लेखिएको देखिन्छ, जसको नराम्रो सम्पदाप्रतिको आस्थामा नकारात्मक असर पर्नुका साथै सम्पदा नै कुरूप देखिएको छ। |

| क्र.सं | १. | |
|---|---|---|
| १. | ID: | BDH9 |
| २. | नाम | शिलालेख |
| ३. | मूर्त सम्पदाको प्रकार | शिलालेख |
| ४. | फोटो ID | BDH9 |
| ५. | आयामहरू | ५१×३८ से.मी. |
| ६. | ऐतिहासिकता: | १८ औं शताब्दी |
| ७. | स्थान | अवस्थिती: बौद्ध महाचैत्यको उत्तर सम्पान्को पछाडि<br>Lat/Long: 27.7219561,85.3620465<br>DMS: 27° 43' 19.68" N \| 85° 21' 43.37" E<br>Elevation: 4360.06 ft asl. |
| ८. | सम्पदाको विवरण | यस शिलालेखको माथिल्लो भागको बीचमा ताप बनाइएको छ। तिब्बती लिपिमा लेखिएको यस अभिलेखका अक्षर पढ्न नसकिने अवस्थामा छन्।अभिलेखको माथिल्लो भागमा ताप र तलतिर दाताहरू राखिएका छन्। |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | शिलालेखमा भक्तजनहरूले अबिर, फलफूल लगायतका सामग्री राख्ने, धूप अगरबत्ती बाली, धूप बाल्ने कार्यले शिलालेखको स्वरूप बिग्रिँदै गएको देखिन्छ साथै,शिलालेख रहेको सेतो चुनाले पोतिएको भित्ताका नजिकको लेखिएको देखिन्छ, जसले गर्दा सम्पदाको आस्थामा नकारात्मक असर पर्नुका साथ, सम्पदा क्षेत्र कुरूप देखिएको छ |

| क्र.सं | १०. | |
|---|---|---|
| १. | ID: | BDH10 |
| २. | नाम | गणेश |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ती |
| ४. | फोटो ID | BDH10 |
| ५. | मापहरू | ३१-२५ से.मी. |
| ६. | ऐतिहासिकता: | १९ औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको [illegible] पछाडि<br>Lat/Long: 27.7218561,85.3620465<br>DMS: 27° 43' 18.68" N \| 85° 21' 43.37" E<br>Elevation: 4360.06 ft asl. |
| ८. | सम्पदाको विवरण | नेपाली समाजमा पुजिने प्रमुख देवता मध्ये गणेश पनि हुन्। टोलका रक्षकको रुपमा रहने यी देवताको थान बनाई पूजा गर्ने परम्परा रहेको छ। गणेशका थानमा रहने गणेशको मूर्ति निराकार र आकार दुवै हुने गरेको छ। नेवार भाषामा इनाप् द्यः भनेर चिनिने यी देवता कुनै पनि शुभ कार्य गर्दा सबभन्दा पहिला पूजा गर्ने गरिन्छ। बौद्ध तथा हिन्दु समाजमा कुनै पनि संस्कार तथा सांस्कृतिक कार्यमा इनाप् द्यः को महत्व पूर्ण स्थान रहने गरेको छ। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | गणेशलाई तिब्बती बुद्ध धर्ममा त्सोग्दाक (Tsogdak) वा गणपति (Ganapati) को रुपमा चिनिन्छ। उनलाई विघ्नहर्ता (अवरोध हटाउने) र सफलता प्रदान गर्ने देवताको रुपमा हेरिन्छ, जुन उनको हिन्दू परम्पराको भूमिकासँग मेल खान्छ। उनलाई प्रायः बौद्ध तान्त्रिक परम्परामा एक रक्षक देवताको रुपमा पनि चित्रण गरिन्छ। |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तीमा भक्तजनहरूले अबिर, फलफूल लगायतका सामग्री चढाउने, मूर्ती अगाडी बत्ती, धूप बाल्ने कार्यले मूर्तीको स्वरुप बिग्रिदै गएको देखिन्छ। साथै, मूर्ती रहेको भित्ता पुन लेपोटिएको भित्तामा जथाभावी लेखिएको देखिन्छ, जसले गर्दा सम्पदाप्रतिको आस्थामा नकारात्मक असर पर्नुका साथै सम्पदा क्षेत्र कुरुप देखिएको छ। |

| | | |
|---|---|---|
| क्र.सं | ११. | |
| १. | ID: | BDH11 |
| २. | नाम | सरस्वती |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ती |
| ४. | फोटो ID | BDH11 |
| ५. | मापनहरू | ६०-३५ सेमी. |
| ६. | ऐतिहासिकता | २० औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको उत्तर मञ्जुश्रीको पछाडि<br>Lat/Long: 27.7218561,85.3620465<br>DMS: 27° 43' 18.68" N \| 85° 21' 43.37" E<br>Elevation: 4360.06 ft asl. |
| ८. | सम्पदाको विवरण | बौद्ध महाचैत्यको दक्षिणमा रहेको मञ्जुश्रीको तलतिर रहेको यस मूर्तिलाई पछिल्लो कालको देखिएको छ। ढुङ्गामा शिला कुँदाएर उभिएको यस मूर्तिको तलतिर हाँस जस्तो देखिने पंक्षी पनि देखाइएको छ। स्तूपको वरिपरि ज्ञानका प्रतीक बौद्ध देवता मञ्जुश्रीको मूर्ति राख्ने परम्परा रहेको छ भने यहाँ हिन्दू परम्परामा देखाइने सरस्वतीको मूर्ति राखिएको छ। उक्त मूर्ती चिनियाँ लामा पुण्यवज्र लामा (२०३१–२०४३)को कार्यकालमा राखिएको थियो। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | हिमाली बौद्ध परम्परामा सरस्वती याङ्चेनमा (Yangchenma) वा याङ्चेन ल्हामो भनिन्छ, जसको अर्थ "मधुर ध्वनिकी देवी" हुन्छ उनी ज्ञान, शिक्षा, सङ्गीत, कला, कविता, भाषा, र सिर्जनात्मक अभिव्यक्तिकी अधिष्ठात्री देवी हुन्। विद्यार्थी, कलाकार, लेखक र विद्वान्हरूको लागि उनी प्रमुख आराध्य देवी हुन्। मञ्जुश्री र सरस्वती पति-पत्नीका रूपमा चिनिन्छन्, जहाँ मञ्जुश्री सर्वोच्च प्रज्ञा (बोधिचित्त) का प्रतीक हुन् भने सरस्वती (याङ्चेनमा) उक्त प्रज्ञालाई अभिव्यक्त गर्ने वाणी, सङ्गीत र कलाकी देवी हुन्। मञ्जुश्रीले अज्ञानताको अन्धकारलाई चिर्ने ज्ञानको तरवार चलाउँछन् भने सरस्वतीले वीणाको मधुर ध्वनिले सत्य र धर्मको सन्देश फैलाउँछिन्। यसरी, मञ्जुश्री र सरस्वती एक-अर्काका पूरक हुन्— एकले ज्ञानको बीजारोपण गर्छन् भने अर्कोले त्यसलाई सिर्जनात्मक अभिव्यक्तिमा परिणत गर्छिन्। यो सम्बन्ध हिन्दू परम्पराको ब्रह्मा-सरस्वतीको अवधारणासँग मिल्दोजुल्दो छ, तर बुद्ध धर्ममा यसले मञ्जुश्रीको बोधिसत्व स्वरूप र करुणासँग जोडिएको विशेष आयाम पाउँछ। |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तिमा भक्तजनहरूले अबिर, फलफूल लगायतका सामग्री राख्ने, बत्ती अगाडि बाली, धूप बाल्ने कार्यले मूर्तीको स्वरूप बिग्रिएको देखिन्छ। साथै, मूर्ती रहेको सेतो चुन लेपोतिएको भित्तामा जथाभावी लेखिएको देखिन्छ, जसले गर्दा सम्पदा प्रतिको अवस्थामा नकारात्मक असर पुर्‍याउनुका साथ, सम्पदा क्षेत्र कुरूप देखिएको छ। |

| क्र.सं | १२. | |
|---|---|---|
| १. | ID: | BDH12 |
| २. | नाम | वाराही |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ती |
| ४. | फोटो ID | BDH12 |
| ५. | नापहरू | ४१-२४ से.मी. |
| ६. | ऐतिहासिकता: | १८ औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको आजिमा गणपतिको पछाडि<br>Lat/Long: 27.7219661,85.3620465<br>DMS: 27° 43 ' 19.68 " N \| 85° 21 ' 43.37 " E<br>Elevation: 4360.06 ft asl. |
| ८. | सम्पदाको विवरण | बौद्ध महाचैत्यको पूर्व पश्चिमा चुन पोत्ने फेवरी जाने ढोकाको दायाँतिर यो मूर्ति रहेको छ। ढोकाको दायाँ रहेका यस वाराहीको मूर्तिमा चार हात देखाइएको छ। तल्लो दुई हातमा कर्ति पात्र र माथिल्लो दुई हातमा पनि दुई आयुध देखाइएको छ। यी आयुध स्पष्ट देखिएका छन्। शिरमा मुकुट र मुण्डमाला लगाएको देखाइएको यस मूर्ति प्रत्यालिढ आसनमा उभिएको देखाइएको छ। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | बौद्ध निर्माण सम्बन्धि नेवारी समुदायमा प्रचलित मिथक अनुसार एउटा कुमारले आफूले हत्या गरेको व्यक्ति स्वयम् आफ्नै पिता रहेको वास्तविकता थाहा पाएपछि पितृहत्याको प्रायश्चित गर्न वज्रयोगिनी पुगेको र वज्रयोगिनीले कुखुरा (नेवारीमा खा) छोडेर र कुखुरा जहाँ उडेर बस्छ, त्यहीं स्तूप निर्माण गर्नु भनी निर्देशन दिए अनुसार वज्रयोगिनीबाट छोडेर उडेको कुखुरा हालको बौद्ध स्तूप भएको ठाउँमा अवतरण गरेपछि त्यहि स्थानमा स्तूप निर्माणगर्न शुरुगरेका थिए। निर्माणको क्रममा ठोक दिन इहाहरू बनाए पछाडि चेलिपरले संगको सम्पर्क हुन्थ्यो, जो आएर बिगार्दै भनेर निगरानी गर्दाखेरि शुरु आएर बिगार्ने गरेको देखेपछि त्यस्तैको लागि वज्रवाराहि पुग्न वज्रवाराहिले राजालाई दर्शन दिई स्तूप निर्माणमा आफ्नो पनि योगदान होस भनी छाप मात्र जोडेको हो भनेको कथन छ। त्यसैले बौद्ध स्तूपमा वज्रवाराहिको मूर्ति प्रतिस्थापन गरिएको हो। |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तीमा भक्तजनहरूले अबिर, फलफूल लगायतका सामग्री राख्ने, मूर्ती अगाडी बत्ती, धूप बाल्ने कार्यले मूर्तीको स्वरूप बिग्रिदै गएको देखिन्छ साथै, मूर्ती रहेको सेतो चुनले पोतिएको भित्तामा जथाभावी लेखिएको देखिन्छ, जसले गर्दा सम्पदाहरूको आयुमा नकरात्मक असर पुर्याउनुका साथ, सम्पदा क्षेत्र कुरूप देखिएको छ। |

| क्र.सं. | १३. | |
|---|---|---|
| १. | ID: | BDH13 |
| २. | नाम | तिब्बती योगी |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ती |
| ४. | फोटो ID | BDH13 |
| ५. | नापमापहरू | ४०-२८ सेमी. |
| ६. | ऐतिहासिकता: | १८ औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको उत्तर मामथानको पछाडि<br>Lat/Long: 27.7219661,85.3620465<br>DMS: 27° 43' 19.08" N \| 85° 21' 43.37" E<br>Elevation: 4360.06 ft asl. |
| ८. | सम्पदाको विवरण | मामथानपछाडि रहेको भित्ताको खोपिमा रहेको यो प्रस्तर मूर्ती कमलासनमा ध्यानमुद्रामा बसेको देखिन्छ |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | तिब्बती बौद्धमार्गीहरूको लागि बौद्ध महास्तूप अत्यन्त पवित्र तीर्थस्थलको रूपमा प्राचीन कालदेखी रहदै आएको छ र विभिन्न धर्मगुरुहरू यस स्थानमा आइ ध्यान तपस्या र सिद्ध प्राप्त गर्नुका साथै विभिन्न कालखण्डमा भएका बौद्ध स्तूपको पुनःनिर्माणमा विशेष भूमिका रहेको देखिन्छ |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तीमा भक्तजनहरूले अबिर, फलफूल लगायतका सामग्री हाल्ने, मूर्ती अगाडी बत्ती, धूप बाल्ने कार्यले मूर्तीको स्वरूप बिग्रिँदै गएको देखिन्छ साथै, मूर्ती रहेको खोपी चुनले पोतिएको भित्तामा जथाभावी लेखिएको देखिन्छ, जसले गर्दा सम्पदाप्रतिको आस्थामा नकारात्मक असर पर्नुका साथ सम्पदा क्षेत्र कुरूप देखिएको छ |

| क्र.सं | १४. | |
|---|---|---|
| १. | ID: | BDH14 |
| २. | नाम | अमोघसिद्धि |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ती |
| ४. | फोटो ID | BDH14 |
| ५. | नापहरू | २५-१६ से.मी. |
| ६. | ऐतिहासिकता: | १८ औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको उत्तर मण्डपको पछाडि<br>Lat/Long: 27.7219561,85.3620465<br>DMS: 27° 43' 19.68'' N \| 85° 21' 43.37'' E<br>Elevation: 4360.06 ft asl. |
| ८. | सम्पदाको विवरण | महान अमोघसिद्धि बुद्धलाई प्रायः ध्यान मुद्रामा (पद्मासन) बसेको अवस्थामा देखाइन्छ। उहाँको शरीरको रङ हरियो हुन्छ, जसले वातावरणलाई शान्त पार्ने र चिन्ता कम गर्ने गुणलाई संकेत गर्दछ। उहाँको दाहिने हात अभय मुद्रा (हत्केला अगाडि फर्केको र औंलाहरू माथि उठेको) मा हुन्छ, जसले भक्तजनहरूलाई सुरक्षा, शान्ति र कुनै पनि प्रकारको भयबाट मुक्तिको प्रतीक मानिन्छ। बायाँ हात प्रायः काखमा ध्यान मुद्रामा राखिएको हुन्छ र त्यसमा उहाँको प्रतीक विश्ववज्र (दोहोरो वज्र) हुन्छ। यो चिह्नले उहाँको शक्ति अपराजित रहेको र सबै दिशामा कार्य गर्न सक्ने क्षमता देखाउँछ। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | महायान बौद्ध धर्मका चैत्यमा हुने चार बुद्धमध्ये उत्तरदिशामा रहने यस बुद्ध उत्तरदिशाका शासक मानिने गरेको छ। मण्डलमा प्रायः देखाइने यस बुद्धको शक्ति अपराजिता र हरियो रङको देखाउने गरिन्छ। तिनको वाहन गरुड देखाउने गरिन्छ। अमोघसिद्धि बुद्ध पाँच ध्यानी बुद्धमध्ये एक हुनु, जो उत्तरदिशाका स्वामी, हरियो वर्णका र कर्मपरिवारका प्रमुख हुनु। उहाँको सबैभन्दा ठूलो महत्व मानव मनको ईर्ष्या (ईर्ष्या) नामक क्लेशलाई "सबै कार्य सिद्ध गर्ने ज्ञान" मा रूपान्तरण गर्नु हो। अभय मुद्रा (निडरताको प्रतीक) र विश्ववज्र (दोहोरो वज्र) चिह्न धारण गरेका उहाँले भक्तजनलाई मृत्युको भयबाट मुक्त गर्दै धर्मको मार्गमा अग्रसर गराउँछन्। उहाँको ध्यान र उपासनाले व्यक्तिलाई लक्ष्यको सफलताबाट जस्तुको महा प्रेरणा लिएर आफ्नो कर्तव्य निःस्वार्थ भावले पूरा गर्न सक्षम बनाउँछ |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तीमा भक्तजनहरूले अबिर, फलफूल लगायतका सामग्री राख्ने, धूप अगरबत्ती, धूप बाल्ने आदिले मूर्तीको स्वरूप बिग्रिएको देखिन्छ। साथै, मूर्ती रहेको भित्तो चुन लेपोतिएको भित्तामा जथाभावी लेखिएको देखिन्छ, जसले गर्दा सम्पदाप्रतिको आस्थामा नकारात्मक असर पुर्‍याउनुका साथै सम्पदा क्षेत्र कुरूप देखिएको छ |

| क्र.सं | १५ | |
|---|---|---|
| १. | ID: | BDH15 |
| २. | नाम | तारा, अमिताभ, अक्षोभ्यका मूर्तिहरू |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ति |
| ४. | फोटो ID | BDH15 |
| ५. | नापहरू | तारा- ११-२१ सेमी., अमिताभ- २२-२५ सेमी., अक्षोभ्य - २२-२५ सेमी, अक्षोभ्य- १५-२४ सेमी. |
| ६. | ऐतिहासिकता: | १८ औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको उत्तर स्थानको पछाडि<br>Lat/Long: 27.7219661,85.3620465<br>DMS: 27° 43' 19.08" N \| 85° 21' 43.37" E<br>Elevation: 4360.06 ft.asl. |
| ८. | सम्पदाको विवरण | चैत्यका चार दिशामा रहने बुद्ध मूर्तिहरू राख्नेगरिन्छ। चार दिशा बीचका कुनाका दिशामा ताराको मूर्ति पनि राख्नेगरिन्छ। यहाँ बुद्धका चार मूर्ति र चैत्यको उत्तरपूर्व कुनामा रहने ताराको मूर्ति यहाँ एउटै स्थानमा राखिएको छ चैत्यका कुनामा बुद्धका शक्तिका मूर्ति राख्ने चलन वज्रयान पछि चलेको देखिन्छ। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | पाँच ध्यानी बुद्धमध्ये अमिताभ र अक्षोभ्य बुद्धको मूर्ति विशेषता भिन्न छन्। यसै क्रममा अमिताभ बुद्ध पश्चिम दिशाका स्वामी हुन् र उहाँलाई सधैं दुवै हात काखमा राखी ध्यान मुद्रामा बसेको अवस्थामा देखाइन्छ, जसले अपार दया र करुणाको प्रतीक हो। नीलो वर्णका अक्षोभ्य बुद्ध पूर्व दिशाका स्वामी हुन् र उहाँको पहिचान भूमिस्पर्श मुद्रा (दाहिने हातले धर्ती छोएको) हो, जसले दृढता र अचलताको प्रतीक हो। अमिताभको वाहन मयूर तथा प्रतीक कमल हो भने अक्षोभ्यको वाहन हात्ती तथा प्रतीक वज्र हो। यसरी रङ, मुद्रा र वाहनले यी दुई बुद्धलाई एकअर्काबाट स्पष्ट रूपमा छुट्याउँछ |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तिहरूका अनुहार लगायतका भागहरू खोइरिएको देखिन्छ। भक्तजनहरूले अबिर, फलफूल लगायतका सामग्री दल्ने, मूर्ती अगाडि बत्ती, धुप बाल्ने कार्यले मूर्तीको स्वरूप बिग्रिँदै गएको देखिन्छ। साथै, मूर्ति रहेको ठेलो चुनाले पोतिएको भित्तामा नयाँ भाग जोडिएको देखिन्छ, जसलेगर्दा सम्पदा प्रतिको आस्थामा नकरात्मक असर पर्नुका साथै सम्पदा क्षेत्र कुरूप देखिएको छ |

| | | |
|---|---|---|
| क्र.सं. | १६. | |
| १. | ID: | BDH16 |
| २. | नाम | पद्मपाणि |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ति |
| ४. | फोटो ID | BDH16 |
| ५. | मापहरू | ६६-२२ से.मी. |
| ६. | ऐतिहासिकता: | २०/२१ औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको उत्तर मण्डपको पछाडि<br>Lat/Long: 27.7218561,85.3620465<br>DMS: 27° 43 ' 18.68 " N \| 85° 21 ' 43.37 " E<br>Elevation: 4360.06 ft asl. |
| ८. | सम्पदाको विवरण | काठमाडौं उपत्यकामा पद्मपाणि लोकेश्वर विभिन्न मूर्ति पाइएका छन्। अमिताभ बुद्धसँग सम्बन्धित मानिने यस बुद्धलाई चैत्यको पश्चिम दिशामा राखेको पाइन्छ। बौद्ध महाचैत्यको उत्तरमा मण्डपको पछाडि भित्तामा राखिएको यो मूर्तीको शिलालेख र यहाँका अन्य मूर्ती राखिएको छ। पद्मपाणि पनि अवलोकितेश्वरको एक रूप हुन्। उहाँलाई सामान्यतया सुखावती स्वर्गमा अमिताभ बुद्धको दाहिने पट्टि उभिएको अवस्थामा देखिन्छ। उहाँलाई सेतो रङको चित्रण गरिन्छ। उहाँले देब्रे हातमा कमलको फूल धारण गरेको हुन्छ भने दाहिने हातले वरदा मुद्रा (वरदान दिने हातचिन्ह) देखाउँछ। उहाँले काँधमा हरिणको छाला ओढेका हुन्छन्। बोधिसत्वको प्रतीक मानिने सम्पूर्ण आभूषणहरू उहाँले धारण गरेका हुन्छन्, जसले उहाँको ज्ञानात्मा अनुभवलाई संकेत गर्दछ। उहाँले मुकुट पहिरेका हुन्छन् र उहाँको कपाल गाँसिएर शीर्षमा गाँठो परेको हुन्छ। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | पद्मपाणि लोकेश्वर, करुणाका बोधिसत्व अवलोकितेश्वरको एक अत्यन्त महत्वपूर्ण रूप हुन्, जसको नामले नै "हातमा कमल धारण गर्ने" भन्ने संकेत गर्दछ। उहाँको महत्व यस कुरामा निहित छ कि उहाँ करुणा र ज्ञान दुवैका प्रतीक हुनु; देब्रे हातमा रहेको कमलले आध्यात्मिक पवित्रता र ज्ञानको विकासलाई जनाउँछ भने दाहिने हातको वरदा मुद्राले सबै प्राणी प्रति असीम करुणा र वरदान प्रदान गर्ने संकेत गर्दछ। अमिताभ बुद्धसँगको उहाँको अटूट सम्बन्ध र किंवदन्ती अनुसार प्राणीलाई उद्धार गर्ने कथाले परोपकार र संवेदनशीलताको आदर्श उदाहरण प्रस्तुत गर्दछ। काठमाडौं उपत्यकामा लिच्छविकालदेखि नै उहाँका मूर्तिहरू पाइनुले नेपालको बौद्ध परम्परामा उहाँको ऐतिहासिक तथा सांस्कृतिक महत्वलाई पनि उजागर गर्दछ। |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तिहरूका अनुहार लगायतका भागहरू खोटिएको देखिन्छ। मूर्तीमा भक्तजनहरूले अबिर, फलफूल लगायतका सामग्री दल्ने, मूर्ती अगाडी बत्ती, धूप बाल्ने कार्यले मूर्तीको स्वरूप बिग्रिएको देखिन्छ। |

| क्र.सं. | १७ | |
|---|---|---|
| १. | ID: | BDH 17 |
| २. | नाम | अक्षोभ्य |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ति |
| ४. | फोटो ID | BDH 17 |
| ५. | नापमापहरू | ४५-२४ से.मी. |
| ६. | ऐतिहासिकता: | ११ औं शताब्दी |
| ७. | स्थान | अवस्थिती: बौद्ध महाचैत्यको अजिमा नकमाको पछाडि<br>Lat/Long: 27.7219561,85.3620465<br>DMS: 27° 43' 18.68'' N \| 85° 21' 43.37'' E<br>Elevation: 4360.06 ft asl. |
| ८. | सम्पदाको विवरण | चैत्यमा अक्षोभ्य पूर्वदिशाका मालिक मानिन्छन्। हात्ति वाहन देखाइने यस बुद्धका शक्ति लोचना हुन्। यस बुद्धको रङ्ग नीलो देखाइने गरिन्छ। अक्षोभ्य बुद्ध पाँच ध्यानी बुद्धमध्ये एक हुन् र उहाँलाई पूर्व दिशाको स्वामी मानिन्छ। उहाँको नामको अर्थ 'अचल' वा 'नहल्ने' भन्ने हुन्छ, जसले उहाँको गहिरो ध्यान र अटल संकल्पलाई जनाउँदछ। मूर्तिकलामा उहाँलाई सामान्यतया गाढा नीलो रङमा चित्रण गरिन्छ, जसले आकाशको भाव र स्थिरताको प्रतीक हो। उहाँ प्रायः भूमिस्पर्श मुद्रा (दाहिने हातले धर्ती छोएको) मा विराजमान हुनुहुन्छ, जसले बुद्धत्व प्राप्त गर्दा धर्तीलाई साक्षी राखेको ऐतिहासिक क्षणको सम्झना गराउँदछ। उहाँको बायाँ हात काखमा ध्यान मुद्रामा रहेको हुन्छ र प्रायः त्यसमा वज्र (डोर्जे) रहेको हुन्छ, जो उहाँको मुख्य पहिचान चिह्न हो। उहाँको सिंहासनलाई दुई हात्तीले सहारा दिएको हुन्छ, जसले सामर्थ्य र स्थिरताको प्रतीक हो। उहाँ वज्र परिवारका प्रमुख हुन् र उहाँलाई रातो वर्णका अमिताभ बुद्धको ध्यान मुद्रा वा हरियो वर्णका अमोघसिद्धि बुद्धको अभय मुद्रासँग मिलिने छुट्याउन सकिन्छ। |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तिहरूका अनुहार तथा पछाडि भागहरू चोइटिएको देखिन्छ। मूर्तीमा भक्तजनहरूले अबिर, फलफूल लगायतका सामग्री दल्ने, मूर्ती अगाडि बत्ती, धूप बाल्ने कार्यले मूर्तीको स्वरूप बिग्रिदै गएको देखिन्छ। |

| क्र.सं | १८. | |
|---|---|---|
| १. | ID: | BDH18 |
| २. | नाम | भगीरथ |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ती |
| ४. | फोटो ID | BDH18 |
| ५. | नापहरू | ३१-१६ से.मी. |
| ६. | ऐतिहासिकता: | १४ औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको ... पछाडि<br>Lat/Long: 27.7218661,85.3620465<br>DMS: 27° 43' 18.68" N \| 85° 21' 43.37" E<br>Elevation: 4360.06 ft asl. |
| ८. | सम्पदाको विवरण | ढुङ्गेधाराको तलतिर रहने भगीरथको मूर्तिको हातमा शंख (conch) देखाउने गरिन्छ। स्वर्गबाट पृथ्वीमा पानी ल्याउन अथक प्रयास गर्ने इक्ष्वाकु वंशका राजा भगीरथका कथा हिन्दु पुराणहरूमा उल्लेख भएको पाइन्छ। धार्मिक मान्यता अनुसार, यसको कथामा ढुङ्गेधारासँग राजा भगीरथको कथासँग महादेव र गङ्गाको किस्सा जोडिएको हुन्छ। राजा भगीरथले कैलाशमा गएर महादेवको तपस्या गर्दै पितृ उद्धारका कार्य गर्न वर माग्दा महादेवको जटाबाट गङ्गा नदी बग्यो र त्यही पानी जहाँ जहाँ बग्दै गयो त्यहाँ गङ्गाका रूपमा पुजियो। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | राजा भगीरथ हिन्दू धर्मका एक महान् तपस्वी एवं आदर्श पात्र हुन्, जसको सबभन्दा ठूलो महत्व गङ्गा नदीलाई स्वर्गबाट पृथ्वीमा अवतरित गराउनु हो। आफ्ना पूर्वज (सगरका ६०,००० पुत्र) को उद्धारका लागि उनले राजपाट त्यागी अटल तपस्या गरेर ब्रह्मा र शिवलाई प्रसन्न पारे, जसकारण गङ्गा शिवको जटामा समाई पृथ्वीमा आउन सकिन्। यसै गङ्गा ल्याएकैले उनको नाम 'भगीरथ' र गङ्गाको नाम 'भागीरथी' रहन गयो। कठिन कार्य सम्पन्न गर्ने गरिएको ठूलो प्रयासलाई आज पनि "भगीरथ प्रयत्न" भनिन्छ, र नेपालका परम्परागत ढुंगेधाराहरूमा उनलाई पानी ल्याउने देवता (पोहँ देउता) का रूपमा समेत पूजा गरिन्छ। |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तीमा भक्तजनहरूले अबिर, फलफूल लगायतका सामग्री राख्ने, मूर्ती अगाडि बत्ती, धूप बाल्ने कार्यले मूर्तीको स्वरूप बिग्रिई गएको देखिन्छ। साथै, मूर्ती रहेको सेतो चुन लेपोटिएको भित्तामा जथाभावी लेखिएको देखिन्छ, जसले गर्दा सम्पदाप्रतिको आस्थामा नकारात्मक असर पुर्‍याउनुका साथ, सम्पदा क्षेत्र कुरूप देखिएको छ |

| क्र.सं | १९. | |
|---|---|---|
| १. | ID: | BDH19 |
| २. | नाम | आर्य अवलोकितेश्वर |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ति |
| ४. | फोटो ID | BDH19 |
| ५. | मापनहरु | ३१-२१ से.मी |
| ६. | ऐतिहासिकता: | १८ औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको उत्तर बरण्डाको पछाडि<br>Lat/Long: 27.7218561,85.3620465<br>DMS: 27° 43' 18.68'' N \| 85° 21' 43.37'' E :<br>Elevation: 4360.06 ft asl. |
| ८. | सम्पदाको विवरण | यो आर्य अवलोकितेश्वरको मूर्तिको चार हात भएको रुप(सबैभन्दा सामान्य) हो जसमा दुई हात छाती अगाडि प्रार्थना मुद्रामा (करुणाको प्रतीक) देखेको छ आर्य अवलोकितेश्वरको दायाँ हातमा माला (जपमाला) र अर्को हातमा कमल (पवित्रताको प्रतीक) देखेको छ यस मूर्तिको अर्को विशेषता भनेको सेतो रंगको शरीर, शान्त, करुणामय अनुहार हो। त्यसैगरी आर्य अवलोकितेश्वरको अर्को रुपमा हजार हात-हजार आँखा रुपको रुपमा पनि हातहरु (१००० सम्म) र प्रत्येक हातमा आँखा (सबै प्राणीलाई हेर्ने सहयोग गर्ने प्रतीक) देखेको हुन्छ |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | अवलोकितेश्वर महायान बौद्ध धर्म अनुसार दश भूमिमा स्थित आठ महा बोधिसत्वहरु मध्यका प्रमुखको रुपमा मानिन्छ। उहालाई अनेकौ नामहरुले पुकार्ने गर्दछन। जस्तै लोकनाथ, लोकेश्वर, करुणामय, पद्मपाणी, चतुर्भुज देव जस्ता नामले परिचित हुनुहुन्छ। र यहा कालान्तरमा हजार चक्रवर्ती राजा, हजार भद्रकल्पका बुद्ध जस्तो, धर्मसम्राट, धर्म गुरुहरुको विभिन्न रुपमा अवतरण गर्नु हुने छन्। र अवतरण गर्नु भई जगत हित र शान्तिको सन्देश दर्शाउनु भएको पनि छन्। यहाको उक्त मन्त्र ओम मणि पद्मे हुं भन्ने मन्त्रलाई हजारौं वर्षदेखि वर्तमान कालसम्म हिमाली तथा पहाडी बासीहरुले जप्ने चलन व्यापक रुपमा चल्दै आएको छ। यो मन्त्र जप गर्नाले असंख्य लाभ गुण अनि विघ्न बाधा दुख, रोग कष्ट हटेर जाने अनि सारा विश्वमा सुख शान्ति अनि समृद्धि हुने विश्वास गरिन्छ |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरु | मूर्तीको अनुहार लगायतका भागहरु चोइटिएको देखिन्छ मूर्तीमा भक्तजनहरुले अबिर, फलफूल लगायतका सामग्री राख्ने, मूर्ती अगाडी बत्ती, धूप बाल्ने आदिले मूर्तीको स्वरुप बिग्रिदै गएको देखिन्छ |

| क्र.सं. | २०. | |
|---|---|---|
| १. | ID: | BDH20 |
| २. | नाम | पञ्च बुद्ध |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ति |
| ४. | फोटो ID | BDH20 |
| ५. | मापहरू | ११-२२ सेमी. |
| ६. | ऐतिहासिकता: | २०/२१ औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको उत्तर तर्फको पछाडि<br>Lat/Long: 27.7218961,85.3620446<br>DMS: 27° 43' 18.68'' N \| 85° 21' 43.37'' E<br>Elevation: 4360.06 ft asl. |
| ८. | सम्पदाको विवरण | बुद्ध धर्ममा पञ्च बुद्ध विभिन्न दिशाका प्रतिक मानिन्छन्। अक्षोभ्य, रत्न सम्भव, अमिताभ, अमोघसिद्धि र वैरोचन पञ्च बुद्धहरू हुन्। अक्षोभ्य पूर्वमा, रत्नसम्भव दक्षिणमा, अमिताभ पश्चिममा, अमोघसिद्धि उत्तरमा र वैरोचन आकाश अर्थात शुन्यताको प्रतिक मानिन्छ। यी पञ्च बुद्धसँग सम्बद्ध शक्ति र बोधिसत्त्व हुने गर्दछ। निलो, पहेँलो, रातो, हरियो र सेतो रङ्ग देखाइने यी बुद्धका फरक फरक आसन र बुद्धका साथै विभिन्न वाहन देखाइने गरिन्छ। पञ्च बुद्धलाई चैत्यमा चार दिशामा र दक्षिणपूर्व दिशामा वैरोचन देखाइने गरिन्छ। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | यी पाँच बुद्धलाई तिनका आ-आफ्नै विशेषता अनुसार यसरी पहिचान गर्न सकिन्छ:<br><br>१. वैरोचन बुद्ध (केन्द्र):<br>रङ: सेतो, जसले धर्मकाय (सत्यको शरीर) र आकाशको मूलस्वभावलाई जनाउँछ।<br>मुद्रा: उनीले धर्मचक्र मुद्रा (दुवै हातले चक्रको प्रतीक बनाएको) देखाउनुहुन्छ, जसले बुद्धले धर्मको शिक्षा दिएको प्रतीक हो।<br>वाहन: उनीको सिंहासनलाई दुई सिंहले समर्थन गरेको हुन्छ, जसले बुद्धत्वको शक्ति र निर्भयताको प्रतीक हो।<br><br>२. अक्षोभ्य बुद्ध (पूर्व):<br>रङ: गाढा नीलो, जसले अचलता र क्रोधलाई जितेको ज्ञानको प्रतीक हो।<br>मुद्रा: उनी भूमिस्पर्श मुद्रामा हुनुहुन्छ, जसले बुद्धले धर्तीलाई साक्षी राखेर मार (विघ्न) लाई जितेको क्षणलाई सम्झाउँछ।<br>प्रतीक: उनीको बायाँ हातमा वज्र (डोर्जे) रहेको हुन्छ, जो उनीको मुख्य पहिचान हो। |

| | | |
|---|---|---|
| | | ३. रत्नसम्भव बुद्ध (दक्षिण):<br>रङ: सुनौलो पहेँलो, जसले समृद्धि, दान र रत्नको गुणलाई जनाउँछ<br>मुद्रा: उहाँले वरद मुद्रा (दाहिने हात तलतिर फर्काएर औँला फैलाएको) देखाउनुहुन्छ, जसले दान र वरदान दिने भावना प्रकट गर्छ<br>प्रतीक: उहाँले आफ्नो हातमा रत्न (चिन्तामणि) धारण गरेको हुन्छ<br><br>४. अमिताभ बुद्ध (पश्चिम):<br>रङ: रातो, जसले करुणा, प्रेम र पश्चिम दिशामा अस्ताउँदो सूर्यको प्रकाशको प्रतीक हो<br>मुद्रा: उहाँलाई सधैँ ध्यान मुद्रा (दुवै हात काखमा राखी हत्केला माथितिर फर्काएको) मा देखाइन्छ<br>प्रतीक: उहाँको ध्यानमग्न हातहरूमा प्रायः भिक्षापात्र (भिक्षपात्र) रहेको हुन्छ<br><br>५. अमोघसिद्धि बुद्ध (उत्तर):<br>रङ: हरियो, जसले सम्पूर्ण क्रियाशीलता, चिन्ता र डरलाई कम गर्ने शक्तिको प्रतीक हो<br>मुद्रा: उहाँले अभय मुद्रा (दाहिने हात माथि उठाएर हत्केला अगाडि फर्काएको) देखाउनुहुन्छ, जसले भक्तजनलाई निर्भयता र सुरक्षा प्रदान गर्ने संकेत गर्छ |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तिहरूका अनुहार तथा पछाडिका भागहरू चोटिएका देखिन्छन्, मूर्तिमा भक्तजनहरूले अबिर, फलफूल लगायतका सामग्री राख्ने, मूर्ती अगाडि बत्ती, धूप बाल्ने कार्यले मूर्तीको स्वरूप बिग्रिँदै गएको देखिन्छ |

| क्र.सं. | श्र. | |
|---|---|---|
| १. | ID: | BDH21 |
| २. | नाम | महाँकाल |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ति |
| ४. | फोटो ID | BDH21 |
| ५. | नापहरू | ५४-३२ से.मी. |
| ६. | ऐतिहासिकता: | यस महाँकालको खुट्टाको भाग जमिनमा गाडिएको छ। यसको माथिको भाग ईशाँ १७ औं शताब्दीको मूर्तिसँग मिल्दो देखिएको छ। |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको उत्तर बस्थानको पछाडि<br>Lat/Long: 27.7218561,85.3620465<br>DMS: 27° 43' 18.68'' N \| 85° 21' 43.37'' E<br>Elevation: 4360.06 ft asl. |
| ८. | सम्पदाको विवरण | बौद्ध धर्म र हिन्दू धर्ममा महाकाल भनेर चिनिने यी देवता दुवै धर्ममा महत्वपूर्ण मानिन्छ। हिन्दू धर्ममा, महाँकाल प्रायः भगवान शिवसँग सम्बन्धित मानिन्छ। शिवको उग्र रूपमा पुजिने महाँकाल प्रलयकारी भनेर चिनिने यस। देवतालाई सधैं युगौ [illegible] मान्यता छ। मानिसहरूले शान्ति, सुरक्षाका लागि पुजिने देवता भएकाले दुष्टलाई देशको रक्षक मान्ने गरिन्छ भने बौद्ध परम्परामा महाँकाल विहारको मुख्य ढोकाको द्वारपालका रूपमा राख्ने गरिन्छ। बौद्ध धर्ममा, विशेष गरी वज्रयानमा, महाकाल बोधिसत्व अवलोकितेश्वर वा चेन्रेजिगको क्रोधित अभिव्यक्ति मानिन्छ, धर्मपालको रूपमा, महाकाल धर्मको रक्षक हो र आध्यात्मिक मार्गमा अवरोधहरू हटाउन आह्वान गरिने गरिन्छ। महाकालको उग्र रूपले अज्ञानता र नकारात्मकतालाई हटाउने विश्वास गरिएको छ। यस महाकालको मूर्ति स्वयम्भूमा [illegible] भित्तामा राखिएको छ। हातमा कति र [illegible] अन्य आयुध देखाउने यस मूर्तिको मुख्य रूप उग्र देखाउने गरिन्छ। बेताल आसन [illegible] देखाउने यस मूर्तिको आधा भाग जमिनमा गाडिएको अवस्थामा छ। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | हिमाली बौद्ध धर्ममा महाँकाल सबैभन्दा शक्तिशाली र प्रमुख रक्षक देवता (धर्मपाल) मानिन्छन्। उहाँलाई करुणाका बोधिसत्व अवलोकितेश्वर वा आदि बुद्ध वज्रधरको क्रोधी स्वरूपका रूपमा हेरिन्छ, जसले बुद्ध धर्मको रक्षा र साधकहरूको मार्गमा आउने आन्तरिक तथा बाह्य अवरोधहरू हटाउने कार्य गर्दछन्। विभिन्न सम्प्रदाय अनुसार उहाँका अनेक रूपहरू छन्—दुई हाते (बेर्नाक्चेन) कर्मा काग्यू परम्पराका रक्षक हुन् भने चार हाते काग्यू र निङ्मा परम्परामा पूजिन्छन्, र छ हाते महाँकाल गेलुग परम्पराका विशेष रक्षक हुन्। मूर्तिकलामा उहाँलाई सधैं क्रोधी स्वरूपमा चित्रण गरिन्छ—पाँचवटा आँखोपटी कपाल, ठूला खिरेको, खप्परको मुकुट पहिरेको, एक हातमा कत्ती र अर्को हातमा रगतले भरिएको कपालपात्र लिएको, अहंकारको प्रतीक विनायक वा मृत शरीरमाथि उभिएको अवस्थामा देखाइन्छ। उहाँको साथमा प्रायः उनकी शक्ति श्रीदेवी (पाल्देन ल्हामो) रहन्छिन्। तिब्बत, नेपाल, भुटान र मङ्गोलियामा आज पनि उहाँको उपासना जीवन्त छ। |

| | | |
|---|---|---|
| १८. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तिहरूका अङ्गहरू लगायतका भागहरू चोरिएको देखिन्न । मूर्तिमा भक्तजनहरूले अबिर, फलफूल लगायतका सामग्री दिने, मूर्ती अगाडी बत्ती, धूप बाल्ने कार्यले मूर्तिको स्वरुपबिग्रिदै गएको देखिन्छ |

| क्र.सं. | २२. | |
|---|---|---|
| १. | ID: | BDH22 |
| २. | नाम | रत्नसम्भव |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ति |
| ४. | फोटो ID | BDH22 |
| ५. | मापनहरू | ५४-३२ से.मी. |
| ६. | ऐतिहासिकता: | २०/२१ औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको उत्तर मण्डपको पछाडि<br>Lat/Long: 27.7218561,85.3620465<br>DMS: 27° 43' 18.68" N \| 85° 21' 43.37" E<br>Elevation: 4360.06 ft asl. |
| ८. | सम्पदाको विवरण | पन्च बुद्धमा रत्नसम्भव चैत्यको दक्षिण दिशामा रहने गरिन्छ रत्न सम्भवलाई दक्षिण दिशाका मालिक मानिन्छ। घोडा वाहन रहने यस बुद्धका शक्ति मामकी हुन्। दायाँ हातमा रत्नमणि समाएको देखाउने यस बुद्धको रङ्ग पहेंलो देखाउने गरिन्छ। तिनलाई पृथ्वी तत्वको प्रतिक मानिन्छ। पद्मासन (कमल आसन) - दुवै खुट्टा कटक लगाएर ध्यान मुद्रामा बसेको अवस्थामा वरद मुद्रा (वरदान मुद्रा) - दाहिने हात घुँडा तर्फ झुकाएर हत्केला बाहिर फर्काइएको, बायाँ हात काखमा ध्यान मुद्रामा रहन्छ र त्यसमा तीन वटा मूल्यवान रत्नहरू (चिन्तामणि) रहेको हुन्छ, जसले उहाँको रत्न परिवारको नेतृत्व र ज्ञानको अथाह स्रोत हुनुको प्रतीक हो। उहाँको सिंहासनलाई घोडा (अश्व) ले सहारा दिएको हुन्छ |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | तिब्बती बौद्ध धर्ममा अमोघसिद्धि बुद्ध पाँच ध्यानी बुद्धमध्ये एक र उत्तर दिशाका स्वामी हुन्, जो कर्म परिवारका प्रमुख मानिन्छन्। उहाँको नामको अर्थ 'असफल नहुने सिद्धि' हो र उहाँलाई सबै कार्य सिद्ध गर्ने बुद्धको रूपमा हेरिन्छ उहाँको मुख्य महत्व मानव मनको ईर्ष्या नामक क्लेशलाई सबै कार्य सिद्ध गर्ने ज्ञान मा रूपान्तरण गर्नु हो। हरियो रङका यी बुद्धले अभय मुद्रा (निर्भयता प्रदान गर्ने हस्तचिन्ह) देखाउँछन् र बायाँ हातमा विश्ववज्र (दोहोरो डोर्जे) धारण गर्छन्, जसले सबै दिशामा कार्य गर्न सक्ने क्षमता र अवरोधरहित सफलताको प्रतीक हो। उहाँलाई हरियो तारासँग पनि सम्बन्धित गरिन्छ र उहाँको ध्यानले साधकलाई ईर्ष्याबाट मुक्त गराई यी कार्य क्षेत्रहरूमा सफलता, शान्ति र निर्भीकता प्रदान गर्दछ |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तिहरूका अनुसार लगायतका भागहरू चोरीएको देखिन्छ मूर्तिमा भक्तजनहरूले अबिर, फलफूल लगायतका सामग्री दल्ने, मूर्ती अगाडी बत्ती, धूप बाल्ने कार्यले मूर्तीको स्वरूप बिग्रिँदै गएको देखिन्छ |

| | | |
|---|---|---|
| क्र.सं. | २३. | |
| १. | ID: | BDH23 |
| २. | नाम | एकाइ खावागुची बस्नेघर |
| ३. | मूर्त सम्पदाको प्रकार | स्मारक |
| ४. | पोर्टल ID | BDH23 |
| ५. | ऐतिहासिकता | सन् १८९९ को फेब्रुअरि महिनामा बौद्ध धर्मको मौलिक ग्रन्थ प्राप्त गर्ने उद्देश्यले तिब्बतको यात्राको क्रममा नेपाल आइपुगेका पहिलो जापानी यात्री एकाइ खावागुची श्री बुद्धवज्र लामाको संरक्षणमा केही समय यस बौद्धमा रहनु भएको थियो। अनेक दुःखकष्ट सहँदै अन्ततः तिब्बत पुगेका उनले विभिन्न महत्वपूर्ण ग्रन्थहरू संकलन गरी जापान लगेका थिए यो महान कार्य सम्पन्न गर्न उनलाई गुरु बुद्धवज्र लामा लगायत अन्य धेरै नेपालीहरूको ठूलो सहयोग प्राप्त भएको थियो। नेपाल प्रवेश गर्ने प्रथम जापानी यात्री खावागुचीसँग अति गहिरो सम्बन्ध भएको यस स्थानमा जापान र नेपाल दुवै देशका जनता बीच अटुट मैत्री सम्बन्धको कामना गरी नेपाल र नेपाली प्रतिको कृतज्ञताको प्रतीक स्वरूप सन् १९९७ नोभेम्बरमा यो स्मारक स्थापना गरिएको थियो। |
| ६. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको उत्तर [illegible]<br>Lat/Long: 27.7220267,85.362196<br>DMS: 27° 43 ' 19.3 " N \| 85° 21 ' 43.87 " E<br>Elevation: 1340.39 m asl. |
| ७. | सम्पदाको भौतिक विवरण | स्मारकस्थान अगाडि ठूलो ग्रेनाइट ढुंगामा रहेको उनको भित्तामा खावागुचीको प्रस्तर चित्र सहित उनको नेपाल विशेषतः बौद्धसँगको सम्बन्धको विवरण रहेको तीन वटा प्रस्तर लेख छन्। लेखहरू नेपाली, अंग्रेजी र जापानी भाषामा लेखिएका छन्। |
| ८. | वर्तमान अवस्था तथा जोखिमहरू | स्मारक ढुंगामा बत्ती र धूप बाल्ने कार्यले प्रस्तर चित्र धुवाँले कालो भएको देखिन्छ। स्मारक ढुंगामा यस्ता कार्य निषेध तथा नियमित सरसफाइ गर्नुपर्ने देखिन्छ। |

| क्र.सं | २४. | |
|---|---|---|
| १. | ID: | BDH24 |
| २. | नाम | विश्वशान्ति घन्टि |
| ३. | मूर्त सम्पदाको प्रकार | ताम्र घन्टि |
| ४. | फोटो ID | BDH24 |
| ५. | ऐतिहासिकता | यो घन्टि अक्षेय ताप्पा छुङ्लुङ् रिन्पोछेज्यूको विशेषपहलमा तिब्बती सिङ्सा मेडिटेसन सेन्टरबाट उपहारस्वरूप प्रदान गरिएको हो। यसको स्थापना विक्रम संवत् २०६३ सालमा गरिएको थियो। बौद्धविधि घन्टको उद्घाटन विक्रम संवत् २०६३ साल असार २७ गते गरिएको थियो। उक्त अवसरमा चिनियाँ लामा श्री खेन दोर्जे लामा र प्रमुख लामा श्री [illegible] लामा उपस्थित हुनुभएको थियो। कार्यक्रम बौद्ध परम्पराअनुसार सम्पन्न गरिएको थियो। स्थापनाको क्रममा केही प्रकार अड्चनहरू देखिएका थिए तर अन्ततः पुरातत्व विभागबाट स्वीकृति प्राप्त भयो। विभिन्न संघसंस्था, धर्मावलम्बी, बुद्धिजीवी तथा दाताहरूको सहकार्यमा यो कार्य सफल भयो। |
| ६. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको [illegible] अगाडि<br>Lat/Long: 27.7220267,85.3621297<br>DMS: 27° 43 ' 19.3 " N \| 85° 21 ' 43.67 " E<br>Elevation: 4359.31 ft asl. |
| ७. | बनावटको विवरण | यो घन्टि जर्मनीमा निर्माण गरिएको हो। विभिन्न धातुहरूको संयोजनबाट तयार पारिएको यस घन्टको तौल करिब साढे दुई टन छ। यसको लागत झण्डै एक लाख पचास हजार अमेरिकी डलर परेको बताइन्छ। घन्टमा भगवान बुद्धका वाणी र पवित्र मन्त्रहरू कुँदिएका छन्। यस कारण यसलाई विशेष आध्यात्मिक महत्वको प्रतीक मानिन्छ। यस्तै प्रकारका विश्वशान्ति घन्ट भारतका बोधगया, कुशीनगर, सारनाथ तथा नेपालको लुम्बिनीमा पनि स्थापना भइसकेका छन्। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | काठमाडौंको बौद्धनाथ स्तूप क्षेत्रमा स्थापना गरिएको विश्वशान्ति घन्टि धार्मिक, सांस्कृतिक तथा आध्यात्मिक दृष्टिले महत्वपूर्ण धरोहर हो। यस्तै प्रकारका विश्वशान्ति घन्ट भारतका बोधगया, कुशीनगर, सारनाथ तथा नेपालको लुम्बिनीमा पनि स्थापना भइसकेका छन्। आज यो विश्वशान्ति घन्ट बौद्ध क्षेत्रको गौरव बनेको छ। यसले शान्ति, सद्भाव र मानव कल्याणको सन्देश प्रवाह गरिरहेको छ। |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | यो सम्पदा सामान्य अवस्थामा नै देखिन्छ। |

| क्र.सं. | २५ | |
|---|---|---|
| १. | ID: | BDH25 |
| २. | नाम | गणेश थान |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ति |
| ४. | फोटो ID | BDH25 |
| ५. | मापनहरू | ११-२५ सेमी. |
| ६. | ऐतिहासिकता: | यस गणेशस्थानको पहिलो जीर्णोद्धार कार्य वि.सं. २०७८ मा बौद्धनाथ क्षेत्रविकास समितिले गरेको थियो। |
| ७. | स्थान | अवस्थिति: बौद्ध स्तुपको अगाडि बाटो किनारमा रहेको छ |
| ८. | सम्पदाको विवरण | गणेश हिन्दू धर्मका प्रमुख देवता हुन्, जसलाई विघ्नहर्ता र शुभ-सौभाग्यका देवता मानिन्छ। उनको मूर्तिको सबैभन्दा विशिष्ट विशेषता हात्तीको टाउको र मानव शरीर हो। सामान्यतया उनलाई चार हात भएको चित्रण गरिन्छ, जसमा माथिल्लो दाहिने हातमा अंकुश (हात्ती डोर्याउने कोर्रा) र माथिल्लो बायाँ हातमा पाश (डोरी) हुन्छ। तल्लो दाहिने हात वरदा मुद्रा (वरदान दिने) वा र तल्लो बायाँ हातले मोदक (मिठाई) समातेको हुन्छ। उनी आफ्नो वाहन मूषा (मुसा) माथि आसन ग्रहण गरेका हुन्छन्। उनको एउटा हात्तीको दाँत भाँचिएको हुन्छ। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | गणेशलाई तिब्बती बुद्ध धर्ममा त्सोग्दाग (Tsokdak) वा गणपति (Ganapati) को रूपमा चिनिन्छ। उनलाई विघ्नहर्ता (अवरोध हटाउने) र सफलता प्रदान गर्ने देवताको रूपमा पूजिन्छ, जुन उनको हिन्दू परम्पराको भूमिकासँग मेल खान्छ। उनलाई प्रायः बौद्ध तान्त्रिक परम्परामा एक रक्षक देवताको रूपमा पनि चित्रण गरिन्छ। |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तीमा अबिर, फलफूल लगायत सामग्री दल्ने कार्यले गर्दा मूर्तिको स्वरूप बिग्रिँदै गएको देखिन्छ। |

| क्र.सं. | २६. | |
|---|---|---|
| १. | ID: | BDH26 |
| २. | नाम | गणेश |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ति |
| ४. | फोटो ID | BDH26 |
| ५. | नापहरू | २०-२५ से.मी. |
| ६. | ऐतिहासिकता: | २० औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको उत्तर लगभग १० मिटरको दूरीमा रहेको धाम टोलको ढुङ्गेधारामा रहेको छ।<br>Lat/Long: 27.7226296,85.3616525<br>DMS: 27° 43' 21.46'' N \| 85° 21' 41.95'' E<br>Elevation: 1341.39 m asl. |
| ८. | सम्पदाको विवरण | गणेश हिन्दू धर्मका प्रमुख देवता हुन्, जसलाई विघ्नहर्ता र शुभ-सौभाग्यका देवता मानिन्छ। उनको मूर्तिको सबैभन्दा विशिष्ट विशेषता हात्तीको टाउको र मानव शरीर हो। सामान्यतया उनलाई चार हात भएको चित्रण गरिन्छ, जसमा माथिल्लो दाहिने हातमा अंकुश (हात्ती हाँक्ने कोक्रो) र माथिल्लो बायाँ हातमा पाश (डोरी) हुन्छ, तल्लो दाहिने हात वरदा मुद्रा (वरदान दिने) मा र तल्लो बायाँ हातले मोदक (मिठाई) समातेको हुन्छ। उनी आफ्नो वाहन मूसा (मुसा) माथि आसन ग्रहण गरेका हुन्छन्। उनको एउटा हात्तीको दाँत भाँचिएको हुन्छ। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | गणेशलाई तिब्बती बुद्ध धर्ममा त्सोग्दाक (Tsokdak) वा गणपति (Ganapati) को रूपमा चिनिन्छ। उनलाई विघ्नहर्ता (अवरोध हटाउने) र सफलता प्रदान गर्ने देवताको रूपमा हेरिन्छ, जुन उनको हिन्दू परम्पराको भूमिकासँग मेल खान्छ। उनलाई प्राय: बौद्ध तान्त्रिक परम्परामा एक रक्षक देवताको रूपमा पनि चित्रण गरिन्छ। |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तीमा अबिर, फलफूल लगायत सामग्री दर्शनार्थीले गर्दा मूर्तिको स्वरूप बिग्रिई गएको देखिन्छ। |

| क्र.सं | २७ | |
|---|---|---|
| १. | ID: | BDH27 |
| २. | नाम | सरस्वती |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ति |
| ४. | फोटो ID | BDH27 |
| ५. | मापनहरू | १७-२० सेमी |
| ६. | ऐतिहासिकता: | २० औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको उत्तर लगभग १० मिटरको दूरीमा रहेको थाप टोलको ढुङ्गेधारामा रहेको छ।<br>Lat/Long: 27.7226296,85.3616525<br>DMS: 27° 43' 21.46" N \| 85° 21' 41.95" E<br>Elevation: 1341.39 m asl. |
| ८. | सम्पदाको विवरण | नेपाली समाजमा सरस्वती विद्याकी देवीको रूपमा पूजा गरिने देवी हुन्। सरस्वती पूजामा विशेष पूजा अर्चना गरिने यी देवीलाई नेवार समाजमा मंजुबाजु भन्ने गरिन्छ। नेपालमा पुरातात्विक महत्वका सरस्वतीका बसेका मूर्तिहरू पाइएका छन्। पछिल्ला समयमा सरस्वतीको उठेको मूर्ति बनाउने गरेको पाइएको छ। यस ढुङ्गेधारा परिसरमा रहेको मूर्तिको चार हात देखाइएको छ। अगाडिको दुई हातले विणा समाएको र पछिल्लो दुई हातमा अक्ष माला र पुस्तक समाएको देखाइएको छ। विद्या अर्थात ज्ञानकी देवी सरस्वती विद्यार्थी वर्गका लागि आराध्य देवी हुन् भने अरू कुराका लागि कुनै पनि कामको ज्ञानको लागि पनि पुजिने गरिन्छ। यस मूर्तिको वास्तु अनुसार मिलेको देखिँदैन। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | हिमाली बौद्ध परम्परामा सरस्वती याङ्चेनमा (Yangchenma) वा याङ्चेन ल्हामो भनिन्छ, जसको अर्थ "मधुर ध्वनिकी देवी" हुन्छ उनी ज्ञान, शिक्षा, सङ्गीत, कला, कविता, भाषा, र सिर्जनात्मक अभिव्यक्तिकी अधिष्ठात्री देवी हुन्। विद्यार्थी, कलाकार, लेखक र विद्वान्हरूको लागि उनी प्रमुख आराध्य देवी हुन्. मञ्जुश्री र सरस्वती पति-पत्नीका रूपमा चिनिन्छन्, जहाँ मञ्जुश्री सर्वोच्च प्रज्ञा (बोधिचित्त) का प्रतीक हुन् भने सरस्वती (याङ्चेनमा) उक्त ज्ञानलाई अभिव्यक्त गर्ने वाणी, सङ्गीत र कलाकी देवी हुन्। मञ्जुश्रीले अज्ञानताको अन्धकारलाई चिर्ने ज्ञानको तरवार चलाउँछन् भने सरस्वतीले वीणाको मधुर ध्वनिले सत्य र धर्मको सन्देश फैलाउँछिन्। यसरी, मञ्जुश्री र सरस्वती एक-अर्काका पूरक हुन्— एकले ज्ञानको बीजारोपण गर्छन् भने अर्कीले त्यसलाई सिर्जनात्मक अभिव्यक्तिमा परिणत गर्छिन्। यो सम्बन्ध हिन्दू परम्पराको ब्रह्मा-सरस्वतीको अवधारणासँग मिल्दोजुल्दो छ, तर बुद्ध धर्ममा यसले मञ्जुश्रीको बोधिसत्व परम्परा र करुणासँग जोडिएको विशेष आयाम पाउँछ। |

| | | |
|---|---|---|
| १८. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तीमा अबिर, फलफूल लगायत सामग्री द्रव्ये चढाउने गर्दा मूर्तिको स्वरूप बिग्रिँदै गएको देखिन्छ |

| क्र.सं | २८. | |
|---|---|---|
| १. | ID: | BDH28 |
| २. | नाम | स्तूप |
| ३. | मूर्त सम्पदाको प्रकार | स्तूप |
| ४. | फोटो ID | BDH28 |
| ५. | नापनक्सा | १९६×१५८४ सेमी |
| ६. | ऐतिहासिकता: | २१ औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको आङ्गन<br>Lat/Long: 27.7226296,85.3616625<br>DMS: 27° 43' 21.46'' N \| 85° 21' 41.95'' E<br>Elevation: 1341.39 m asl. |
| ८. | सम्पदाको विवरण | बौद्धहरूले बुद्ध र बौद्ध महामित्र,गुरुहरूका चिन्हहरू राखी चैत्य बनाउने गर्दछन्। यस किसिमका चैत्यहरू ढुंगा, माटो, ईंट आदिले बनाउने गरिन्छ। चैत्य बनाउँदा वरिपरि परिक्रमा गर्न मिल्ने गरी बनाइएका हुन्छन्। यसमा चार दिशामा चार दिशाका प्रतिक बुद्धका प्रतिमा राख्नुका साथैयसको माथिल्लो भागमा स्तूप बनाई त्रयोदश भुवनको प्रतिक गोलाकार बनाई गजुर गणी राखिएको हुन्छ। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | दक्षिण भारतवर्षमा वैदिककालमै स्तूपको अवधारणा विकास भएको हो भनिन्छ, जसको शाब्दिक अर्थ सञ्चित गर्नु, एकत्रित गर्नु, उठाउनु, स्मृति चिन्ह वा चिता हो। वैदिक कालमा मानिस मर्दा गाड्ने वा जलाउने दुवै प्रचलन थिए। विशिष्ट व्यक्ति जस्तै राजा महाराजा, साधुसन्त आदि मर्दा गाड्ने वा उनीहरूको शरीर जलाई बाँकी हुन आएको अस्थिधातु राखने गाडेर पुरेको भागमा मण्डलाकार ढिस्को जस्तो बनाई त्यसको मध्यभागमा एउटा बाँस वा सल्लाको काठ गाड्ने प्रचलन रहेको थियो। यसरी स्तूपको प्राचीन स्वरूप यही रहेको अनुमान गर्न सकिन्छ। बौद्ध धर्मको विकास भएपश्चात पछि वैदिक परम्पराको आधारमा बौद्ध स्तूपको व्याख्या तथा निर्माण गर्ने मान्यता स्थापित भयो। बौद्ध परम्परामा स्तूप भनेको गुरु वा अर्हतहरूको स्मृतिलाई अमर बनाउन बनाइएको पवित्र संरचना हो। यस प्रकारको संरचना निर्माणको मुख्य उद्देश्य शाक्य गुरु वा पूजनीय व्यक्तिहरूसँग सम्बन्धित पवित्र वस्तुहरूलाई सुरक्षित राख्नु हो। यी अस्थिधातु वा सामग्रीहरू अनिकालो मौसममा राख्दा नष्ट हुने वा हराउने जोखिम हुँदा, तिनीहरूलाई दीर्घकालीन संरक्षण गर्न स्तूपहरूको निर्माण गरिएको हो। प्राचीन बौद्ध ग्रन्थ महापरिनिर्वाण सूत्र अनुसार बुद्धले महापरिनिर्वाणमा प्रवेश गर्नुभन्दा ठीक अघि उनका प्रिय शिष्य आनन्दलाई तथागत(बुद्ध)का कलाकृतिहरू र अवशेषहरूलाई कसरी सम्मान तथा सुरक्षित गर्ने भन्ने प्रश्नमा चक्रवर्ती राजाको लागि निर्माण गरिने स्तूप जस्तै चार राजमार्गहरूलाई जोड्ने चार सडकहरू मिल्ने) चौबाटोमा स्तूप निर्माण गर्नु भनी उत्तर दिएका थिए |

| | | |
|---|---|---|
| १८. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तीमा अबिर, फलफूल लगायत सामग्री दल्ने आदिले गर्दा मूर्तिको स्वरूप बिग्रिई गएको देखिन्छ |

| | | |
|---|---|---|
| क्र.सं. | २९. | |
| १. | ID: | BDH29 |
| २. | नाम | गणेश थान |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ति |
| ४. | फोटो ID | BDH29 |
| ५. | आयामहरू | ९६१-८८ सेमी.. |
| ६. | ऐतिहासिकता | काठमाडौं उपत्यकामा प्राचीन समयदेखि गणेशको पूजा हुँदै आएको छ। यस प्रकारका गणेश मूर्ति निराकार ढुंगाका शिला मात्र हुने गर्दछ। |
| ७. | स्थान | अवस्थिति: वडा नं. ८ को वडा कार्यालय रहेको भवनको दक्षिणमा रहेको पिपल बोटको नजिकै रहेको। <br> Lat/Long: 27.7205369,85.3652143 <br> DMS: 27° 43' 13.93'' N \| 85° 21' 54.77'' E <br> Elevation: 1328.39 m asl. |
| ८. | सम्पदाको विवरण | गणेशाकृत मूर्ति पूजा १८ औं शताब्दी पछि देखिको देखिन्छ। बौद्ध वडा नं ८ को वडा कार्यालय भवनको दक्षिणमा पिपल बोटको दक्षिण पश्चिम कुनामा यस गणेशको थान रहेको छ। सिमेन्टको थानमा सिंह द्वारपाल राखिएको छ। यस थानमा निराकार ढुङ्गा आकृतिहरुका बीचमा गणेशको मूर्ति राखिएको छ। बौद्ध तथा हिन्दु समाजमा कुनैपनि संस्कार तथा सास्कृतिक कार्यमा गर्दा गणेशको महत्वपूर्ण स्थान रहनेगरेको छ। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | गणेशलाई तिब्बती बुद्ध धर्ममा त्सोग्दाक (Tsokdak) वा गणपति (Ganapati) को रुपमा चिनिन्छ उनलाई विघ्नहर्ता (अवरोध हटाउने) र सफलता प्रदान गर्ने देवताको रुपमा हेरिन्छ, जुन उनको हिन्दू परम्पराको भूमिकासँग मेल खान्छ उनलाई प्रायः बौद्ध तान्त्रिक परम्परामा एक रक्षक देवताको रुपमा पनि चित्रण गरिन्छ |
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्तिमा अबिर, फलफूल लगायत सामग्री हरु चढाउने गरेको मूर्तिको स्वरुप बिग्रिदै गएको देखिन्छ |

| क्र.सं. | ३०. | |
|---|---|---|
| १. | ID: | BDH30 |
| २. | नाम | भिंद: (भीमसेन) |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ति |
| ४. | फोटो ID | BDH30 |
| ५. | नापहरु | ४२-२२ सेमी. |
| ६. | ऐतिहासिकता: | श्री देवी कुमारी तथा श्री भिमसेनको प्रतिमा स्वर्गीय श्री कृष्ण ब. जोशी तथा श्रीमती सन्तु कुमारी जोशी द्वारा स्थापना गरिएको, छोरा श्री वासु देव जोशी तथा श्रीमती गणेश माया जोशी द्वारा यसको पुनर्निर्माण गर्नु भयो। पाटनको भीमसेन मन्दिरमा यस किसिमको मूर्ति देख्न सकिन्छ भने काठमाडौंको पुराना बस्तीमा पनि भीमसेनका मूर्तिहरु देख्न सकिन्छ। श्री देवी कुमारी तथा श्री भीमसेनको प्रतिमा स्वर्गीय कृष्ण बहादुर जोशी तथा श्रीमती सन्तु कुमारी जोशी द्वारा स्थापना गरिएको र वि.सं. २०५४।०८।२० मा छोरा वासुदेव जोशी तथा श्रीमती गणेश माया जोशीद्वारा पुनर्निर्माण गरिएको। |
| ७. | स्थान | अवस्थिति: बौद्ध स्तूपको अगाडि [illegible] भित्तामा बाहिरतिर [illegible] मन्दिराकार संरचना बनाई त्यसैमा स्थापना गरिएको छ। |
| ८. | सम्पदाको विवरण | नेवारहरुले भिंद: भन्ने मान्ने देवतालाई नेपाली भाषामा भीमसेन भन्ने गरिन्छ। नेवार भाषामा भिंद: भन्नाले असल देवता यी देवता व्यापारसँग सम्बन्धित छ। भिंद: लाई व्यापार, उन्नति र प्रगतिका लागि पूजा गर्ने परम्परा छ। यी देवताका प्राचिन मूर्ति काठमाडौं उपत्यकाको पुराना बस्तीहरुमा देख्न सकिन्छ। नेपालको इतिहासमा बौद्धनाथ स्तूप काठमाडौं र तिब्बतको ल्हासा व्यापारिक मार्ग एउटा क्षेत्र हो। यस स्थानमा एउटा [illegible] विहार ल्हासा व्यापारका लागि जाने व्यापारीहरु बास बस्ने हुनाले यस विहारको नाम चाबहि रहेको र नेवार भाषामा चाबहि भन्नाले रातमा बास बस्ने बहि भन्ने बुझाउँदछ। बौद्ध क्षेत्र ऐतिहासिक काल देखि व्यापारिक मार्गमा पर्ने ठाउँ भएको हुनाले यस भिंद: अर्थात भीमसेनको धार्मिक तथा सामाजिक महत्व एउटो देखिएको छ। |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरु | मूर्तिमा अबिर, फलफूल लगायत सामग्री दान कार्यले गर्दा मूर्तिको स्वरुप बिग्रिँदै गएको देखिन्छ। |

# खण्ड २. बौद्ध सम्पदा क्षेत्र अन्तर्गत रहेका धारा, कुवाहरू

| क्र.सं. | ३१. | |
|---|---|---|
| १. | ID: | WATS1 |
| २. | नाम | छ्योर्तेनसिङ पोखरी (शान्ति वाटिका) |
| ३. | मूर्त सम्पदाको प्रकार | वाटिका |
| ४. | फोटो ID | WATS1 |
| ५. | ऐतिहासिकता: | यो पोखरी कहिले र कसले निर्माण गरेको हो भन्ने स्पष्ट प्रमाण प्राप्त हुन सकेको छैन, बौद्ध चैत्य निर्माण गर्दा यो ठाउँको माटो निकालेका कारणले यहाँ जमिनमा खाल्डो बन्न गएको र कालान्तरमा सोही खाल्डोमा पानी जम्मा भई पोखरी बन्न गएको हो भन्ने किम्वदन्ति पाइन्छ। यस किम्वदन्तिका आधारमा यस पोखरीको निर्माण कालपनि बौद्ध स्तूप जतिकै पुरानो मानिन्छ। |
| ६. | स्थान | अवस्थिति: बौद्ध महास्तूपको परिसरमा पश्चिममा रहेको छ।<br>Lat/Long: 27.72264143,85.36147055<br>DMS: 27° 43' 21.51'' N \| 85° 21' 41.29'' E<br>Elevation: 1330.52 m asl. |
| ७. | सम्पदाको विवरण | यो पार्क १,५७७५ वर्ग फिट क्षेत्रफलमा फैलिएको छ। वाटिका भित्र आर्य भिक्षु गुरु पद्मसंभव र हरित भिक्षु नागार्जुनको भव्य मूर्ति स्थापना गरिएको छ। पद्मसंभव र नागार्जुनको मूर्ति २०७१ साल मंसिर ५ गते लामा गुरुहरूबाट प्राणप्रतिष्ठा (राब्ने) गरिएको हो। त्यसैगरी वाटिका परिसरमा तिब्बती बौद्ध परम्पराका ८ वटा छ्योर्तेनहरू रहेका छन्। त्यसैगरी नेवारी परम्पराका आधारमा १ वटा चैत्य निर्माण गरिएको छ। आठवटा छ्योर्तेनहरू बुद्ध जीवनका आठ वटा प्रमुख घटनामा आधारित छन्। यी छ्योर्तेनहरू २०७२ सालको भूकम्पपश्चात बौद्ध स्तूप पुनः निर्माण र जीर्णोद्धारको क्रममा पुनः प्रयोगमा नआएका ईंट र माटोको प्रयोग गरेर निर्माण गरिएका हुन्। वाटिका परिसरमा दक्षिणतर्फ क्रमशः वज्रपाणी, गुरु पेमा ग्याल्पो, गुरु ङिमा ओड्सेर, गुरु नइमे मिल्लोनेस, गुरु लोडेन छ्योक्से, नागार्जुन, गुरु दोर्जे डोलोद, आर्य अवलोकितेश्वर, गुरु साक्य सेङ्गे, वज्रधर (दोर्जे छ्याङ), अक्षोभ्य बुद्ध, वैरोचन बुद्ध, अमिताभ बुद्ध, अमोघसिद्धि बुद्ध, रत्नसम्भव बुद्ध, उष्णीषविजय (नाम्ग्याल्मा), आर्यतारा, [illegible] लाप, [illegible] लाप, वज्रसत्व (दोर्जे सेम्पा), मञ्जुश्री, गुरु सेङ्गे ड्राडोग, माथिरहेकोको तामा मूर्तिहरू राखिएको छ। साथै, वाटिकामा सुविधा सम्पन्न शौचालय र परम्परागत शैलीमा आकर्षक ढुंगेधारा बनाइएको छ।<br>बौद्ध परम्परामा, विशेष गरी तिब्बती बौद्ध धर्ममा, छ्योर्तेनका आठ मुख्य प्रकारहरू रहेका छन्। यी प्रत्येकले भगवान गौतम बुद्धको जीवनका आठ महत्वपूर्ण घटनाहरू (आठ महास्थान) को प्रतिनिधित्व गर्दछन्। चिन्हहरूलाई स्थापनाको स्तूप वा बुद्धको जीवनसँग सम्बन्धित स्तूप भनिन्छ। नेपालमा बौद्ध, स्वयम्भूनाथ जस्ता स्तूपहरू विशाल र जटिल भएतापनि, यी आधारभूत प्रकारहरू नै तिनीहरूको निर्माणको जग हुन्। |

आठ प्रकारका छ्योर्तेनहरू र तिनको अर्थ :

१. पद्म स्तूप (पेमा पुङपे छ्योर्तेन)

- सम्बन्धित घटना : लुम्बिनीमा भगवान बुद्धको जन्म।
- विशेषता: यस स्तूपको आधारमा कमलको फूलको डिजाइन हुन्छ, कमल शुद्धताको प्रतीक भएकाले, यसले बुद्ध जन्मनासाथ सात पाइला हिँड्दा प्रत्येक पाइला मुनि कमल फुलेको घटनालाई जनाउँछ।

२. सम्यक सम्बोधि स्तूप (च्याङछुब छ्योर्तेन)

- सम्बन्धित घटना : बोधगयामा बुद्धले ज्ञान प्राप्त गर्नुभएको।
- विशेषता: यो सबभन्दा महत्वपूर्ण स्तूप मानिन्छ, यसले बुद्धको ज्ञानप्राप्ति र बोधिवृक्ष (पीपलको रुख) लाई प्रतिनिधित्व गर्छ। चारैतिर चारवटा सिँढीहरू हुनु यसको मुख्य पहिचान हो।

३. धर्मचक्र प्रवर्तन स्तूप (ताशी गोमाङ छ्योर्तेन)

- सम्बन्धित घटना : सारनाथमा बुद्धले आफ्नो पहिलो उपदेश (धर्मचक्रप्रवर्तन) दिएको।
- विशेषता: यस स्तूपमा चारवटा सिँढीहरू र बीचको भागमा धर्मचक्र (धर्मको पाङ्ग्रा) र मृगको जोडीको आकृति हुन्छ। यसले बुद्धले सिकाएको मध्यम मार्ग र धर्मको प्रचारलाई जनाउँछ।

४. संघ पुनर्गठन छ्योर्तेन स्तूप (एन्दुम छ्योर्तेन)

- सम्बन्धित घटना : राजगृहमा बुद्धले आफ्ना चेलाहरूबीचको मतभेदलाई शान्त पारेको।
- विशेषता: यसलाई "मेलमिलाप स्तूप" पनि भनिन्छ। यसको विशेष आकार अष्टकोणीय (आठ कुना भएको) हुन्छ, जसले बुद्धले सिकाएको आष्टाङ्गिक मार्ग र चेलाहरू एकताबद्ध भएको प्रतिनिधित्व गर्छ।

५. ऋद्धिसिद्धि स्तूप (छ्योठुल छ्योर्तेन)

- सम्बन्धित घटना : श्रावस्तीमा बुद्धले आफ्नो शक्ति देखाउँदै विभिन्न चमत्कारहरू गरेको।
- विशेषता: यसलाई "बहु-द्वार स्तूप" पनि भनिन्छ। यसको संरचनामा चारैतिर धेरै साना ढोकाहरू र झ्यालहरू हुन्छन्, जसले बुद्धले गरेका विविध चमत्कारहरूको प्रतीक मानिन्छ।

६. देवावतरण स्तूप (ल्हाबाब छ्योर्तेन)

- सम्बन्धित घटना: बुद्ध आफ्नो आमाको लागि त्रयस्त्रिंश स्वर्गमा गएर धर्म उपदेश दिएपछि साँकाश्य (सङ्काश्य) स्थानमा पुनः पृथ्वीमा अवतरण गरेको।
- विशेषता: यस स्तूपको केन्द्रमा तीनवटा भएको सिँढी (जिना) हुन्छ, जसले बुद्ध स्वर्गबाट ओर्लिँदा प्रयोग गरेको बाटोलाई जनाउँछ।

७. सर्वविजेता स्तूप (नम्ग्याल छ्योर्तेन)

- सम्बन्धित घटना: वैशालीमा बुद्धले आफ्नो आयु तीन महिना थप गर्ने निर्णय गरेको। (केही परम्परामा यसले रोग नियन्त्रणलाई पनि जनाउँछ)
- विशेषता: यस स्तूपको तीनवटा गोलाकार तहहरू हुन्छन्, जसले तीन रत्न (बुद्ध, धर्म, संघ) को प्रतीक मानिन्छ। यसलाई दीर्घायु र विजय प्राप्तिको लागि पूजा गरिन्छ।

८. महापरिनिर्वाण स्तूप (ङ्यान्दे छ्योर्तेन)

| | | |
|---|---|---|
| | | ▪ सम्बन्धित घटना : कुशीनगरमा बुद्धको महापरिनिर्वाण (देहत्याग) भएको।<br>विशेषता: यो घण्टाकार (उल्टो भाँडो जस्तो) हुन्छ र यसमा कुनै तह (सिँढी) हुँदैन। यसले बुद्धको देहत्यागपछिको पूर्ण शान्ति र निर्वाणको अवस्थालाई प्रतिनिधित्व गर्दछ। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | प्वोङलिमाङ क्यारुङ खस्योर (बौद्ध स्तूप) को पछाडि अर्थात वडा टोलमा अवस्थित पार्क हो। यो एक ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा स्मृतिका स्थलका रुपमा चिनिन्छ। प्वोङलिमाङ भन्नाले खस्योरको पछाडि रहेको पोखरी भन्ने अर्थ दिन्छ। स्थानीय जनश्रुति अनुसार, खस्योर निर्माणको क्रममा यस स्थानबाट माटो खनिँदा ठूलो खाल्डो बनेको थियो जुन पछि वर्षात र प्राकृतिक स्रोतका कारण पोखरीमा रुपान्तरित भयो। यसरी बनेको पोखरी समयक्रममा स्थानीय समुदायको जीवनशैली, आस्था र दैनिक व्यवहारसंग गाँसियो। पोखरीको रुपमा चर्चित रहेको यो क्षेत्रलाई बौद्ध क्षेत्र विकास समितिको पहल र संरक्षणमा प्वोङलिमाङ शान्ति वाटिका नामको सार्वजनिक पार्क निर्माण गरिएको हो। स्थानीय अग्रजहरुका अनुसार कुनै समय यो पोखरीमा ढकमक्क कमलका फूलहरु फुल्थे र ती कमलका पातहरु स्थानीयले टपरीको रुपमा प्रयोग गर्थे विशेषगरी चाडपर्व, पूजा वा भोजभतेरका अवसरमा। सन् १९७९मा विश्व सम्पदा सूचिमा सूचिकृत बौद्धनाथ स्तूपको इतिहासमा रहेको पोखरीको नाम प्वोईं लिमाङ तामाङ भाषामा प्वोईं भनेको पोखरी र लिमाङ भनेको पछाडि बुझाउने भएकोले यस पोखरी बौद्ध स्तूपको पछाडि रहेको पोखरी भनेर चिनिने गरेको छ। दक्षिणाभिमुख ढोका राखी बनाइएको नयाँ पोखरीमा गुरु रिम्पोछेको मूर्ति लगायत अन्य नयाँ सामग्री राखेर बनाइएको पोखरीको आसपास आठवटा नयाँ चैत्य वि.सं. २०७३ स्थापना गरी अभिलेख पनि राखिएको छ। यी चैत्य एकै लहरमा बनाइएका छन्। यी चैत्यहरु वि.सं. २०७२ को विनाशकारी भूकम्पले क्षतिग्रस्त बौद्ध महास्तूपको जीर्णोद्धार गर्दा बचेका निर्माण सामग्रीबाट बनाइएका चैत्यहरु हुन्। |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | हाल यो स्थल बौद्ध दर्शन गर्ने आगन्तुकहरुको लागि प्रमुख आकर्षणको रुपमा रहेको छ। वरिपरि रहेका सम्पदाहरु सामान्य अवस्थामा नै रहेका छन्। |

| क्र.सं. | ३२. | |
|---|---|---|
| १. | ID: | WAT 52 |
| २. | नाम | ढुङ्गेधारा (तोडवाला वारी) |
| ३. | मूर्त सम्पदाको प्रकार | पानीधारा |
| ४. | फोटो ID | WAT 52 |
| ५. | आयामहरू | लम्बाई-८१० सेमी., चौडाई- ३३४ सेमी. |
| ६. | ऐतिहासिकता | नेपालको इतिहासमा प्रामाणिक स्रोत पाइएको लिच्छवि पन्चकाल देखिका पाइएका कलामा ढुङ्गेधारा पनि एक हो। बौद्धको उत्तरमा धारा चोकमा रहेको यस ढुङ्गेधाराको बनावटको कला पनि लिच्छविकालको हुन सक्ने अनुमान गरिएको छ। यसको जीर्णोद्धार विभिन्न समयमा भएको थियो। पछि पुनः २०६२ सालमा पुरातत्व विभागले जीर्णोद्धार गरेको थियो। |
| ७. | स्थान | अवस्थिति: बौद्ध महाचैत्यको उत्तर लगभग २० मिटरको दूरीमा रहेको यस ठाउँलाई धारा टोल भन्ने गरेको छ।<br>Lat Long: 27.7226296,85.3616525<br>DMS: 27° 43' 21.46" N \| 85° 21' 41.95" E<br>Elevation : 1341.39 m asl. |
| ८. | सम्पदाको विवरण | यस ढुङ्गेधारा रहेको स्थानलाई आजकाल धारा टोल भन्ने गरिएको छ। यस ढुङ्गेधाराको पानी पहिला बौद्धनाथ स्तूपको उत्तर स्थित (हाल सेचेन गुम्बा अगाडि पर्ने) भूमिगत जल मुहान र कुवाबाट आउने गरी व्यवस्था थियो तर हालसालमा यो पोखरा पुरेर बढ्दो जोखिम यो धाराको मुहान हुन गएकोले अहिले धारामा मूलबाट पानी आउन छोडेको छ। बौद्ध क्षेत्रमा बसोबास गर्नेहरुका लागि पिउने पानीको स्रोत अहिले पनि यही दुई धाराहरु थिए। अहिले खुस्रीजलको पानी पाइपलाइनबाट आउने व्यवस्था मिलाइएको छ। धारा वरिपरि इँटको पर्खाल लगाइ पोखरीको रूपमा विकास गरिएको छ भने दुइ वटा ढुङ्गेधाराको बीचमा बायाँपट्टि ढुङ्गेधारा र त्यसको ठिक तल सानो आकारको शिलामूर्ति हो, जुन वटो ईश्वरको बिशेष प्रधान गरिएको छ। मूर्ति एउटा अर्धचन्द्राकार खोपा (निच) भित्र राखिएको छ, जसले यसलाई संरक्षित तथा पवित्र स्थलको रूपमा देखाउँछ। आकृति पद्मासनमा बसेको जस्तो देखिन्छ र शिरभागमा मुकुट वा जटाजुट सहितको अलंकरण छ, जसले यसलाई साधारण बुद्ध मूर्ति भन्दा देवता वा बोधिसत्वको रूप हुन सक्ने संकेत दिन्छ। छातीमा अलंकार र वस्त्रको रेखांकन स्पष्ट देखिन्छ, जुन मध्यकालीन नेवारी शिल्पकलाको विशेषता हो। |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | ढुङ्गेधाराको मुखमा प्लास्टिकका धाराको मुख जडान गरिएको छ, जसले गर्दा ढुङ्गेधाराको मौलिकता देखिदैन साथै, पोखरीभित्र बालो तार लगायत अनावश्यक सामग्रीहरु राखिएको देखिन्छ। यस्ता अनावश्यक सामग्रीहरु हटाउने र नियमित सरसफाइ तथा मर्मत सम्भार गर्नुपर्ने देखिन्छ। |

| | | |
|---|---|---|
| क्र.सं. | ३३. | |
| १. | ID: | WAT53 |
| २. | नाम | ढुङ्गेधारा (माइजलबाजे) |
| ३. | मूर्त सम्पदाको प्रकार | ढुङ्गेधारा |
| ४. | फोटो ID | WAT53 |
| ५. | ऐतिहासिकता: | नेपालको इतिहासमा प्रमाणिक स्रोत पाइएको लिच्छवि कालदेखि पाइएका कलामा ढुङ्गेधारा पनि एक हो। बौद्धको उत्तरमा धारा चोकमा रहेको यस ढुङ्गेधाराको नक्कासी कला पनि लिच्छविकालको हुन सक्ने अनुमान गरिएको छ। यो धारा कहिले कसले बनाएको भन्ने यकिन हुन सकेको छैन तथापि यसको जीर्णोद्धार चिनियाँ लामा पुण्यवज्रले गरेका थिए। पछि पुनः २०६२ सालमा पुरातत्व विभागले जीर्णोद्धार गरेको थियो। |
| ६. | स्थान | अवस्थिति: बौद्ध स्तूपको उत्तरमा लगभग ३० मिटरको दूरीमा<br>Lat/Long: 27.7222884,85.3619961<br>DMS: 27° 43' 20.24" N \| 85° 21' 43.04" E<br>Elevation: 1360.19 m asl. |
| ७. | सम्पदाको विवरण | यस ढुङ्गेधारा रहेको स्थानलाई आजकाल धारा टोल भन्ने गरिएको छ। यस ढुङ्गेधाराको पानी पहिला बौद्धनाथ स्तूपको उत्तर स्थित (हाल सेचेन गुम्बा अगाडि पर्ने) भूमिगत जल मुहान र कुवाबाट आउने गरी व्यवस्था थियो तर आजभोलि त्यो फाँटमा घरहरू बढ्दै जाँदा सो धाराको मुहान टुट्न गएकोले अहिले धारामा मूलबाट पानी आउन छोडेको छ। बौद्ध क्षेत्रमा बसोबास गर्नेहरूका लागि पिउने पानीको स्रोत अहिले पनि यही ढुङ्गेधाराहरू थिए। अहिले मुहानको पानी पाइपलाइनबाट आउने व्यवस्था मिलाइएको छ। कुवाको पाँसमा एक ढुङ्गेधारा जसको माथि बुद्धको प्रस्तर मूर्ति र मुनि श्री गंगाको प्रस्तर मूर्तिका साथै दायाँ र बायाँ खोपिहरू रहेका छन्। |
| ८. | वर्तमान अवस्था तथा नोटहरू | ढुङ्गेधाराको मुखमा प्लास्टिकका पाइपको मुख जडान गरिएको छ, जसले गर्दा ढुङ्गेधाराको मौलिकता देखिँदैन साथै, पाँसाभित्र बालो तार लगायत अनावश्यक सामग्रीहरू राखिएको देखिन्छ त्यस्ता अनावश्यक सामग्रीहरू हटाउने र नियमित सरसफाइ तथा मर्मत सम्भार गर्नुपर्ने देखिन्छ। |

| क्र.सं. | २४. | |
|---|---|---|
| १. | ID: | WAT54 |
| २. | नाम | ( रानी कुवा ) मुहान ( लामाइगु महारानी कुवा ) |
| ३. | मूर्त सम्पदाको प्रकार | कुवा |
| ४. | फोटो ID | WAT54 |
| ५. | ऐतिहासिकता: | शिलालेखको माध्यमबाट यो मुहानमा कलधारा वि.सं. १९९८ मा निर्माण भएको देखिन्छ शिलालेखको उल्लेख अनुसार श्री ५ महाराजधिराज त्रिभुवनकी कान्छी रानीसाहेबले राज्यलक्ष्मीदेवीको सम्झना स्वरूप यस ऐतिहासिक पानीको मूलमा निर्माण गराई पानी ल्याइ कलधारा संचालन गरिएको थियो। |
| ६. | स्थान | अवस्थिति: बौद्ध स्तुपको उत्तर<br>Lat/Long: 27.7235559,85.359919<br>DMS: 27° 43' 24.8" N \| 85° 21' 35.71" E<br>Elevation: 1355.39 m asl. |
| ७. | सम्पदाको विवरण | यस मुहानको मूल ढोका पूर्वतिर पर्दछ भने यसै मुहानमा उत्तर दक्षिण पर्खालमा स साना ढोका छन् पहिला यसमा जथाभावी फोहोर थुपारिएको थियो अहिले बौद्धनाथ क्षेत्र विकास समितिले यसको जीर्णोद्धार गरिएको छ विकास समितिले यसको २०७० सालमा जीर्णोद्धार गरेको हो। यो मुहान बौद्ध धारा टोलमा रहेका तोलमला र महन्या रहेको मुहान पनि थियो। अहिले शहरीकरण र बस्तीहरुको विकासका कारण मुहानबाट धाराहरुमा र कुवामा पानी आउने बाटो टुटेको छ हाल यस मुहानमा पुनर्निर्माणको कार्य भइरहेको छ मुहानको सुरक्षाका लागि चारैतर्फ वाल उठाइ पर्खाल निर्माण गरिएको छ मुहान माथि कलात्मक इट्टाको देवल बनाइएको छ पर्खालको भुइमा मार्बलको ढुङ्गा बिछ्याइएको छ र भित्तामा शिलापत्रका साथै खोपिहरु निर्माण गरिएको छ |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | यो मुहान बौद्धक्षेत्रका स्थानीय बासिन्दाको लागि खानेपानीको मूलस्रोतका साथै महत्वपूर्ण धरोहरका रूपमा रहेको छ |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | यस सम्पदाको इतिहासको साक्षीको रूपमा रहेको शिलालेख पनि भेटिने देखिन्छ हाल पुनर्निर्माण कार्य भइरहेको यस पैँचा कुवाको मौलिक पहिचान झल्किने गरी कार्य गर्नुपर्दछ |

| | | |
|---|---|---|
| क्र.सं. | १५. | |
| १. | ID: | WAT 55 |
| २. | नाम | ढुङ्गे धारा |
| ३. | मूर्त सम्पदाको | ढुङ्गे धारा |
| ४. | फोटो ID | WAT 55 |
| ५. | ऐतिहासिकता: | २० औं शताब्दीमा सार्वजनिक धाराको रूपमा निर्माण भएको र निकै जीर्ण भएपश्चात हालसालै पुनर्निर्माण गरिएको हो। |
| ६. | स्थान | अवस्थिति: बौद्ध स्तूपको दक्षिणमा मुख्य सडकको छेउमा<br>Lat/Long: 27.7208139,85.3624492<br>DMS: 27° 43' 14.93'' N \| 85° 21' 44.82'' E<br>Elevation: 1346.29 m asl. |
| ७. | सम्पदाको विवरण | बौद्ध स्तूपको दक्षिणमा मुख्य सडकको छेउमा रहेको सम्पूर्ण क्षेत्रमा यो ढुङ्गेधारा रहेको छ। धाराको सुरक्षाको लागि कुनै प्रकारको छेकबार नरहेको खुल्ला अवस्थामा छ। |
| ८. | वर्तमान अवस्था तथा जोखिमहरू | धारा पुनर्निर्माण भएपनि उपयोगविहीन रहेको छ। धारामा पानी संचालनमा छैन। साथै खुल्ला अवस्थामा रहेकोले धारामै बाइक पार्किङ जस्ता कार्यहरू रहेका छन्। |

| | | |
|---|---|---|
| क्र.सं. | ५६. | |
| १. | ID: | WAT56 |
| २. | नाम | मिरेश्वर मन्दिरको कुवा र बौद्ध महाचैत्य |
| ३. | मूर्त सम्पदाको | कुवा |
| ४. | फोटो ID | WAT56 |
| ५. | ऐतिहासिकता: | परापूर्वकालदेखि नै मानिसका खाने पानीको श्रोतका रूपमा कुवाहरू रहने गर्दछ। प्राकृतिक रूपमा सजिलै पानी आउने यस्ता कुवा मानिसका लागि अहिले पनि पानीका परिपूर्तिका साधनका रूपमा रहेको छ। यस कुवाको वर्तमान स्वरूपमा पुनः निर्माण वि.सं. २०६० मा श्री बौद्धनाथ क्षेत्र विकास समितिले गरेको थियो। |
| ६. | स्थान | अवस्थिति: महांकालबाट बोयले हुँदै पूर्व जाने बाटो<br>Lat/Long: 27.7277459,85.3603768<br>DMS: 27° 43' 39.89" N \| 85° 21' 37.36" E<br>Elevation: 1326.39 m asl. |
| ७. | सम्पदाको विवरण | यस कुवाको पानी संकलनका लागि कुवा माथि कलात्मक ढुङ्गाको देवल निर्माण गरिएको छ, जसमा झ्याल र ढोका हुँदै खोला छन्। देवल माथि बौद्ध महाचैत्यको स्वरूपमा चैत्य रहेको छ। कुवासँगै मिरेश्वर मन्दिर रहेको छ। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | जमिन माथि पानीको अभाव रहेका स्थानमा मानिसले पानीको आपूर्तिको लागि कुवाको निर्माण पनि गर्ने गर्दछन्। कुवा भन्नाले जमिनभित्र पनि जम्मा भइरहने पानीको एक स्रोत हो। कुवामा वर्षभरि पानी जम्मा भइरहने हुनाले मानिसले शुरुवाती दिन देखि नै यस किसिमका पानीका श्रोतको प्रयोग गर्दै आएको पाइन्छ। अहिले पनि पानीको अभाव रहेका ठाउँहरूमा पानी आउने सम्भावना रहेका स्थानमा कुवा खनेर कुवाबाट पानी निकाल्ने चलन रहि आएको छ। |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | कुवामा पानी निस्कदैन जस्तो देखिन्छ यस सम्पदाको अवस्था सामान्य नै देखिन्छ |

| | | |
|---|---|---|
| क्र.सं. | ३५ . | |
| १. | ID: | WAT57 |
| २. | नाम | लामाहिटि ढुङ्गेधारा (रामहिटि) |
| ३. | मूर्त सम्पदाको प्रकार | ढुङ्गेधारा |
| ४. | फोटो ID | WAT57 |
| ५. | ऐतिहासिकता | काठमाडौं उपत्यकामा पाइएका मल्लकालीन ढुङ्गेधारा मान्न सकिन्छ |
| ६. | स्थान | अवस्थिति: चावहिल किङ्गेश्वर महादेव मन्दिरको अगाडि सडक छेउ<br>Lat/Long: 27.72722427,85.36526448<br>DMS: 27° 43' 38.01" N \| 85° 21' 54.95" E<br>Elevation: 1346.54 m asl. |
| ७. | सम्पदाको विवरण | नेपाली परम्परागत बस्तीमा पानीको सुलभताका लागि विभिन्न स्रोतको व्यवस्था गरेको हुन्छ।<br>यसको लागि ईनार, पोखरी, ढुङ्गेधारा, जरु, कुवा आदि बनाइएका हुन्छन्। सडक, चोक गल्लीको छेउमा सतह भन्दा तलतिर (ढुङ्गेधारा र यसको नजिकै सतल (सतः) पनि बनाउने गरिन्छ। ढुङ्गेधाराको पानी खाना र लुगा धुनको लागि प्रयोग गरिन्छ। सामान्यतया ढुङ्गेधारा एउटा वा तीन वटा धारा राखिएका हुन्छन् भने पाँच, नौ, बाह्र, बाइस, एक सय आठ धारा पनि राख्ने गरेको पाइन्छ। यस धाराको संरक्षणका लागि दुइ तहको पर्खाल निर्माण गरिएको छ तल्लो तहमा ढुङ्गेधारा रहेको छ। माथिल्लो भागमा धाराको ठिक माथि स्तूप आकारको संरचना पत्थरमा रहेको खोपिहरुमा बुद्ध, विष्णु भगवान, लक्ष्मी र गरुडका प्रस्तर मूर्तिहरु रहेका छन्। यस खण्डको भित्ताहरुको खोपिहरुमा गणेश, शिवपार्वती, बुद्ध लगायतका प्रस्तर मूर्तिहरु रहेका छन्। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | लामाहितीको शाब्दिक अर्थ लामा धारा हो। हाल यो शब्द अपभ्रंस भएर रामहिटी भएको छ र उक्त स्थानलाई पहिले नामबाट चिनिन्छ यो बौद्ध क्षेत्रको ऐतिहासिकता, धार्मिक र सांस्कृतिक महत्व बोकेको स्थान हो। यसको नाममा रहेको धार्मिक, सामाजिक र जनश्रुतिले यसको पहिचान दिन्छ यसको उत्पत्तिबारे विभिन्न कथाहरु रहेका छन्। यहाँ तीनचुलीमा बसोबास गर्ने क्याङ्ग खम्पोसका पुजारी लामाहरुले खाना र लुगा धुन प्रयोग गर्ने तथा बिहानबिहान नित्य पूजा गर्नु पूर्व यहि धारामा नुहाइ बौद्ध स्तूपमा जल चढाउने प्रचलन थियो त्यही लामाले प्रयोग गर्ने परम्परागत ढुङ्गेधारा नै कालान्तरमा लामाहितीबाट रामहिटी भएको हो। स्थानीय बुढापाकाहरुका अनुसार कुनै समय यहाँ रहेको ढुङ्गेधाराको पानी असाध्यै मिठो थियो। जनश्रुति अनुसार राणाकालका राणाले समेत यसको पानी मगाएर खाएका थिए उनले घुम्ने क्रममा त्यहाँको पानी खाएकाले थिए र पानी स्वादिलो भएकोले दरबारसम्म पानी ल्याउन आदेश गरिएका थिए एक कथा अनुसार त्रिभुवनका लोकप्रिय नाम रामचन्द्र जनाउँछ र हिटी भनेले परम्परागत ढुङ्गेधारा हो जहाँ पानी निस्कन्छ। |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | ढुङ्गेधारामा पानी प्रशोधनका लागि धाराको मुखमा धारा राखिएको देखिन्छ, जसले ढुङ्गेधाराको मौलिकतामा नकारात्मक असर पुगेको देखिन्छ। यद्यपि पानी शुद्धिकरणको विकल्पहरू अवलम्बन गर्नुपर्ने देखिन्छ। |

| क्र.सं. | ३८. | |
|---|---|---|
| १. | ID: | WAT58 |
| २. | नाम | तीन चूली ओमालेको ढुङ्गेधारा |
| ३. | मूर्त सम्पदाको प्रकार | ढुङ्गेधारा |
| ४. | फोटो ID | WAT58 |
| ५. | ऐतिहासिकता: | १८ औं शताब्दी |
| ६. | स्थान | अवस्थिति: तीन चूली ओमाली क्षेत्र<br>Lat/Long: 27.7261332,85.3659079<br>DMS: 27° 43' 34.08'' N \| 85° 21' 57.27'' E<br>Elevation: 1357.39 m asl. |
| ७. | सम्पदाको विवरण | नेवारी परम्परागत बस्तीमा पानीको सुलभताका लागि विभिन्न स्रोतको व्यवस्था गरेको हुन्छ। यसको लागि ईनार, पोखरी, ढुङ्गेधारा, जरु, तुंगाचा राखिएका हुन्छन्। सडक, चोक गल्लीको जमिनको सतह भन्दा तलतिर। ढुङ्गेधारा र यसको नजिकै सत्तल (सतः) पनि बनाउने गरिन्छ। ढुङ्गेधाराको पानी खान र नुहाउन धुनको लागि प्रयोग गरिन्छ। सामान्यतया ढुङ्गेधारा एउटा वा तीन वटा धारा राखिएका हुन्छन् भने पाँच, नौ, बाह्र, बाइस, एक सय आठ धारा पनि राख्ने गरेको पाइन्छ। ढुङ्गेधाराको तलतिर रहने भगीरथको मूर्तिको हातमा शंख (conch) देखाउने गरिन्छ।<br>ढुङ्गेधाराको माथि भग्न अवस्थामा रहेको विष्णु, लक्ष्मी र गरुडको मूर्ति फलकमा शंख, चक्र, गदा र पद्म लिएको चारहात भएको स्थानक मूर्ति रहेको छ विष्णुको दायाँबायाँ लक्ष्मी र गरुडको साने आकारको मूर्ति राखिएको छ त्यसका माथि धाराको दायाँ बायाँ क्रमशः नागार्जुन र शिवपार्वतीको मूर्ति राखिएको छ, जुन पछिल्लो समयमा मात्र स्थापना गरिएको देखिन्छ. ढुङ्गेधाराको तलतिर भगीरथको मूर्ति रहेको छ |
| ८. | वर्तमान अवस्था तथा जोखिमहरू | पुरानो ढुङ्गेधारा सडकको ठेक्का बेवास्ताले ढंगले राखिएको छ. उक्त सम्पदाको संरक्षण गर्नुपर्ने देखिन्छ ढुङ्गेधारामा पानी प्रशोधनका लागि धाराको मुखमा खाड राखिएको देखिन्छ, जसले ढुङ्गेधाराको मौलिकतामा नकरात्मक असर पुगेको देखिन्छ यसर्थ पानी शुद्धिकरणको विकल्पहरू अवलम्बन गर्नुपर्ने देखिन्छ |

| | | |
|---|---|---|
| क्र.सं. | ३१. | |
| १. | ID: | WAT510 |
| २. | नाम | ऐतिहासिक तीन कुवा (तोसी) |
| ३. | मूर्त सम्पदाको प्रकार | कुवा |
| ४. | फोटो ID | WAT510 |
| ५. | ऐतिहासिकता | बौद्ध क्षेत्रमा मानव बस्तीको सुरुवात भएको समयदेखिनै पानीको स्रोतको रूपमा यो कुवा अस्तित्वमा रहेको देखिन्छ। प्राकृतिक स्वरूपमा रहेको कुवा वि.सं. २०८० बौद्धनाथ क्षेत्र विकास समितिद्वारा कुवाको पुनर्निर्माणगरी वर्तमान स्वरूपमा विकासगरिएको हो। |
| ६. | स्थान | अवस्थिति: बौद्ध महास्तुपको मुख्य प्रवेशद्वार अगाडिको सडक<br>Lat/Long: 27.7194879,85.3618184<br>DMS: 27° 43' 10.16" N \| 85° 21' 42.55" E<br>Elevation: 4336.25 ft asl. |
| ७. | सम्पदाको विवरण | जमिन माथि पानीको अभाव रहेका स्थानमा मानिसले पानीको आपूर्तिको लागि कुवाको निर्माण पनि गर्ने गर्दछन्। कुवा बनाउँदा सहजरूपमा पनि जम्मा भइरहने पानीको एक स्रोत हो। कुवामा वर्ष भरिनै पानी जम्मा भइरहने हुँदा मानिसले पुरानो समयदेखि नै पानीका स्रोतको प्रयोग गर्दै आएको पाइन्छ। अहिले पनि पानीको अभाव रहेका ठाउँमा कुवाबाट ठाउँहरूमा पानी आउने सम्भावना रहेका स्थानमा कुवा निकाल्ने चलन रहि आएको छ। पुनर्निर्माण पश्चात कुवा रहेको क्षेत्रलाई कम्पाउण्ड वाल लगाइएको छ। कुवा माथि कलात्मक रेलिङ निर्माण गरी बुद्ध मूर्ती राखिएको छ साथै, ढुङ्गेधारा पनि राखिएको छ। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | प्राकृतिक रूपमा वा मानिसले कुवाबाट पानी आउने व्यवस्था गरिएकोलाई कुवा भन्ने गरिन्छ। यसमा आउने पानी जमिनको भाग सम्म र केही तलको भाग सम्म रहने गरेको पाइन्छ। पिउन र अन्य घरायसी प्रयोजनका लागि यसको पानी प्रयोग गर्ने गरिन्छ। परम्परागत रूपमा बौद्धका स्थानीय बासिन्दाहरूको निम्ति यो कुवा पानीको महत्वपूर्ण स्रोतको रूपमा रहेको थियो। बस्ती विस्तारसँगै यो लगायतका पानीका स्रोतहरू सुकेर गएको देखिन्छ। |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | कुवा पुनर्निर्माण गरिएपनि संचालनमा आएको छैन, कुवाको पानी सुकेको देखिन्छ र ढोका बन्द नै हुन्छ। अन्य स्रोतबाट पानी आपूर्ति गरी कुवामा पानी संचालन गर्न सकिने देखिन्छ। |

| | | |
|---|---|---|
| क्र.सं. | ४०. | |
| १. | ID: | WAT59 |
| २. | नाम | ऐतिहासिक तीन कुवा (पहिलो कुवा) |
| ३. | मूर्त सम्पदाको प्रकार | कुवा |
| ४. | फोटो ID | WAT59 |
| ५. | ऐतिहासिकता | बौद्ध क्षेत्रमा मानव बस्तीको सुरुवात भएको समयदेखिनै पानीको स्रोतको रूपमा यो कुवा अस्तित्वमा रहेको देखिन्छ। प्राकृतिक स्वरूपमा रहेको कुवा वि.सं. २०६७ बौद्धनाथ क्षेत्र विकास समितिले कुवाको पुनःनिर्माण गरी वर्तमान स्वरूपमा विकास गरिएको हो। |
| ६. | स्थान | अवस्थिति: बौद्ध महास्तुपको मुख्य प्रवेशद्वार अगाडिको सडक पार<br>Lat/Long: 27.7199012 85.3615922<br>DMS: 27°43'10.2" N \| 85°21'41.7" E<br>Elevation: 4336.26 ft asl. |
| ७. | सम्पदाको विवरण | जमिन माथि पानीको अभाव रहेका स्थानमा मानिसले पानीको आपूर्तिको लागि कुवाको निर्माण पनि गर्ने गरिन्छ। कुवा भन्नाले सहज बाहर पनि जम्मा भइरहने पानीको एक स्रोत हो। कुवामा वर्षै भरिनै पानी जम्मा भइरहने हुनाले मानिसले सुरुवाती दिन देखि नै यस किसिमका पानीका स्रोतको प्रयोग गर्दै आएको पाइन्छ। अहिले पनि पानीको अभाव रहेका ठाउँहरूमा पानी आउने सम्भावना रहेका स्थानमा कुवा निकाल्ने चलन पाइँदै आएको छ। पुनःनिर्माण पश्चात कुवा रहेको क्षेत्रलाई सम्पूर्ण रूपमा जालि बार लगाइएको छ। कुवा माथि कलात्मक रेलिङ निर्माण गरी बुद्ध मूर्ति राखिएको छ साथै, ढुङ्गेधारा पनि राखिएको छ। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | प्राकृतिक रूपमा वा मानिसले मुहानबाट पानी आउने व्यवस्था गरिएकोलाई कुवा भनिन्छ। यसमा आउने पानी जमिनको भाग सम्म रहेको तलको भाग सम्म रहने गरेको पाइन्छ। पिउन र अन्य घरायसी प्रयोजनका लागि यसको पानी प्रयोग गर्ने गरिन्छ। परम्परागत रूपमा बौद्धका स्थानीय बासिन्दाहरूको निम्ति यो कुवा पानीको महत्त्वपूर्ण स्रोतको रूपमा रहेको थियो। बस्ती विस्तारसँगै यो लगायतका पानीका स्रोतहरू सुकी गएको देखिन्छ। |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | कुवा पुनःनिर्माण गरिएपनि संचालनमा आएको छैन, कुवाको पानी सुकेको देखिन्छ र दोषा बन्द नै हुन्छ। अन्य स्रोतबाट पानी आपूर्ति गरी कुवामा पानी संचालन गर्न सकिने देखिन्छ। |

| | | |
|---|---|---|
| क्र.सं. | ४१. | |
| १. | ID: | WAT512 |
| २. | नाम | च्यालुम कुवा |
| ३. | मूर्त सम्पदाको | कुवा |
| ४. | फोटो ID | WAT512 |
| ५. | ऐतिहासिकता: | त्यस क्षेत्रमा पहिला तितेपातीको घारी थियो. त्यहीं तितेपाती घारीमा कुवा भएकाले त्यस कुवालाई च्यालुम कुवा भनिएको हो। टुसाल क्षेत्रको प्रमुख र भरपर्दो पानीको नै त्यो कुवा थियो। वि.सं. २०७७ मा बौद्धनाथ क्षेत्र विकास समितिको सहयोगमा कुवाको मर्मत र नयाँ बोरिङ थपिएको थियो। |
| ६. | स्थान | अवस्थिति: कुमारीगाल, च्यालुम गल्ली<br>Lat/Long: 27.71850039,85.35779395<br>DMS: 27° 43' 6.6'' N \| 85° 21' 28.06'' E<br>Elevation: 1333.31 m asl. |
| ७. | सम्पदाको विवरण | जमिन माथि पानीको अभाव रहेका स्थानमा मानिसले पानीको आपूर्तिको लागि कुवाको निर्माण गर्ने गर्दछन्। कुवा भन्नाले सहायक पनि जम्मा भइरहने पानीको एक स्रोत हो। कुवामा वर्ष भरिनै पानी जम्मा भइरहने हुनाले मानिसले पुरानो दिन देखि नै यस किसिमका पानीका स्रोतको प्रयोग गर्दै आएको पाइन्छ। अहिले पनि पानीको अभाव रहेका ठाउँहरूमा पानी आउने सम्भावना रहेका स्थानमा कुवा खनेर कुवाबाट पानी निकाल्ने चलन रहि आएको छ |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | टुसाल क्षेत्रको प्रमुख र भरपर्दो पानीको नै त्यो कुवा थियो। च्यालुम कुवाको प्रभाव यति गहिरो थियो कि पछि यही कुवाको नामबाट वरिपरिको बस्तीलाई च्यालुम टोल भनिन थालियो। अहिले पनि यो टोलले आफ्नो मौलिकता जोगाए राखेको छ र त्यो पहिचानको मूल जरो यही ऐतिहासिक कुवा रहेको छ। हाल यो कुवामा बोरिङ गरी पानी ट्याङ्कीमा संकलन गरिएको पानी स्थानीयहरू लुगा धुवाइ, सरसफाइ लगायतका कार्यमा उपयोग गर्दछन् |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | नियमित रूपमा सरसफाइ गर्नुपर्ने देखिन्छ |

| क्र.सं. | ४१. | |
|---|---|---|
| १. | ID: | WATS11 |
| २. | नाम | ऐतिहासिक टीन कुवा (ठेलो कुवा) |
| ३. | मूर्त सम्पदाको प्रकार | कुवा |
| ४. | फोटो ID | WATS11 |
| ५. | ऐतिहासिकता: | बौद्ध क्षेत्रमा मानव बस्तीको सुरुवात भएको समयदेखि नै पानीको स्रोतको रुपमा यो कुवा अस्तित्वमा रहेको देखिन्छ। प्राकृतिक स्वरुपमा रहेको कुवा वि.सं. २०६७ बौद्धक्षेत्र विकास समितिले कुवाको पुनःनिर्माण गरी वर्तमान स्वरुपमा विकास गरिएको हो। |
| ६. | स्थान | अवस्थिति: बौद्ध महास्तुपको मुख्य प्रवेशद्वार अगाडिको सडकपारि कुवाटोल<br>Lat/Long: 27.7194633,85.3621392<br>DMS: 27° 43' 10.07" N \| 85° 21' 43.7" E<br>Elevation: 4336.25 ft asl. |
| ७. | सम्पदाको विवरण | जमिन माथि पानीको अभाव रहेका स्थानमा मानिसले पानीको आपूर्तिको लागि कुवाको निर्माण पनि गर्ने गरिन्छ। कुवा भन्नाले सधैंभरि पनि जम्मा भइरहने पानीको एक स्रोत हो। कुवामा वर्षे भरि नै पानी जम्मा भइरहने हुनाले मानिसले पुरानो दिन देखि नै यस किसिमका पानीका स्रोतको प्रयोग गर्दै आएको पाइन्छ। अहिले पनि पानीको अभाव रहेका ठाउँहरुमा पानी आउने सम्भावना रहेका स्थानमा खनेर कुवाबाट निकाल्ने चलन रहि आएको छ। पुनःनिर्माण पश्चात कुवा रहेको क्षेत्रलाई कम्पाउण्ड जाली वाल लगाइएको छ। कुवा माथि कलात्मक देवल निर्माण गरी बुद्ध मूर्ति राखिएको छ साथै, ढुङ्गेधारा पनि राखिएको छ। परम्परागत रुपमा बौद्धका स्थानीय बासिन्दाहरुको निम्ति यो कुवा पानीको महत्वपूर्ण स्रोतको रुपमा रहेको थियो। बस्ती विस्तारसँगै यो लगायतका पानीका स्रोतहरू सुकै गएको देखिन्छ। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | प्राकृतिक रुपमा वा मानिसले कृत्रिमबाट पानी आउने व्यवस्था गरिएकोलाई कुवा भनिन्छ। यसमा आउने पानी जमिनको भाग सम्म र केही तलको भाग सम्म रहने गरेको पाइन्छ। पिउन र अन्य घरायसी प्रयोजनका लागि यसको पानी प्रयोग गर्ने गरिन्छ। परम्परागत रुपमा बौद्धका स्थानीय बासिन्दाहरुको निम्ति यो कुवा पानीको महत्वपूर्ण स्रोतको रुपमा रहेको थियो। बस्ती विस्तारसँगै यो लगायतका पानीका स्रोतहरू सुकै गएको देखिन्छ। |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | कुवा पुनःनिर्माण गरिएपनि संचालनमा आएको छैन, कुवाको पानी सुकेको देखिन्छ र ढोका बन्द नै हुन्छ। अन्य स्रोतबाट पानी आपूर्ति गरी कुवामा पानी संचालन गर्न सकिने देखिन्छ। |

| क्र.सं. | ४३. | |
|---|---|---|
| १. | ID: | WATS13 |
| २. | नाम | अङ्गत धारा |
| ३. | मूर्त सम्पदाको प्रकार | ढुङ्गेधारा |
| ४. | फोटो ID | WATS13 |
| ५. | ऐतिहासिकता: | यो धारा अंगत लामा (टार्पे लामा) द्वारा वि.सं. १९९३ सालमा स्थापना गरिएको हो। उनको जन्म वि.सं. १९५५ सालमा भएको थियो। उनको निधन ५८ वर्षको उमेरमा वि.सं. २०१९ भएको थियो। उनी बौद्ध धर्मको जन्मोत्सिमृत्यु संस्कारमा निकै निपुण थिए। धारा निर्माण भन्दा पहिला कुवाको रुपमा रहेको थियो। यो धारा वि.सं. २०५७ सालमा अंगत लामाका बुहारी भिक्षु लामाद्वारा जिर्णोद्धार गरिएको थियो। |
| ६. | स्थान | अवस्थिति: बौद्ध अरणिमा चोक र कुकुप थुंगेड क्षेत्रमा अंगत धारा पर्दछ<br>Lat/Long: 27.7179658,85.3595907<br>DMS: 27° 43' 4.68'' N \| 85° 21' 34.53'' E<br>Elevation: 4321.49 ft asl. |
| ७. | सम्पदाको विवरण | नेपाली परम्परागत बस्तीमा पानीको सुलभताका लागि विभिन्न स्रोतको व्यवस्था गरेको हुन्छ। यसको लागि ईनार, पोखरी, ढुङ्गेधारा, जरु, कुवाका पर्खिएका हुन्छन्। सडक, चोक गल्लीको जमिनको सतह भन्दा तलतिर ढुङ्गेधारा र यसको नजिकै साल (सत:) पनि बनाउने गरिन्छ। ढुङ्गेधाराको पानी खाने र मुख धुनको लागि प्रयोग गरिन्छ। सामान्यतया ढुङ्गेधारा एउटा वा तीन वटा धारा राखिएका हुन्छन् भने पाँच, नौ, बाह्र, बाइस, एक सय आठ धारा पनि राख्ने गरेको पाइन्छ। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | पहिलेसम्म नै यस धाराको पानी खाना र सरसफाइका लागि स्थानीयहरुले प्रयोग गर्दथे। यहाँको पानी चिसो महिनामा तातो र गर्मी समयमा चिसो हुने गर्दथ्यो। हालको स्वरूपमा वि.सं. २०८० सालमा पुनः निर्माण गरिएको हो। अहिले यसको स्वरुप निकै सुन्दर बनाएको छ तर अहिले पहिलाको जस्तो पानी भने आउँदैन। लेखक विर बहादुर लामाका अनुसार अंगत लामाले जीवनभर ढुंगेधाराको बाहेक अन्यत्रको पानी पिएनन्। जीवनको अन्तिम घडी सम्म पनि बौद्धको ढुंगेधाराकै प्रयोग गर्ने उनको शवमा पनि सबैले धाराहेरको ढुंगेधाराकै पानी चढाए। |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | हाल यस धाराबाट पानी संचालन हुँदैन। पानी संचालन गर्नुपर्ने देखिन्छ। |

| क्र.सं. | ४४. | |
| --- | --- | --- |
| १. | ID: | WATS14 |
| २. | नाम | एक धारा कुवा, चमहिटि |
| ३. | मूर्त सम्पदाको प्रकार | ढुङ्गेधारा |
| ४. | फोटो ID | WATS14 |
| ५. | ऐतिहासिकता: | विगतदेखि बौद्ध क्षेत्रस्थित चमहिटि आसपास बसोबास गर्ने स्थानीयहरूको पानीको प्रमुख स्रोतको रूपमा रहेको यस एक धारा कुवा वि.सं. २०५६ सालमा अहिंसा शान्ति सेवा समाजको पहलमा धाराको पुनर्निर्माण र वर्तमान स्वरूपमा विकास गरिएको थियो। |
| ६. | स्थान | अवस्थिति: चमहिटि<br>Lat/Long: 27.7289191,85.3657684<br>DMS: 27° 43' 44.11" N \| 85° 21' 56.77" E<br>Elevation: 1345.39 m asl. |
| ७. | सम्पदाको विवरण | हालसम्म धारालाई व्यवस्थित ढंगले संचालन गर्न कुवाको पानी पानीट्याङ्कीमा संकलन गरी प्रशोधन मेसिनमा प्रशोधन गरेपश्चात ढुङ्गेधारामा संचालन गरिएको छ। धारालाई कलात्मक ढुङ्गाको गारो लगाइ खोपिमा गणेश, नाग लगायतका प्रस्तर मूर्तिहरू राखिएका छन् साथै भूमा ढुङ्गा बिछ्याइएको छ |
| ८. | वर्तमान अवस्था तथा जोखिमहरू | बौद्ध क्षेत्रमा अस्तित्वमा रहेका प्राचीन ढुङ्गेधाराहरूमध्ये व्यवस्थित र पानीको संचालन हुने केही ढुङ्गेधाराहरूमध्ये यो पनि एक रहेको छ। भित्ताहरूमा लेउ लागेको देखिन्छ, सरसफाइ गर्नुपर्ने देखिन्छ |

| | | |
|---|---|---|
| क्र.सं. | ३५. | |
| १. | ID: | WATSIS |
| २. | नाम | ऐतिहासिक चार धारा कुवा, चमहिटि |
| ३. | मूर्त सम्पदाको प्रकार | कुवा, ढुङ्गेधारा |
| ४. | फोटो ID | WATSIS |
| ५. | ऐतिहासिकता: | प्राचीन समयदेखिनै स्थानीय समुदायले यस कुवालाई खानेपानीको मूल स्रोतको रूपमा प्रयोग गर्दै आएका थिए। वि.सं. २०६० सालमा श्री बौद्धनाथ क्षेत्र विकास समितिको आर्थिक सहयोगमा यस कुवाको पुनर्निर्माणकार्य गरी वर्तमान स्वरूपमा विकास गरिएको थियो। |
| ६. | स्थान | अवस्थिति: चमहिटि<br>Lat/Long: 27.7208348,85.3668726<br>DMS: 27° 43' 43.81" N \| 85° 22' 0.74" E<br>Elevation: 1342.39 m asl |
| ७. | सम्पदाको विवरण | हाल कुवाको पानीलाई संकलन गर्ने सानो ट्याङ्की बनाइएको छ जम्मा भएको पानी प्रशोधन गरी पानी ट्याङ्कीमा पुनः जम्मा गरी दैनिक रूपमा बिहान ७ देखि १० बजेसम्म वितरण गरिन्छ। कुवा क्षेत्रको संरक्षण र संचालन चारधारे महांकाल एकता समाजले गर्दै आएको छ। कुवाको पानी संचालन गर्ने मूल ढुङ्गेधारा सहित सा साना ढुङ्गेधारा राखिएका छन्। त्यसैगरी कुवाको छेउमा चारधारे महांकाल थान स्थापना गरिएको छ। कलात्मक ढुङ्गाको भित्ताको खोपिहरूमा पनि हुनु तथा प्रकार मूर्तिहरू राखिएका छन्। भूमा ढुङ्गा बिछ्याइएको छ। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | स्थानीय समुदायका लागि यो कुवा पानीको मूल स्रोतका साथै यहाँ स्थापित महांकाल स्थानका कारण आस्थाको धरोहर समेत रहेको छ। |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | बौद्ध क्षेत्रमा अवस्थित रहेका प्राचीन कुवाहरूमध्ये सबैभन्दा व्यवस्थित र पानीको संचालन हुने केही कुवाहरूमध्ये यो कुवा पनि रहेको छ। |

| | | |
|---|---|---|
| क्र.सं. | ४८. | |
| १. | ID: | WATS16 |
| २. | नाम | प्राचिन ढुङ्गेधारा |
| ३. | मूर्त सम्पदाको प्रकार | ढुङ्गेधारा |
| ४. | फोटो ID | WATS16 |
| ५. | ऐतिहासिकता: | यस ढुङ्गेधाराको निर्माण बौद्ध, महांकालका स्थानीय ढुङ्गाना समुदायले वि.सं. १९०१ सालमा निर्माण गरी स्वच्छ खानेपानीको मूल स्रोतको रूपमा प्रयोग गर्दै आएका थिए। वि.सं. २०७४ को अविरल वर्षाका कारण धारा भत्किएपछि वि.सं. २०७५मा पुनःनिर्माण गरिएको थियो। |
| ६. | स्थान | अवस्थिति: महांकाल<br>Lat/Long: 27.7288348,85.3668726<br>DMS: 27° 43' 43.81" N \| 85° 22' 0.74" E<br>Elevation: 1342.39 m asl |
| ७. | सम्पदाको भौतिक विवरण | पुनःनिर्माण पश्चात वर्तमान स्वरूपको ढुङ्गेधारा व्यवस्थित र कलात्मक देखिन्छ। धारा नागर कलात्मक ढुङ्गाको गरी ल्याइएको। भित्ताको तल्लो र दोस्रो खण्डमा रहेको खोपिहरूमा पन्ध्र बुद्ध लगायतका भगवानका प्रस्तर मूर्तिहरू राखिएका छन्। सबैभन्दा माथिल्लो खण्डमा महादेवको मूर्ति र दायाँ बायाँ नागहरूको मूर्ति राखिएको छ। |
| ८. | वर्तमान अवस्था तथा जोखिमहरू | बौद्ध क्षेत्रमा अस्तित्वमा रहेका प्राचीन ढुङ्गेधाराहरूमध्ये व्यवस्थित र पानीको संचालन हुने केही ढुङ्गेधाराहरूमध्ये यो पनि एक रहेको छ। भित्ताहरूमा लेउ लागेको देखिन्छ, सरसफाइ गर्नुपर्ने देखिन्छ |

# खण्ड ३. बौद्ध सम्पदा क्षेत्र अन्तर्गत रहेका अन्य धार्मिक तथा सांस्कृतिक सम्पदाहरू

| क्र.सं. | ३१. | |
| --- | --- | --- |
| १. | ID: | BDH31 |
| २. | नाम | शिलालेख |
| ३. | मूर्त सम्पदाको प्रकार | शिलालेख |
| ४. | फोटो ID | BDH31 |
| ५. | आयामहरू | शिलालेख - ४८-३२ सेमी, चैत्यको गजुर- ५७-३९ सेमी. |
| ६. | ऐतिहासिकताः | यहाँ राखिएको शिलालेखका अक्षर पढ्न नसकिने अवस्थामा छन्। |
| ७. | स्थान | अवस्थितिः वडा नं. ६ को वडा कार्यालय रहेको भवनको दक्षिणमा रहेको पिपलको बोटको फेदमा रहेको<br>Lat Long: 27.7205369,85.3652143<br>DMS: 27° 43' 13.93'' N \| 85° 21' 54.77'' E<br>Elevation: 1328.39 m asl. |
| ८. | सम्पदाको विवरण | इतिहासको प्रमाणिक आधार भनेको लेखोट अर्थात अभिलेख हो। अभिलेख विभिन्न किसिमका सामग्रीहरूमा लेखिएका हुन्छन्। स्वर्ण तथा ताम्रपत्रमा लेखिएको सामग्री पनि जस्तै हराउने चोरी हुने गर्दछ कागज छिट्टै नासेर जाने वस्तु भएका कारण छोटो समयमा नै हराउने गर्छ भने शिला अथवा ढुङ्गामा लेखिएका सामग्री लामो समय सम्म पनि पाइएका छन्। इतिहासको प्रमाणिकतालाई वैधानिकता दिने ठोस आधारका यस्ता सामग्रीलाई जोगाउनु आवश्यक देखिन्छ यस अभिलेखको अक्षर पढ्न नसकिने अवस्थाका छन्। यसै गरी यस अभिलेखसँगै रहेको पुरातात्विक महत्वको अर्को वस्तु चैत्यको गजुरको भाग हो। बौद्ध धर्ममा चैत्यको विशेष स्थान रहने गरेको छ विभिन्न उद्देश्य परिपूर्तिका लागि विभिन्न आकार प्रकारका चैत्य निर्माण गर्ने परम्परा रहेको छ मन्दिरको सबै भन्दा माथिल्लो भागमा रहने गजुर चैत्यको माथिल्लो भागमा पनि गजुर रहने गर्दछ मन्दिरको गजुरलाई कलशाकार बनाई विभिन्न उपासनामा राख्ने गरे जस्तै चैत्यको गजुरमा बौद्ध धर्मको तेह्र वटा भुवनको प्रतिनिधित्व गर्ने गोलाकार वा चारपाटे आकारमा बनाउने चलन छ। यहाँ पाइएको चैत्यको गजुर भने बौद्धको महाचैत्यको जस्तै चारपाटे आकारमा तेह्र वटा भुवनका रेखा बनाइएको देखिन्छ यस गजुरका आधारमा यहाँ पुरानै समयमा चैत्य थियो भन्ने अनुमान गर्न सकिन्छ। |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | हाल यो शिलापत्र रहेको स्थानमा काठमाडौं महानगर वडा नं ६ ले पुनर्निर्माणको कार्य गरिरहेको छ शिलापत्रसँगै रहेको गजुर भने अहिले यहाँ राखिएको छैन |

| | | |
|---|---|---|
| क्र.सं. | ४८. | |
| १. | ID: | BDH32 |
| २. | नाम | स्तूप |
| ३. | मूर्त सम्पदाको प्रकार | स्तूप |
| ४. | फोटो ID | BDH32 |
| ५. | आयाम | १९८ x ४ सेमी.. |
| ६. | ऐतिहासिकता | १८ औं शताब्दी |
| ७. | स्थान | अवस्थिति: वडा नं. ६ को वडा कार्यालय रहेको भवनको पछाडितिर<br>Lat/Long: 27.7204236,85.3651618<br>DMS: 27° 43' 13.52" N \| 85° 21' 54.58" E<br>Elevation: 1334.39 m asl. |
| ८. | सम्पदाको विवरण | काठमाडौं उपत्यकामा बौद्ध धर्मको एक विशिष्ट र प्रामाणिक रूप चैत्य अथवा चिभा:हो। बौद्ध नेवारमा मृतक आफन्तका नाममा चैत्य बनाउने परम्परा रहेको छ। मृतक परिवारका सदस्यको सम्झनामा जीवित पुस्ताले पुण्य प्राप्तिका लागि चिभाहरू बनाउने गरेको पाइन्छ। यसरी बनाइएका चिभाहरू सार्वजनिक पूजाको स्थान हुने गरेको छ। चिभामा दाताको नामको साथै परिवारका सदस्यका नाम र आकृति बनाई मृतकको आत्मा सुखावती भुवनमा वास होस भन्ने आशयका अभिलेख लेख्ने चलन पनि छ। यहाँको चिभाको उल्लेख नाम सहितको दाताका आकृति र पुण्य वृद्धिको कामना गरिएको छ। |
| ९. | धार्मिक, सांस्कृतिक महत्व | विशिष्ट व्यक्ति जस्तै राजा महाराजा, साधु-सन्त आदि मर्दा गाड्ने वा उनीहरूको शरीर जलाई बाँकी हुन आएको अस्थिधातु खाल्डो खनी गाडेर पुरेको भागमा अण्डाकार ढिस्को जस्तो बनाई त्यसको मध्यभागमा एउटा बाँस वा सल्लाको काठ गाड्ने प्रचलन रहेको थियो। यसरी स्तूपको प्राचीन स्वरूप यही रहेको आकलन गर्न सकिन्छ। बौद्ध धर्मको विकास भएपश्चात यही वैदिक परम्पराको आधारमा बौद्ध स्तूपको व्याख्या तथा निर्माण गर्ने मान्यता स्थापित भयो। बौद्ध परम्परामा स्तूप भनेको गुरु वा अर्हतहरूको स्मृतिलाई अमर बनाउन बनाइएको पवित्र संरचना हो। यस प्रकारको संरचना निर्माणको मुख्य उद्देश्य आफ्ना गुरु वा पूजनीय व्यक्तिहरूसँग सम्बन्धित पवित्र वस्तुहरूलाई सुरक्षित राख्नु हो। यी अस्थिधातु वा सामग्रीहरू जमिनको सतहमा राख्दा नष्ट हुने वा हराउने जोखिम हुँदा, तिनीहरूलाई दीर्घकालीन संरक्षण गर्ने स्तूपहरूको निर्माण गरिएको हो। प्राचीन बौद्ध ग्रन्थ महापरिनिर्वाण सूत्र अनुसार बुद्धले महापरिनिर्वाणमा प्रवेश गर्नुभन्दा ठीक अघि उनका प्रिय शिष्य आनन्दले तथागत(बुद्ध)का अवशेषहरू र अवशेषहरूलाई कसरी सम्मान तथा सुरक्षित गर्ने भन्ने प्रश्नमा चक्रवर्ती राजाको लागि निर्माण गरिने स्तूप जस्तै चार राजमार्गहरूलाई जोड्ने चार सडकहरू मिल्ने चौबाटोमा स्तूप निर्माण गर्नु भनी आदेश दिएका थिए। ८० वर्षको उमेरमा ई. पू. ४८३ मा भारतको कुशीनगरमा गौतम बुद्धको महापरिनिर्वाण भएपछि बुद्धको अस्थिधातुलाई विभिन्न महाजनपदहरूले आपसमा बाँडेर ८ वटा मुख्य स्तूप बनाएका थिए |

| | | |
|---|---|---|
| १०. | वर्तमान अवस्था तथा जोखिमहरू | हाल यो स्तूप रहेको स्थानलाई काठमाडौं महानगर वडा नं ८ ले मर्मतसम्भार सँगै भूइँमा ढुङ्गा बिछ्याई वडा कार्यालयको परिसरभित्र राखि संरक्षण गरिएको छ |

| | | |
|---|---|---|
| क्र.सं. | ४१. | |
| १. | ID: | BDH33 |
| २. | नाम | लुङ्पन्चोम्पे थुलोई |
| ३. | मूर्त सम्पदाको प्रकार | विहार |
| ४. | फोटो ID | BDH33 |
| ५. | ऐतिहासिकता: | बौद्ध क्षेत्रमा अवस्थित स्थानीय तमाङ समुदायको महत्वपूर्ण सम्पदाको रुपमा रहेको यस ऐतिहासिक विहार बौद्धको मूलद्वारको ठिक २ घर पूर्वमा अवस्थित थियो। १ रोपनी १२ आना क्षेत्रफलमा फैलिएको उक्त विहार बौद्धमा अनुसार तिब्बत प्रसिद्ध ८ वटा महान विहानमध्ये एक रहेको मान्यता रहेको छ। बौद्ध निर्माणकर्ता माझ्याजिमको मृत्युपश्चात उनका चार छोराहरूले यहि विहारमा दाहसंस्कार गरेका थिए। गुरु रिम्पोछे संस्थापक रहेका आठ महत्वपूर्ण विहान (थुलोई) मध्ये पाँच पाँच वर्ष साधना गर्ने क्रममा उहाँले बौद्धमा रहेको लुङ्पन चोम्पे थुलोईमा साधना गरेको थिए। अनुसार बौद्ध क्षेत्रमा बस्ती बढ्दै जाने क्रममा स्थानीयवासीले आफ्नो सामलाई अनुसार वि.सं. २०२५–२०२६ सालतिर यो विहारलाई मूल स्थलबाट बौद्धस्तूपभन्दा तलतिर धाप छेउ सारिएको हो। यसै मानन्धरको अनुमानित ७–८ आना जग्गा रहेको तामाङको नाममा खरिद गरेर पुरानो विहारको माटो समेत ल्याएर पुरानो विहारको एक कमरो भलि भित्र दक्षिण पश्चिममा सारिएको थियो। |
| ६. | स्थान | अवस्थिति: अङ्गार दुङ्गेधाराको पश्चिममा सडक छेउतिर<br>Lat/Long: 27.7180598,85.3593756<br>DMS: 27° 43' 5.02" N \| 85° 21' 33.75" E<br>Elevation: 4323.79 ft asl. |
| ७. | सम्पदाको विवरण | हाल यस विहारमा स्थानीय तामाङ र शेर्पाहरूले दाहसंस्कार गर्ने गर्दछन्। विहार परिसरमा गव दह गुम्बा साथै छ्योर्तेन र भवन समेत रहेको छ। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | बौद्धमा अनुसार तिब्बत प्रसिद्ध ८ वटा महान विहानमध्ये एक रहेको मान्यता रहेको छ। बौद्ध निर्माणकर्ता माझ्याजिमको मृत्युपश्चात उनका चार छोराहरूले यहि विहारमा दाहसंस्कार गरेका थिए। गुरु रिम्पोछे संस्थापक रहेका आठ महत्वपूर्ण विहान (थुलोई) मध्ये पाँच पाँच वर्ष साधना गर्ने क्रममा उहाँले बौद्धमा रहेको लुङ्पन चोम्पे थुलोईमा साधना गरेको थिए। किंवदन्तीका अनुसार यो कल्प अघि रुद्रा नामक राक्षसको शरीर अंगहरू मध्ये दाहिने हात बौद्धमा खसेको लुङ्पन्चोम्पे थुलोई बनेको हो। गुरु डिमा ड्रोङ्मेनको पालामा रुद्राले मान्छेको हत्या गरी रगत मासु खाने र मनुष्यलाई धेरै दुख दिने गर्नाले उसको पाप र अत्याचार बढ्दै गएको थियो। त्यसैले उसलाई पाप र अत्याचारबाट मुक्त दिलाउन गुरु रिम्पोछेले डिमा ड्रोङ्मेनको रूप धारण गरि त्यस रुद्रा राक्षसको वध गरे। त्यसरी वध गरिएको रुद्राको शरीर विभिन्न स्थानहरूमा खसेको र त्यसमध्ये दाहिने हात बौद्धमा खसेकोले त्यहि खसेको स्थान थुलोईको रुपमा विकास भयो। बौद्धस्थित यहि थुलोईमा साधनारत रहँदा स्थानीय देवी ममोखुकमिजिले गुरु रिम्पोछेलाई अनेक विघ्नबाधा उत्पन्न गरी दुःख दिन थालेपछि उनको क्रियाकलापबाट हैरान भएका गुरु रिम्पोछेले आफ्नो तन्त्र शक्तिद्वारा ममोखुकमिजिलाई आफ्नो वशमा पारेका थिए। उनले अब उप्रान्त कसैलाई पनि दुःख नदिने र सबैको कल्याण हुने काम गर्नेछु भनि वाचा गरेका थिए। त्यसरी आफ्ना दोषी स्वभाव त्यागेर लोक कल्याणका लागि काम गर्ने वाचा गरेका |

| | | |
|---|---|---|
| | | कारण ममोपुकामिखिलाई बौद्धको अवतारको रुपमा पुज्न थालियो र तत्पश्चात ममोपुकामिखिले बौद्ध धर्मको रक्षा गर्नु भई लोक कल्याण कार्य गर्नु भयो। आजसम्म पनि ममोपुकामिखिको स्मरण गर्दै शान्तिको कामना सहित बाजा बजाउन शुरुवात भएको मानिन्छ। |
| ९. | वर्तमान अवस्था तथा जोखिमहरू | हाल यो चिह्नान व्यवस्थापन र संचालन श्री बौद्ध तामाङ कल्याण गुठीले गर्दै आएको छ। |

| क्र.सं. | ५४. | |
|---|---|---|
| १. | ID: | BDH34 |
| २. | नाम | ठिनचुली |
| ३. | मूर्त सम्पदाको प्रकार | तिन वटा ढुङ्गाहरूको चुलो बुद्ध मूर्ति, स्तूप, शिलापत्र |
| ४. | फोटो ID | BDH34 |
| ५. | ऐतिहासिकता | बौद्ध निर्माणसँग सम्बन्धित किंवदन्ती अनुसार ठिनचुलीमा बौद्ध निर्माणको क्रममा काम गर्नेहरूलाई तीनचुले पीपलबोटमा विराजमान ज्योमोले (काली) खाना पकाए खुवाउने महत्वपूर्ण स्थल हो। यसरी खाना पकाउने काम बौद्ध स्तूप निर्माण गर्ने क्याजिमा नभई बौद्ध क्षेत्रमा अनेक काल अगाडि उत्पन्न भएका ११ योगिनीमध्ये तीनचुली पिपलबोटमा उत्पन्न भएकी ज्योमो (काली) हुन्। यसैगरी अन्य योगिनीहरू तीनचुली क्षेत्रको विभिन्न स्थानमा उत्पत्ति भई विराजमान भएको जनविश्वास रहेको छ। तीमध्ये बंगला माम, काल माम र सतिवीबाम पृथिवी अभिताभ बुद्धको छोरीहरू हुन्। ठिनचुली बौद्ध निर्माणकालमा प्रशासिनि हो। बौद्ध निर्माण स्थलमा काम गर्नेर खाना पकाएर खाने र मूल स्थान तीनचुली रहेको थियो। उक्त स्थानमा ठूलो चुलो रहेको थियो जहाँ श्रमिकहरू त्यहाँ खाना पकाएर खाने गर्दथ्यो। यसर्थ यस स्थानको इतिहास बौद्ध निर्माण काल पूर्व नै रहेकिन्छ |
| ६. | स्थान | अवस्थिति: बौद्ध, तीनचुली<br>Lat/Long: 27.7270443,85.3685538<br>DMS: 27° 43' 37.36" N \| 85° 22' 6.79" E<br>Elevation: 4454.92 ft asl. |
| ७. | सम्पदाको विवरण | ठिनचुली क्याक्ड खस्योर रेडिङ पूर्वतिर रहेको एक ऐतिहासिक ठाउँ हो। यस ठाउँमा ढुंगाको तीन ठूठे चुलो भएकोले त्यसैको आधारमा यहाँको नाम ठिनचुली रहन गएको हो। स्थानीय जनश्रुति अनुसार त्यस क्षेत्रमा खस्योर निर्माणगर्ने क्रममा त्यहाँ काम गर्ने श्रमिकहरू बस्दथे त्यसलाई आतिथि पनि भनिन्छ। श्रमिकहरूले त्यहीं आतिथिमा बसेर त्यहाँ चुलो बनाई खाना पकाएर खाने गर्दथे। त्यो चुलो अहिले सम्म नै संरक्षणमा रहेको छ। स्थानीय जनश्रुति अनुसार यस ठाउँबाट श्रमिकहरूले खस्योर निर्माण गर्ने सामग्रीहरू गधालाई बोकाएर ढुवानी गर्थे। अहिले यहाँ सो बुद्ध मूर्ति (प्रतिमा) र छ्योर्तेन (स्तूप) निर्माण गरिएको छ। तिनचुली बुद्ध मूर्ति तथा स्तूप बौद्धनाथ क्षेत्र विकास समितिको आर्थिक सहयोगमा निर्माण गरेको हो। बौद्धनाथ क्षेत्र विकास समितिका प्रतिनिधि (सदस्य) कृष्ण बहादुर लामाको संयोजकत्वमा ठिनचुली तामाङ अन्पू गुठि र ठिनचुली ह्रैबिस्थान तामाङ गुठिको संयुक्त पहलमा पनि निर्मित गरेको हो। निर्माण सम्पन्न पश्चात बुद्ध मूर्ति तथा स्तूपको ठुल्कु ज्योगलिङ रिम्पोछे तथा तत्कालिन बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष सम्पूर्ण कुमार लामाद्वारा वि.सं. २०५२ साल पुस १० गते शुक्रबार समुद्घाटन गरिएको थियो। |
| ८. | वर्तमान अवस्था तथा जोखिमहरू | पछिल्लो चरणमा निर्माण भएको बुद्ध मूर्ति (प्रतिमा) र छ्योर्तेन (स्तूप)ले बौद्ध निर्माण सँग जोडिएको प्राचीन ढुङ्गा जर्जर मा परेको देखिन्छ |

| क्र.सं. | ५१. | |
|---|---|---|
| १. | ID: | BDH35 |
| २. | नाम | महाँकाल भगवान र गुरुपद्मसम्भवको भव्य प्रतिमा |
| ३. | मूर्त सम्पदाको प्रकार | प्रस्तर मूर्ति |
| ४. | फोटो ID | BDH35 |
| ५. | ऐतिहासिकता | यस स्थानमा रहेको १८ फिट अग्लो दुईहाते प्रस्तर महाँकाल र गुरुपद्म सम्भवको भव्य प्रतिमा बौद्धजनपक्षेत्र विकास समितिद्वारा वि.सं. २०८१ सालमा स्थापना गरिएको थियो। त्यस भन्दा पहिले यस स्थानमा महाँकाल भनेर चिनिएको तोरण सहितको निराकार ढुङ्गे आकृति मात्र थियो। पहिले खुला रहेको यस स्थानमा पछि मात्र मन्दिर बनाइएको थियो।<br>महाँकाल तीन प्रकारको रहेको देखिन्छ। दुईहाते महाँकाल, चारहाते महाँकाल र छहाते महाँकाल भनेर चिनिएको छ। महाँकाललाई बुद्धधर्ममा धर्मपालको रुपमा लिइन्छ। महाँकाललाई शैवभक्तले शिवजीको अवतारको रुपमा पनि लिइन्छ। |
| ६. | स्थान | अवस्थिति: बौद्ध, महाँकाल<br>Lat/Long: 27.72539473,85.35832967<br>DMS: 27° 43' 31.42" N \| 85° 21' 29.99" E<br>Elevation: 1341.68 m asl. |
| ७. | सम्पदाको विवरण | यस स्थान पहिले खुला रहेकोमा पछि मात्र मन्दिर बनाइएको थियो। मन्दिरभित्र महाँकाल भनेर चिनिएको तोरण सहितको आकृतिविहीन निराकार ढुङ्गे आकृति रहेको छ। त्यसमाथि १८ फिट अग्लो दुईहाते प्रस्तर महाँकाल र गुरु पद्म सम्भवको प्रतिमा रहेको छ। महाकाल (महाङ्काल) को मूर्ति वज्रयान बौद्ध परम्पराका धर्मपालको उग्र–करुणामय रुपको प्रतीक आइकनोग्राफिक उदाहरण हो। यसको उग्र आकृतिले अदम्य संरक्षण शक्ति जनाउँछ भने तल दबाइएको मानव आकृति अविद्या, अहंकार र क्लेशबाधाको विजयको प्रतीक हो। ठूला, उग्र आँखा र दाँत देखिएको मुखाकृतिले अधर्ममाथि निग्रह र साधकका मानसिक बाधा नाश गर्ने "क्रोधी करुणा" (wrathful compassion) व्यक्त गर्छ; पाँच खप्परयुक्त मुकुटले पञ्च क्लेशलाई पञ्च ज्ञानमा रुपान्तरण गर्ने संकेत दिन्छ। हातमा धारण गरिएको खड्ग/दण्ड प्रज्ञारुप महान छेदनको चिन्ह हो, मुण्डमाला र ज्वालामय आभाले जन्म–मृत्यु चक्र अतिक्रमण र तान्त्रिक तेज सूचित गर्दछन्, र आधिको बाँसुरीले नकारात्मक शक्तिको निग्रह दर्शाउँछ।<br><br>यहाँ रहेको गुरु पद्म सम्भवको प्रतिमा विभिन्न रुपहरूमध्ये पद्मसम्भवको उग्र–शान्त रुप हो। उहाँलाई तिब्बती बौद्ध धर्ममा दोस्रो बुद्ध भनेर सम्मान गरिन्छ। ८ औं शताब्दीका महान तान्त्रिक आचार्य तिब्बतमा वज्रयान बौद्ध धर्म स्थापनामा प्रमुख भूमिका खेलेका थिए। नेपाल, भारत हुँदै तिब्बत पुगेर धर्म प्रचार गर्नुभएको मानिन्छ। यो रुपमा विशेषतः निधारमा तेस्रो आँखा उच्च ज्ञान र सर्वदर्शी चेतना, दाहिने हातमा वज्र (Vajra) अडिग सत्य/अविनाशी शक्ति, बायाँ हातमा खट्वाङ्ग (Khatvanga) तान्त्रिक शक्ति र ज्ञानको प्रतीक हो। आसनको पेटीमा उभिएको आह्वानता र नकारात्मक शक्तिमाथि विजय मुद्रामुनि दबिएको दानव अहंकार |

| | | |
|---|---|---|
| | | अज्ञानको एक,आध्यात्मिक अर्थ यो उग्र रूप करुणा मात्र होइन, रक्षक शक्ति पनि हो। यसले साधकलाई बाधा,अवरोध,नकारात्मक उर्जा र भयबाट जोगाउने विश्वास गरिन्छ |
| ८. | वर्तमान अवस्था तथा जोखिमहरू | यो समग्र हाल सामान्य अवस्थामा नै रहेकिला नियमित सरसफाइ तथा संरक्षणकार्य भने गर्नुपर्ने हुन्छ |

| क्र.सं. | ५२. | |
| --- | --- | --- |
| १. | ID: | BDH36 |
| २. | नाम (स्थानीय/अंग्रेजी) | लाल अज्ञात सहिद पार्क |
| ३. | मूर्त सम्पदाको प्रकार | उद्यान |
| ४. | फोटो ID | BDH36 |
| ५. | ऐतिहासिकता | लाल अज्ञात सहिदको नाममा बनाइएको २०५५/५६ मा निर्मित बगैंचामा मन्जुश्रीको ठूलो उभिएको मूर्तिलगायत, चिबा, शिवलिङ्ग र बसाइका मूर्तिहरू राखिएका छन्। |
| ६. | स्थान | अवस्थिति: महाकाल मन्दिरको दक्षिणमा<br>Lat/Long: 27.7247156,85.3573154<br>DMS: 27° 43' 28.98" N \| 85° 21' 26.34" E<br>Elevation: 4426.25 ft asl. |
| ७. | सम्पदाको विवरण | काठमाडौं नगरी भूकम्पको उच्च जोखिमयुक्त ठाउँमा भएकोले बढ्दो जनघनत्वको भारले बढेको छ। यसका कारण खुला ठाउँको कमी पनि हुँदै गएको छ। शहरका बीचमा खुला उद्यान बनाई मानिसका लागि बिहान बेलुका रहने ठाउँको आवश्यकता पनि भएको हुनाले यस प्रकारको पार्कको निर्माणले महत्व राखेको छ। |
| ८. | वर्तमान अवस्था तथा जोखिमहरू | यो पार्क हाल संरक्षित अवस्थामा रहेको छ। |

| | | |
|---|---|---|
| क्र.सं. | ५३. | |
| १. | ID: | BDH37 |
| २. | नाम | बुद्ध मूर्ति |
| ३. | मूर्त सम्पदाको प्रकार | मूर्ति |
| ४. | फोटो ID | BDH37 |
| ५. | ऐतिहासिकता: | वि.सं. २०११ सालमा सोलुखुम्बु जिल्लाका दावाछुङ शेर्पाले मूर्ति स्थापना गरेका थिए |
| ६. | स्थान | अवस्थिति: गणेश्वर शिव पञ्चायन मन्दिर प्राङ्गण<br>Lat/Long: 27.7247156,85.3573154<br>DMS: 27° 43' 28.98" N \| 85° 21' 26.34" E<br>Elevation: 4426.25 ft asl. |
| ७. | सम्पदाको विवरण | ध्यान मुद्राको बुद्ध मूर्ति (अभिलेख) गणेश्वर शिव पञ्चायन मन्दिर प्राङ्गणमा राखिएको छ। मन्दिर प्राङ्गणभित्र हिन्दु मन्दिर तथा विभिन्न देवदेवीका मूर्तिहरू राखिएका छन्। काठमाडौं उपत्यकामा शिवपञ्चायन शैलीमा शिवालय बनाउने परम्परा रहेको छ। शिवपञ्चायनमा मन्दिर बनाउँदा मुख्य देवता शिव हुन्छ भने चार कुनामा गणेश, सूर्य, देवी र विष्णुका मूर्ति बनाउने गरिन्छ। शिवपुराणमा उल्लेख भए अनुसार गंगा पनि शिवकी शक्ति रूप मानिन्छ। यहाँ गंगाको नामसँग शिवको नाम जोडि पानी खानुपर्ने लागि पानी ढुङ्गाधारा पनि बनाइएको छ। परिसरभित्र रहेको मन्दिरमा शिवलिङ्ग रहेको छ भने अगाडिको देवलमा भैरव, राधाकृष्ण, सरस्वती, दुर्गा, गणेशको मूर्तिहरू राखिएका छन्। |
| ८. | वर्तमान अवस्था तथा जोखिमहरू | मूर्ति अवस्थित गणेश्वर शिव पञ्चायन मन्दिर परिसर सुरक्षित अवस्थामा नै रहेकाले मन्दिर परिसरको नियमित सरसफाइ गर्नुपर्ने देखिन्छ। |

| क्र.सं. | ५४. | |
|---|---|---|
| १. | ID: | BDH38 |
| २. | नाम (स्थानीय/अंग्रेजी) | बुद्ध मूर्ति |
| ३. | मूर्त सम्पदाको प्रकार | मूर्ति |
| ४. | फोटो ID | BDH38 |
| ५. | ऐतिहासिकता: | यो मूर्ति कहिले स्थापना भयो भन्ने कुनै लिखित दस्तावेज देखिँदैन |
| ६. | स्थान | अवस्थिति: कुमारी माता मन्दिर प्राङ्गण, बौद्ध, ६, पानीट्याङ्की<br>Lat/Long: 27.7247156,85.3573154<br>DMS: 27° 43' 28.98" N \| 85° 21' 26.34" E<br>Elevation: 4426.25 ft asl. |
| ७. | सम्पदाको विवरण | यो उभिएको बुद्ध मूर्ति कुमारी माता मन्दिर परिसरमा रहेको पिपलबोट नजिकै रहेको छ। यहाँ रहेको मूर्ति बुद्धको शान्त र करुणामय रूपको प्रतिनिधित्व गर्दछ। उनी कमलासनमा उभिएको अवस्थामा छन् र दाहिने हात अभयमुद्रामा उचालिएको छ, जसले निर्भयता, सुरक्षा र करुणाको सन्देश दिन्छ। बायाँ हातमा वस्त्रको छेउ समातेको मुद्रा ध्यान, संयम र साधनाको प्रतीक हो। टाउको वरिपरि रहेको वृत्ताकार प्रभामण्डल (हेलो) ले ज्ञानको प्रकाश र बोधत्वको अवस्थालाई जनाउँछ। शरीरमा रहेको सरल चिवर, जसले सांसारिक वैभव त्यागी मध्यम मार्ग अवलम्बन गरेको संकेत गर्दछ।<br>त्यसैगरी, मन्दिरभित्र कुमारी, सरस्वती, हनुमान, गणेशको प्रस्तर मूर्तिहरू रहेका छन्। मन्दिर बाहिर जलशयन विष्णु, शिवलिङ्ग र वराहको प्रस्तर मूर्तिहरू रहेका छन्। |
| ८. | वर्तमान अवस्था तथा जोखिमहरू | कुमारी माता मन्दिर परिसरमा रहेको पिपलबोट नजिकै रहेको यो मूर्ति खुला स्थानमा रहेको छ। मूर्ति स्थापना भएको धेरै समय नभएको कारण सामान्य अवस्थामा नै रहेको देखिन्छ। मूर्ति खुला स्थानमा रहेको हुँदा समयक्रममा घामपानी, हावाहुरी लगायत प्राकृतिक वातावरणले असर पार्न सक्ने र मानवीय अतिक्रमणको सम्भावना पनि रहेको देखिन्छ। |

## खण्ड ४. बौद्ध सम्पदा क्षेत्र अन्तर्गत पे का गुम्बाहरू

| क्र.सं. | ५५. | |
|---|---|---|
| १. | ID: | GBI |
| २. | नाम (स्थानीय/अंग्रेजी) | गुरु लखाङ गुम्बा Guru Lakhang Monastery |
| ३. | मूर्त सम्पदाको प्रकार | गुम्बा |
| ४. | फोटो ID | GBI |
| ५. | ऐतिहासिकता | १९ औं शताब्दी |
| ६. | स्थान | अवस्थिति: बौद्ध स्तुपको आरम<br>Lat/Long: 27.7220267,85.362196<br>DMS: 27° 43' 19.3" N \| 85° 21' 43.87" E<br>Elevation: 1340.39 m asl. |
| ७. | सम्पदाको विवरण | यस गुम्बा बौद्धको महास्तुप परिसरमा रहेका गुम्बाहरूमा सबैभन्दा पुरानो हो। यहाँ स्थानीय यस गुम्बा १०० वर्ष पुरानो मान्ने गर्दछन्। यस पछिको तलामा पनी गुम्बा अन्तर्गतको नयाँ गुम्बा छ र यस पछिको तलामा गुरु लखाङ गुम्बा रहेको छ। यहाँ बुद्ध धर्म अन्तर्गतका बौद्ध देवदेवीहरू गुरुपद्मसंभव, महाकाल, शाक्य मुनि, चन्तुसी, तारा आदि जस्ता देव देवदेवीहरू मुख्य रूपमा स्थापित छन्। यी देवदेवीका मूर्ति माटोबाट बनेका छन्। यहाँका मूर्तिहरूमा प्राकृतिक रङ्ग प्रयोग गरिएका छन्। यस गुम्बामा स्थानीय लामा लगायत विभिन्न जिल्लाबाट आएका लामाहरू छन्। बौद्ध स्कुलका रूपमा नभई यो गुम्बा दिक्षा प्राप्त गरिसकेका लामाले पूजा, पाठ ध्यान गर्नका लागि प्रयोग हुँदै आएको छ। यो गुम्बा निङ्मा ( Nyingma) सम्प्रदाय अन्तर्गतको हो। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | Nyingma सम्प्रदाय अन्तर्गत संचालित यस गुम्बामा अन्य तिब्बती स्कूलहरू जस्तै तिब्बती बौद्ध धर्मका कृयाकलापहरू हुने गरिएको छ। बौद्ध ग्याङ गुठीले सञ्चालन गर्ने धार्मिक कार्यक्रम यस गुरुलखाङ गुम्बाले सञ्चालन गर्दै गरेको छ। |

| | | |
|---|---|---|
| क्र.सं. | ५६. | |
| १. | ID: | CIB2 |
| २. | नाम | सम्तेलिङ गुम्बा |
| ३. | मूर्त सम्पदाको प्रकार | गुम्बा |
| ४. | फोटो ID | CIB2 |
| ५. | ऐतिहासिकता: | बौद्ध क्षेत्रमा स्थापना भएका प्रारम्भिक तथा सबैभन्दा पुराना तिब्बती गुम्बाहरूमध्ये एक मानिन्छ ऐतिहासिक रूपमा यस गुम्बाको स्थापना गुरु येशी ग्याल्छेन ( Yeshe Gyeltsen) ले गर्नुभएको हो। औपचारिक रूपमा सन् १९६० ईस्वी तिर निर्माण सम्पन्न भएको पाइन्छ |
| ६. | स्थान | अवस्थिति:<br>Lat/Long: 27.7217831,85.3626584<br>DMS: 27° 43' 18.42" N \| 85° 21' 45.57" E<br>Elevation: 1346.29 m asl. |
| ७. | सम्पदाको विवरण | गुम्बाभित्रको प्रार्थना हल कलात्मक ढंगले सजाइएको छ, जहाँ धेरै साना चाँदीका (स्तूप) र कुनै चित्रको (थाङ्का) का मूर्तिहरू राखिएका छन्। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | सम्तेलिङ गुम्बा ( Samteling Gompa) काठमाडौं महानगरपालिका वडा नं. ६ मा, बौद्धनाथ महास्तूपको ठीक पूर्वतर्फ अवस्थित गेलुग (Gelak) सम्प्रदाय अन्तर्गतको एक महत्वपूर्ण तिब्बती बौद्ध गुम्बा हो। सम्तेनलिङ गुम्बाले केवल धार्मिक उपासनामात्र होइन, शिक्षा र सामाजिक सेवामा पनि महत्वपूर्ण योगदान दिँदै आएको छ। यस गुम्बाभित्र सञ्चालन हुँदै आएको गुम्बा विद्यालय "Mahayana Buddhist Progressive Education Center" मा करिब १०० जना विद्यार्थीहरू अध्ययनरत छन्, जसमा नेपालको हिमाली भेगका विपन्न परिवारका बालबालिका समावेश छन्। यहाँ नेपाली, तिब्बती भाषा तथा बौद्ध धर्मका शास्त्र, पूजा–पाठ र अनुशासनसम्बन्धी शिक्षा प्रदान गरिन्छ।<br><br>धार्मिक दृष्टिले सम्तेनलिङ गुम्बाले जप, ध्यान र अनुष्ठानको आध्यात्मिक परम्परालाई संरक्षण गर्दै आएको छ। यहाँ तिब्बती गेलुग परम्पराका लामाहरूले दैनिक पूजा–पाठ, विशेष अनुष्ठान तथा धार्मिक कक्षा सञ्चालन गर्छन्। दाताहरूको इच्छाअनुसार बौद्ध महास्तूपमा ध्वजा चढाउने, स्तूपमा चुन लगाउने, प्रवीण भइसकेका भक्ताहरू नयाँ स्तूप निर्माणका लागि उपलब्ध गराउने तथा ती स्तूपभित्र राख्न बुद्ध मूर्तिहरू निर्माण गरी दिने जस्ता धार्मिक सेवाहरू पनि यस गुम्बाले गर्दै आएको छ।<br><br>यसरी सम्तेनलिङ गुम्बा ऐतिहासिक रूपमा गुरु येशी ग्याल्छेनद्वारा स्थापित एक प्राचीन गुम्बाका रूपमा मात्र नभई, आज पनि बौद्धनाथ क्षेत्रको धार्मिक, शैक्षिक र सांस्कृतिक जीवनको केन्द्रका रूपमा सक्रिय रहँदै गेलुग परम्पराको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। |

| | | |
|---|---|---|
| क्र.सं. | ५७. | |
| १. | ID: | CB3 |
| २. | नाम | त्रिकाल मैत्रेय बुद्ध विहार |
| ३. | मूर्त सम्पदाको प्रकार | गुम्बा |
| ४. | फोटो ID | CB3 |
| ५. | ऐतिहासिकता: | यस विहारको स्थापना अत्यन्त सम्मानित बौद्ध गुरु छोग्ये त्रिचेन रिन्पोछेले सन् १९८९ मा गरेका हुन्। रिन्पोछे शाक्य परम्पराका विशेष योगदान पुऱ्याउने गुरु हुनुहुन्थ्यो। उहाँ सन् १९२० मा तिब्बतको गिगात्से क्षेत्रमा जन्मिनु भएको थियो र १३ औं दलाई लामाले उहाँलाई पूर्ववर्ती छोग्ये रिन्पोछेको पुनर्जन्मका रूपमा मान्यता दिनुभएको थियो। यो गुम्बा बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिमा २०५१ सालमा दर्ता भई गुम्बाले औपचारिक स्वरूप पाएको हो। यसको दर्ता नम्बर १०१ रहेको छ। |
| ६. | स्थान | अवस्थिति: बौद्धनाथ स्तूपको ठीक पश्चिमतर्फ स्थित छ<br>Lat/Long: 27.7215197,85.3611565<br>DMS: 27° 43' 17.47" N \| 85° 21' 40.98" E<br>Elevation: 1346.29 m asl. |
| ७. | सम्पदाको विवरण | त्रिकाल मैत्रेय बुद्ध विहारको मुख्य आकर्षण १२ फिट अग्लो मैत्रेय बुद्धको विशाल प्रतिमा हो, जसलाई "भविष्यका बुद्ध" का रूपमा पूजनीय मानिन्छ। शिरमा मुकुट लगाएको यस बुद्ध मूर्ति गरगहनाले सजिएको छ। यसको दुवै हात धर्म चक्र मुद्रामा देखाइएको छ। गुम्बाको भित्री भित्तामा विभिन्न बौद्ध देवदेवीका मूर्ति लगायत पञ्च बिजुर र धनी ऐश्वर्यको चित्र पनि बनाइएको छ। विहारको वास्तुकला पारम्परिक तिब्बती–नेपाली शैलीमा निर्मित छ, जहाँ रंगीन मण्डला, प्रार्थना झण्डा र बौद्ध प्रतीकहरूको समावेश छ। भित्र प्रार्थना कक्ष, पाठशाला र ध्यान कक्षहरू रहेका छन्, जसमा साधकहरूले ध्यान, पाठ र अनुष्ठान अभ्यास गर्न सक्छन्। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | चेछेन स्येदुपलिङ शाक्य थारिग गुम्बा ( Tsechen Shedup Ling Sakya Tharig Gompa) काठमाडौंको बौद्धनाथ क्षेत्रमा अवस्थित एक ऐतिहासिक शाक्य सम्प्रदायको बौद्ध गुम्बा हो। यो बौद्धनाथ क्षेत्रका प्राचीनतम गुम्बामध्ये एक हो र यस क्षेत्रमा अन्य गुम्बाहरूको विकासमा महत्वपूर्ण प्रेरणा दिएको मानिन्छ। यो गुम्बा भिक्षु र आम जनहरूको लागि धार्मिक अध्ययन, साधना, ध्यान अभ्यास र सामुदायिक कार्यक्रमहरूको केन्द्रको रूपमा कार्यरत छ। यहाँ स्थानीय तथा विदेशी श्रद्धालुहरूले नियमित रूपमा प्रार्थना, जप र ध्यान अभ्यास गर्छन्। |

| क्र.सं. | ५८. | |
|---|---|---|
| १. | ID: | CB4 |
| २. | नाम | छेन स्येद्रुपलिङ साक्य थारिग गुम्बा, बौद्ध |
| ३. | मूर्त सम्पदाको प्रकार | गुम्बा |
| ४. | फोटो ID | CB4 |
| ५. | ऐतिहासिकता: | गुम्बा सन् १९८१ मा छेत्री थारिग रिम्पोछे, पदमाङ फुन्चो र न्यिमा द्वारा स्थापना गरिएको हो। छेत्री थारिग रिम्पोछे साक्या परम्पराका एक अत्यन्त सम्मानित गुरु हुनुहुन्थ्यो जो चीनद्वारा तिब्बतमा कब्जा भएपछि उहाँ नेपालमा शरण लिएर यहाँको धार्मिक जीवन र अभ्यासलाई समृद्ध बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो। गुम्बा निर्माणको लागि जग्गा थिन्लिया लामा द्वारा दान गरिएको थियो। यस गुम्बा बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिमा सन् २०५४ मा दर्ता भई औपचारिक स्वरूप पाएको हो र यसको दर्ता नम्बर १२६ रहेको छ। गुम्बा विकास समिति अन्तर्गत शाक्यपा परम्परामा दर्ता भएको गुम्बा भनेर यसलाई परिचित गराइएको छ। |
| ६. | स्थान | अवस्थिति: बौद्ध, फुलबारी |
| ७. | सम्पदाको विवरण | गुम्बाभित्रको प्रार्थना हल कलात्मक ढंगले सजाइएको छ, जहाँ धेरै साना छ्योर्तेन (स्तूप) र गुरु रिम्पोछे (पद्मसम्भव) का मूर्तिहरू राखिएका छन्। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | चेछेन स्येद्रुपलिङ साक्य थारिग गुम्बा ( Tsechen Shedop Ling Sakya Tharig Gompa) काठमाडौंको बौद्धनाथ क्षेत्रमा अवस्थित एक ऐतिहासिक साक्या सम्प्रदायको बौद्ध गुम्बा हो। यो बौद्धनाथ क्षेत्रका प्राथमिक गुम्बामध्ये एक हो र स्तूप वरपर अन्य गुम्बाहरूको विकासमा महत्वपूर्ण प्रेरणा दिएको मानिन्छ। यो गुम्बा भिक्षु र आगन्तुकहरूको लागि धार्मिक अध्ययन, साधना, ध्यान अभ्यास र सामुदायिक कार्यक्रमहरूको केन्द्रको रूपमा कार्यरत छ। यहाँ स्थानीय तथा विदेशी श्रद्धालुहरूले नियमित रूपमा प्रार्थना, जप र ध्यान अभ्यास गर्छन्। |

| | | |
|---|---|---|
| क्र.सं. | ५१. | |
| १. | ID: | CBS |
| २. | नाम | का–निङ शेड्रुब लिङ गुम्बा |
| ३. | मूर्त सम्पदाको प्रकार | गुम्बा |
| ४. | फोटो ID | CBS |
| ५. | ऐतिहासिकता: | का–निङ शेड्रुब लिङ गुम्बा आधुनिक तिब्बती बौद्ध धर्मको एक महत्वपूर्ण सामाजिक, शैक्षिक तथा आध्यात्मिक केन्द्र हो, जसको स्थापना महान गुरु क्याब्जे टुल्कु उर्गेन रिन्पोछेले गर्नुभएको हो र पछि उहाँका सुपुत्रहरू क्याब्जे चोकी निमा रिन्पोछे तथा क्याब्जे च्वोक्लिङ रिन्पोछेले समय–समयमा विस्तार तथा पुनर्निर्माण गरी आजको स्वरूपमा विकास गर्नुभएको हो। निङ्मा परम्पराका प्रतिष्ठित गुरु टुल्कु उर्गेन रिन्पोछे (१९२०–१९९६) चोग्चेन ध्यान अभ्यासका महान ज्ञाता हुनुहुन्थ्यो। गुम्बाको उद्घाटन सन् १९७६ मा राजा वीरेन्द्रको उपस्थितिमा सम्पन्न भएको थियो र १६ औं कर्मापा रङजुङ रिग्पे दोर्जेले प्रतिज्ञा गरी चोकी निमा रिन्पोछेलाई अबट तथा च्वोक्लिङ रिन्पोछेलाई वज्राचार्य नियुक्त गर्नुभएको थियो। |
| ६. | स्थान | अवस्थिति: बौद्ध स्तूपको उत्तर<br>Lat/Long: 27.7236389,85.3627095<br>DMS: 27° 43' 24.81" N \| 85° 21' 45.75" E<br>Elevation: 1360.19 m asl. |
| ७. | सम्पदाको विवरण | गुम्बाले भिक्षुहरूका लागि Sangye Yeshe Shedra र भिक्षुणीहरूका लागि Tara Cho Nangkyi Shedra सञ्चालन गर्दै किन्डरगार्टेनदेखि उच्च बौद्ध अध्ययनसम्म निःशुल्क शिक्षा प्रदान गर्दै आएको छ, जहाँ माध्यमिक तहपछि नौ वर्ष शास्त्रीय अध्ययन पूरा गरी लोपोन्ला र खेन्पोमा उपाधि प्रदान गरिन्छ साथै इच्छुक भिक्षु र भिक्षुणीका लागि लामो तीन वर्ष ध्यान साधना तथा विभिन्न छोटा–लामा रिट्रिट कार्यक्रम सञ्चालन भइरहेका छन्। सन् २०१२ देखि धर्मज्ञान विद्यालयमार्फत सर्वसाधारणलाई सम्भोटा लिपि, बौद्ध दर्शन, शमथ र विपश्यना ध्यानको प्रशिक्षण दिँदै आएको छ र धर्म शिक्षाहरू विभिन्न भाषामा अनुवाद गरी विश्वभर निःशुल्क उपलब्ध गराइन्छ। अमल पूर्ण कार्यक्रमले योग र ध्यानमार्फत युवाहरूको शारीरिक तथा मानसिक विकासमा योगदान पुर्‍याइरहेको छ साथै क्याब्जे चोकी निमा रिन्पोछेद्वारा स्थापना गरिएको शेन्पेन् सेवा परियोजनाले सामाजिक सेवा गर्दै आएको छ भने काठमाडौं विश्वविद्यालयसँगको सहकार्यमा सञ्चालन भइरहेको बौद्ध अध्ययन केन्द्र (CBS) ले BA, MA र PhD तहसम्म औपचारिक बौद्ध शिक्षा प्रदान गरिरहेको छ |

| | | |
|---|---|---|
| क्र.सं. | १०. | |
| १. | ID: | GB7 |
| २. | नाम | नाम्गेल ल्याङछुब छ्योलिङ गुम्बा |
| ३. | मूर्त सम्पदाको प्रकार | गुम्बा |
| ४. | फोटो ID | GB7 |
| ५. | ऐतिहासिकता: | गुम्बा निर्माणका लागि बौद्ध–तिन्चुली निवासी कमला भन्छुले २०६६ सालमा ६ रोपनी ४ आना ३ पैसा २ दाम क्षेत्रफलको जग्गा दान गर्नुभएको थियो। त्यसपछि बौद्ध जागरण केन्द्रको अगुवाइ तथा धार्मिक श्रद्धालुहरूको सहयोगमा २०७१ सालमा थप १० आना २ दाम क्षेत्रफलको जग्गा खरिद गरिएको थियो। यसरी दान र सामुदायिक सहकार्यका माध्यमबाट गुम्बाको भौतिक पूर्वाधार विस्तार गरिएको हो। टुल्कु लोसाङ नाम्पाल ग्याल्छेनको परिकल्पनाअनुसार २०७७ सालमा "बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति" मा दर्ता भई गुम्बाले औपचारिक स्वरूप पाएको हो। अस्थायी संरचनामा सञ्चालन भइरहेको अवस्थामा २०७५ साल कार्तिक १ गते विद्युत सर्ट सर्किटको कारण आगलागी हुँदा प्रार्थना भवन तथा त्यहाँ रहेका संरचना र सामग्री जलेर ठूलो क्षति पुगेको थियो। त्यसपछि २०७५ सालदेखि भूमिपूजा गरी पुनर्निर्माण कार्य सुरु गरिएको थियो। धार्मिक अनुष्ठानसहित माघ २७ र २८ गते उद्घाटन तथा प्राणप्रतिष्ठा सम्पन्न गरी गुम्बा पुनः सञ्चालनमा ल्याइएको हो। |
| ६. | स्थान | अवस्थिति: तिन्चुली<br>Lat/Long: 27.7279038,85.3691251<br>DMS: 27° 43' 40.45" N \| 85° 22' 8.85" E<br>Elevation: 1361.49 m asl. |
| ७. | सम्पदाको विवरण | गुम्बाभित्रको प्रार्थना हल कलात्मक ढंगले सजाइएको छ, जहाँ थुप्रै माने, चोर्तेन (स्तूप) र गुरु रिन्पोछे (पद्मसम्भव) का मूर्तिहरू राखिएका छन्। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | काठमाडौं महानगरपालिका वडा नं. ६ बौद्ध–तिन्चुलीमा अवस्थित नाम्गेल ल्याङछुब छ्योलिङ गुम्बा बौद्ध दर्शन, शिक्षा र धर्म संरक्षणका उद्देश्यले स्थापना गरिएको एक महत्वपूर्ण धार्मिक केन्द्र हो। गुम्बाका प्रमुख लामा गुरु टुल्कु लोसाङ नाम्पाल ग्याल्छेन हुनुहुन्छ, जसको परिकल्पना र मार्गदर्शनमा गुम्बा सञ्चालन हुँदै आएको छ। गुम्बा विकास समिति अन्तर्गत सिमे सम्प्रदायमा दर्ता भएको यो गुम्बा उक्त परम्परामा दर्ता भएको एक मात्र गुम्बाका रूपमा परिचित छ। सिमे परम्पराले विभिन्न बौद्ध सम्प्रदायबीच सहअस्तित्व, अध्ययन र आध्यात्मिक समन्वयलाई जोड दिने विशेषता बोकेको छ। स्थापनाकालदेखि नै गुम्बाले धार्मिक अनुष्ठान, पूजापाठ, प्रवचन तथा विशेष पर्वहरूमा विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ। २०७३ सालदेखि विभिन्न जिल्लाबाट आएका करिब १० जना भिक्षुहरूलाई गुम्बा शिक्षाको अध्यापन गर्दै आएको |

| | | |
|---|---|---|
| क्र.सं. | ८१. | |
| १. | ID: | GB6 |
| २. | नाम | ग्योन डोङग ओलिङ (कुरुङ) गुम्बा |
| ३. | मूर्त सम्पदाको प्रकार | गुम्बा |
| ४. | फोटो ID | GB6 |
| ५. | ऐतिहासिकता: | काठमाडौं महानगरपालिका वडा नं. ६, बौद्ध टुसाल चोकमा अवस्थित ग्योन डोङग ओलिङ (कुरुङ) गुम्बा निङ्मा परम्पराअन्तर्गत स्थापित एक महत्वपूर्ण तिब्बती बौद्ध साधना केन्द्र हो। वि.सं. २०१८ सालमा स्थापना भएको यस गुम्बाको मूल उद्देश्य दुर्लभ परम्पराका गूढ शिक्षाहरूको संरक्षण, अभ्यास र पुनरुत्थान गर्नु रहेको छ। बौद्ध स्तूप क्षेत्रको आध्यात्मिक वातावरणसँग नजिक जोडिएको यस गुम्बा स्थानीय तथा अन्तर्राष्ट्रिय श्रद्धालुहरूका लागि साधना, अध्ययन र प्रार्थनाको केन्द्र बन्दै आएको छ |
| ६. | स्थान | अवस्थितिः बौद्ध टुसाल चोक<br>Lat/Long: 27.7203543,85.3596016<br>DMS: 27° 43' 13.28" N \| 85° 21' 30.97" E<br>Elevation: 1360.09 m asl. |
| ७. | सम्पदाको विवरण | गुम्बाभित्र रहेको कुरुङ स्तूप (पवित्र धातु अवशेष स्तूप) यसको प्रमुख आध्यात्मिक धरोहर हो। यहाँ दैनिक पूजापाठ, गुरु योग साधना, महागुरु (धूप) अर्पण, दीप प्रज्वलन तथा विशेष अवसरमा महत्वपूर्ण कुन्लेन अनुष्ठान सञ्चालन गरिन्छ। विशेष गरी एक लाख गण्ड छोक (Tsok) अर्पण जस्ता विशाल धार्मिक कार्यक्रमहरूले दुर्लभ परम्पराको जीवित अभ्यासलाई निरन्तरता दिँदै आएका छन्। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | वि.सं. २०६१ साउन २९ गते (९ अगस्ट २०११) भविष्यवाणीअनुसार गुम्बा H.E. Yeshe Sangpo Rinpoche तथा H.E. Khandro Pema Chodronको मार्गदर्शनमा सुस्थिरपछि यहाँका धार्मिक, शैक्षिक र संस्थागत गतिविधिहरू थप सुदृढ भएका छन्। उहाँहरूको नेतृत्वमा गुम्बाले निङ्मा तथा रिमे परम्पराका गूढ तन्त्र साधना, प्रवचन, दीक्षा तथा आध्यात्मिक प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।<br><br>"बौद्ध दर्शन प्रवर्धन तथा गुम्बा विकास समिति" २०६३/०८/२१ मा दर्ता भई गुम्बाले औपचारिक संस्थागत स्वरूप पाएको हो। दर्ता नम्बर २१६५ रहेको यस गुम्बा गुम्बा विकास समिति अन्तर्गत रिमे सम्प्रदायमा दर्ता भएको एक मात्र गुम्बाका रूपमा परिचित छ, जसले यसको विशिष्ट पहिचानलाई अझ प्रष्ट बनाएको छ<br><br>समयसँगै यस गुम्बाले केवल धार्मिक साधनाको केन्द्र मात्र नभई सामाजिक तथा सांस्कृतिक सद्भावको थलोका रूपमा पनि आफ्नो भूमिका विस्तार गर्दै आएको छ। बौद्ध क्षेत्रका अन्य गुम्बाहरू र श्रद्धालु समुदायसँग सहकार्य गर्दै यसले धर्म, करुणा र प्रज्ञाको सन्देश फैलाउने कार्य निरन्तर गरिरहेको छ |
| | | छ, जसले गुम्बालाई पूजा–अर्चना मात्र नभई अध्ययन, साधना र आध्यात्मिक प्रशिक्षणको केन्द्रका रूपमा स्थापित गरेको छ |

| क्र.सं. | ८२. | |
|---|---|---|
| १. | ID: | GB8 |
| २. | नाम | शाप्साङ् गुम्बा (थाउजन्ड बुद्ध गुम्बा) |
| ३. | मूर्त सम्पदाको प्रकार | गुम्बा |
| ४. | फोटो ID | GB8 |
| ५. | ऐतिहासिकता: | यस गुम्बाको स्थापना सन् १९६६ मा थाक्से (Thakse) वंशपरम्परासँग सम्बन्धित गुरु दाजाङ् ङेदेन छोएकी ङिमा पाल्साङ्पो (Dazang Ngeden Chhoeki Ngima Palsangpo) द्वारा गरिएको हो। तिब्बतबाट निर्वासनपछि नेपालमा बौद्ध धर्मको संरक्षण, अध्ययन र साधनालाई निरन्तरता दिने उद्देश्यले यो गुम्बा स्थापना गरिएको थियो। त्यसयता गुम्बा पूजा–पाठ, ध्यान अभ्यास र धर्मशिक्षाको केन्द्रका रूपमा सक्रिय रहँदै आएको छ। |
| ६. | स्थान | अवस्थिति: बौद्धनाथ स्तूपको ठीक सामुन्ने<br>Lat/Long: 27.7219564,85.3624599<br>DMS: 27° 43' 19.04" N \| 85° 21' 44.86" E<br>Elevation : 1337.39 m asl. |
| ७. | सम्पदाको भौतिक विवरण | "थाउजन्ड बुद्ध गुम्बा" नाम गुम्बाभित्र सजिएका हजारौं बुद्धका प्रतिमा तथा भित्तेचित्रहरूका कारण रहन गएको हो। यी प्रतिमाहरूले भद्रकल्पका हजार बुद्धहरूको प्रतीकात्मक प्रतिनिधित्व गर्दछन्, जसले करुणा, ज्ञान र शान्तिको सन्देश दिन्छन्। गुम्बाको वास्तुकला परम्परागत तिब्बती शैलीमा निर्माण गरिएको छ। शाप्साङ् गुम्बा दैनिक पूजा–पाठ, मन्त्रजप, ध्यान साधना तथा बौद्ध दर्शन अध्ययनको केन्द्र हो। यहाँ बसोबास गर्ने भिक्षुहरूले कर्मा काग्यु परम्पराअनुसार साधना र शिक्षण सञ्चालन गर्छन् भने स्थानीय तथा विदेशी भक्तजनहरू यहाँ पूजा, बत्ती बाल्न र आध्यात्मिक शान्ति प्राप्त गर्न आउने गर्दछन्। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | शाप्साङ् गुम्बा, जसलाई "थाउजन्ड बुद्ध गुम्बा" भनेर पनि चिनिन्छ, काठमाडौंको बौद्धनाथ क्षेत्रमा अवस्थित एक महत्वपूर्ण तिब्बती बौद्ध गुम्बा हो। यो गुम्बा कर्मा काग्यु (Karma Kagyu) सम्प्रदाय अन्तर्गत पर्छ, जुन तिब्बती बौद्ध धर्मका प्रमुख चार परम्परामध्ये एक हो। बौद्धनाथ स्तूप नजिकै रहेको यस गुम्बाले धार्मिक, सांस्कृतिक र आध्यात्मिक दृष्टिले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। |

| | | |
|---|---|---|
| क्र.सं. | ९३. | |
| १. | ID: | CB9 |
| २. | नाम | थ्राङ्गु टसी छोइलिङ गुम्बा |
| ३. | मूर्त सम्पदाको प्रकार | गुम्बा |
| ४. | फोटो ID | CB9 |
| ५. | ऐतिहासिकता | सन् १९७६ मा योगिनि खेन्चेन थ्राङ्गु रिन्पोछेद्वारा स्थापना गरिएको यस गुम्बाले बौद्ध शिक्षा, साधना तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनमा निरन्तर महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। संस्थापक रिन्पोछेको नामबाटै गुम्बाको नामकरण गरिएको हो। पछि वि.सं. २०५३ सालमा "बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति"मा दर्ता भई गुम्बाले औपचारिक स्वरूप प्राप्त गरेको हो। यसको दर्ता नम्बर १०८ रहेको छ। |
| ६. | स्थान | अवस्थिति: बौद्धनाथ स्तूपको ठीक सामुन्ने<br>Lat/Long: 27.7224665,85.3634342<br>DMS: 27° 43' 20.88" N \| 85° 21' 48.36" E<br>Elevation: 1346.29 m asl. |
| ७. | सम्पदाको विवरण | थ्राङ्गु गुम्बा, जसलाई "थाउजन्ड बुद्ध गुम्बा" भनेर पनि चिनिन्छ, काठमाडौंको बौद्धनाथ क्षेत्रमा अवस्थित छ। बौद्धनाथको महान स्तूपको ठीक सामुन्ने तथा नजिकै अवस्थित थ्राङ्गु टसी छोइलिङ गुम्बा काग्यु परम्पराको एक महत्वपूर्ण धार्मिक तथा शैक्षिक केन्द्र हो। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | थ्राङ्गु रिन्पोछे सन् १९३३ मा तिब्बतको खाम क्षेत्रमा जन्मनुभएको थियो। पाँच वर्षको उमेरमा उहाँलाई परमपावन सोह्रौँ कर्मापा र ताइ सितुपाले महान् थ्राङ्गु तुल्कुको नवौँ अवतारका रूपमा औपचारिक मान्यता दिएका थिए। बाल्यकालदेखि नै उहाँले थ्राङ्गु गुम्बामा प्रवेश गरी पढाइ-लेखाइ, व्याकरण, कविता, ज्योतिष तथा बौद्ध दर्शनको गहन अध्ययन गर्नुभयो। सन् १९५९ मा चिनियाँ हस्तक्षेपपछि उहाँ भारत पलायन हुनुभयो र सिक्किमको रुम्टेक गुम्बामा कर्मापाको निर्वासनकालीन आवासमा महत्वपूर्ण जिम्मेवारी सम्हाल्नुभयो। निर्वासनकालमै उहाँले गेशे ल्हारम्पा उपाधि प्राप्त गरी 'खेनछेन' जस्तो उच्चतम शैक्षिक सम्मान हासिल गर्नुभयो।<br><br>रुम्टेकमा दुई दशक सेवा गरेपछि उहाँले काठमाडौंको बौद्धनाथमा थ्राङ्गु टसी छोइलिङ गुम्बा स्थापना गर्नुभयो। यस गुम्बाले बालबालिका तथा युवा भिक्षुहरूलाई बौद्ध अध्ययनसँगै आधुनिक विषयहरूको शिक्षा प्रदान गर्दै आएको छ। साथै नमो बुद्धमा ध्यान केन्द्र र कलेज स्थापना गरिएको छ भने विपन्न समुदायका लागि निःशुल्क स्वास्थ्य क्लिनिकसमेत सञ्चालन गरिएको छ। हालसम्म रिन्पोछेद्वारा १२ देशमा ९७ वटा केन्द्र स्थापना भइसकेका छन्। धर्मसम्बन्धी गहिरो ज्ञान र उत्कृष्ट शिक्षण क्षमताका कारण परमपावन दलाई लामाले उहाँलाई परमपावन सत्रौँ कर्मापाका व्यक्तिगत गुरुका रूपमा नियुक्त गर्नुभएको थियो। |

| क्र.सं. | ९४. | |
|---|---|---|
| १. | ID: | GB10 |
| २. | नाम | शेचेन गुम्बा (सिचेन तेन्नी दार्गेलिङ गुम्बा) |
| ३. | मूर्त सम्पदाको प्रकार | गुम्बा |
| ४. | फोटो ID | GB10 |
| ५. | ऐतिहासिकता | शेचेन गुम्बा तिब्बतका न्यिङ्मा परम्पराका छ प्रमुख गुम्बामध्ये एक हो, जुन सन् १९५० को दशकको मध्यतिर तिब्बतमा नष्ट गरिएको थियो। तिब्बतबाट निर्वासनपछि नेपालमा रहँदै आएका परमपूज्य दिल्गो ख्येन्से रिम्पोछेले मूल शेचेन गुम्बाको समृद्ध दार्शनिक, ध्यानात्मक र कलात्मक परम्परालाई पुनर्स्थापना गर्ने उद्देश्यले काठमाडौं महानगरपालिका, बौद्ध क्षेत्रमा सन् १९८० मा शेचेन तेन्नी दार्गेलिङ गुम्बाको निर्माण शुरु गरेको गुम्बा झण्डै दुई वर्ष लगाएर निर्माण सम्पन्न गरेका थिए। वि.सं. २०५५ सालमा 'बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिमा दर्ता' (दर्ता नं. ९५८ छ) भई गुम्बाले नेपालमा औपचारिक संस्थागत स्वरूप प्राप्त गरेको हो। |
| ६. | स्थान | अवस्थिति: बौद्धनाथ स्तूपको ठीक सामुन्ने<br>Lat Long: 27.7236473,85.3606105<br>DMS: 27° 43' 25.13" N \| 85° 21' 38.2" E<br>Elevation: 1338.39 m asl. |
| ७. | सम्पदाको विवरण | गुम्बाको मुख्य मन्दिरका भित्ताहरू चार प्रमुख तिब्बती बौद्ध सम्प्रदायका महत्वपूर्ण गुरुहरूको जीवनकथा झल्काउने आकर्षक भित्तेचित्रहरूले सजाइएका थिए गुम्बा परिसरमा १५० भन्दा बढी मूर्तिहरू स्थापना गरिएका थिए। यस गुम्बा परिसरमा बौद्ध क्षेत्रकै सबैभन्दा ठूलो पुस्तकालय रहेको छ यद्यपि, सन् २०१५ को विनाशकारी भूकम्पका कारण गुम्बाको मुख्य संरचनामा ठूलो क्षति पुगेको थियो। |
| ८. | धार्मिक, सांस्कृतिक महत्व | हाल शेचेन गुम्बाका प्रमुख गुरु सातौं शेचेन रब्जाम रिम्पोछे हुनुहुन्छ, जो दिल्गो ख्येन्से रिम्पोछेका नाति तथा आध्यात्मिक उत्तराधिकारी हुनुहुन्छ उहाँकै नेतृत्वमा अहिले गुम्बाले आफ्नो धार्मिक, शैक्षिक र सांस्कृतिक गतिविधिलाई निरन्तरता दिँदै आएको छ गुम्बामा करिब ३५० भिक्षुहरू अध्ययन तथा बसोबास गर्दै आएका छन् उनीहरूले बौद्ध दर्शनका साथै संगीत, नृत्य र थाङ्का चित्रकलाजस्ता परम्परागत कलाको शिक्षा पनि प्राप्त गर्छन् गुम्बासँग सम्बद्ध 'शेचेन महाबौद्ध विद्यालय' नामक एकीकृत प्राथमिक विद्यालयमा पाँचदेखि चौध वर्ष उमेरका करिब १८० बालकहरूलाई परम्परागत बौद्ध अध्ययन र आधुनिक पाठ्यक्रम समेटिएको समग्र शिक्षा प्रदान गरिन्छ।<br><br>सन् १९८९ मा रब्जाम रिम्पोछेले गुम्बाभित्रै 'शेचेन उच्च बौद्ध अध्ययन संस्था' (शेद्रा) स्थापना गर्नुभएको थियो। यस शैक्षिक संस्थामा १२० भन्दा बढी विद्यार्थीहरूले नौ वर्षे गहन पाठ्यक्रममा अध्ययनरत छन् यहाँबाट स्नातक भएका धेरै विद्यार्थीहरू विभिन्न देशहरूमा बौद्ध धर्मका शिक्षकका रूपमा सेवा गरिरहेका छन्। गुम्बाले भिक्षुहरूको सम्पूर्ण शिक्षाको व्यवस्था गर्नुका साथै उनीहरूको खाना, बसोबास, लत्ताकपडा र |

| | | |
|---|---|---|
| | | स्वास्थ्य उपचारसम्बन्धी सम्पूर्ण खर्च व्यहोर्दै आएको छ कुवा नजिकै पर्यटक तथा तीर्थयात्रीहरूका लागि "सेभेन गेस्ट हाउस" सञ्चालनमा रहेको छ |

स्रोत सन्दर्भसूची


ग्झल, प., र खतिवडा, सो. प्र. (२०५५)। *नेपालको कला र वास्तुकला*. एम. के. पब्लिशर्स एण्ड डिस्ट्रिब्युटर्स।

पन्त, दि. (सम्पादक)। (२०६५). *संक्षिप्त वंशावली*. काठमाडौं : डिल्लारमण कल्याणलोचन जोशी स्मारक प्रतिष्ठान।

भाजुली, पुण्य प्रसाद। (२०७७)। बौद्धमार्गीको नजरमा झ्याबड ख्यास्योर। सम्पूर्ण कुमार लामा (प्रधान सम्पादक) र फुर्बु पाउली लामा (सम्पादक), *बौद्धदर्शन स्मारिका* (पृ. ४९–५१)। श्री बौद्धनाथ क्षेत्र विकास समिति।

पौडेल, न. (२०२०) *भाषा वंशावली भाग १*। काठमाडौं: पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय।

बौद्ध महास्तूपको संक्षिप्त इतिहास. (२०६४)। (टी. शेर्पा, स. कुमार लामा, र म. शाक्य [सम्पादक]; म. शाक्य र टी. शेर्पा [अनुवादक])। थुप्तेन काल्साङ, तामाङ, किरण कुमार लामा, र आङबाबु शेर्पा।

तामाङ, श. (२०८१, चैत्र २१)। चैत्र पूर्णिमाको बौद्ध–सिङ्बोन तामाङ जात्रा *सैलुङ अनलाइन* https://www.sailungonline.com/127478/11/04/2025

रञ्जितकार, ज. बा. (२०८८)। *२२ सय वर्ष पुरानो ऐतिहासिक चारुमती स्तूप*. बि.सु.। नेपालभाषा अभ्यासनपत्रिका बुद्धिष्ट मिशन नेपाल।

लामा, छ. (२०७८) बौद्ध स्तूप निर्माणको इतिहास, स्तूप संरक्षणमा तामाङको भूमिका, छिनियाँ लामा वंश परम्परा र भविष्य *स्मारिका* २०७८ (टासी कुमार लामा, सम्पूर्ण कुमार लामा र छाइनजीत लामा [सम्पादक], पृ. ८४–९२)। श्री बौद्ध तामाङ कल्याण गुठी।

लामा, छ. (२०८१) बौद्ध क्षेत्रकी अजिमा ल्हामो वा ममो पुकासी : पुर्खौ रूपमा, *स्मारिका* २०८१ (बीरबहादुर वाइबा (मनकाजी), सम्पूर्णकुमार लामा, टासीकुमार लामा, र अमित लामा [सम्पादक], पृ. ७२–७७)। ओम तामाङ सुख–दुःख गुठी।

लामा, मुकेश (वर्ष अज्ञात)। *पेमा ज्युङ्ने : गुरु पद्मसम्भवको जीवन र मुक्ति* (अनुवादक तथा प्रकाशक)।

लामा, स. (२०६४) बौद्धस्तूप: हिजो, आज र भोलिको सन्दर्भमा *स्मारिका* २०६४ (सम्पूर्णकुमार लामा, सम्पादक, पृ. १–५)। श्री बौद्ध घ्याङ गुठी।

शेहाब, ए. सुबोल। (२०८०)। *नेपालमा बौद्ध धर्मविश्लेषण (आलोकप्रदीप)*, भाग एक अनुसन्धान केन्द्र, लुम्बिनी बौद्ध विश्वविद्यालय, नेपाल बौद्ध महायान केन्द्र।

Bajracharya, M., & Michaels, A. (Eds.). (2016). Nepalikabhupavamsavali: History of the Kings of Nepal. A Buddhist Chronicle. Himal Books for Social Science Baha.

Dhakal, D. (2019). *Historical analysis of Bauddha Stupa, Kassap Buddha and Shringa Rishi*. Research Nepal Journal of Development Studies, 2(2), 63–71. https://doi.org/10.3126/rnjds.v2i2.29278

Douglas, K., & Bays, G. (Translators). (1978). *The life and liberation of Padmasambhava* (Vols. 1–2). Dharma Publishing.

Dowman, K., & Mchog-Gyur-Gling-Pa, G. (1973). *The legend of the Great Stupa : and, the life story of the Lotus Born guru*. Dharma Publishing.

Dowman, K. (2002). *The great stupa of Boudhanath : the Tibetan legend of the Great stupa translated with an introduction*. Robin Books.

Ehrhard, F.-K. (2013). *Buddhism in Tibet and the Himalayas*. Vajra Publications.

Fatima, W. (2024). Architectural history of Stupa. *International Journal of Creative Research Thoughts (IJCRT)*, 12(8), 47-55. https://ijcrt.org/papers/IJCRT2408228.pdf

Karki, B., & Shrestha, S. Y. (2016). *The Great Boudha Stupa*. Shree Boudhanath Area Development Committee.

Lama, M., Church, M., Dunham, C., Dowman, K., & Le Clerq, S. (2019). *Boudha: Restoring the Great Stupa* (M. Dowman & P. Ross, Editors). Vajra Books.

Lévi, S. (1990). *Nepal: Historical study of a Hindu kingdom* (Reprinted from *Ancient Nepal* journal, 1973–1990). Department of Archaeology, Nepal.

**Raper, P. E. (2004)**. *New dictionary of South African place-names*. Jonathan Ball Publishers.

Oldfield, H. A. (2005). *Sketches from Nepal: Historical and descriptive* (Vol. 2). Asian Educational Services. (Original work published 1880).

Shrestha, S. R. M. (2001). *Manadeva, his ancestors and their abhijana*. Ancient Nepal, (159), 1–12. Retrieved from https://himalaya.socanth.cam.ac.uk/collections/journals/ancientnepal/pdf/ancient_nepal_159_01.pdf

Slusser, M. S. (1982). *Nepal Mandala*. Princeton University Press.

UNESCO. (1972). *Convention concerning the protection of the world cultural and natural heritage*. https://whc.unesco.org/archive/convention-en.pdf

Vajracharya, D., & Malla, K.P. (1985). The Gopalrajavamsavali, Wiesbaden: Franz Steiner Verlag GmbH.

Wright, D. (1990). *History of Nepal*. Asian Educational Services. (Original work published 1877)

Yeshe Tsogyal. (1999). *Lotus-born: The life story of Padmasambhava* (E. P. Kunsang, Trans.; M. B. Schmidt, Ed.; Revealed by Nyang Ral Nyima Oser; Foreword by Dilgo Khyentse Rinpoche; Clarification by Tsele Natsok Rangdröl). Shambhala Publications. (Original work composed ca. 8th century)

BDH1









BOH2



BO H3





BDH4











BD H6





BD H7





























BDH6



फोटो ID BDH9



BCH 10



BQH11



BOH12



BDH13



BDH14



BOH15



BDH16





फोटो ID BDH I7



BDH18



BDH19



BOH20



BDH21



BDH22



BDH23



BOH24



BDH28



BDH29



## खण्ड २. बौद्ध सम्पदा क्षेत्र अन्तर्गत रहेका धारा, कुवाहरू





WATS2





WATS3






WAT54







WAT55





WAT56





WATS7





WAT58





WATS10





WAT 59





WATSI I





WATS12





WATSI3





WATSI4





WATSIS





WATS16





खण्ड ३. बौद्ध सम्पदा बाहेक भक्तपुरका अन्य धार्मिक सांस्कृतिक सम्पदाहरू





BOH32





BDH33





BDH34





BDHB5







BDHB6





BDHB7





BDHB8





खण्ड ४ बौद्धनाथ क्षेत्र भित्रका संरचनाहरू

CB2





C82



C53



C14



C65



C136



GB7



फोटो ID:GB8



फोटो ID :८३९



फोटो ID:CB10

